## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६१ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा Phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमुलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ बैशाख - जेठ अंकदेखी नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक

**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

ISSN 2661-6122

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ    वर्ष ६३, अङ्क २ असार - साउन २०७८




**सिन्धुपाल्चोक जिल्लामा बाढी पहिरोबाट प्रभावितहरूलाई उद्धार गर्दै नेपाल प्रहरी ।**

**न त हिलो-धुलो भन्छौं न त वर्षे झरी,**
**नगर -गाउँ सुरक्षा नै हाम्रो जिम्मेवारी ।**

- नेपाल प्रहरी

# प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६३ अङ्क : २ २०७८ असार-साउन



**प्रमुख सल्लाहकार**

प्र.व.उ. बसन्त बहादुर कुवँर

**सल्लाहकार**

प्र.उ. ओमबहादुर राना

प्र.उ. सविन प्रधान

**प्रधान सम्पादक**

प्र.ना.उ. चन्चला श्रेष्ठ

**सम्पादक**

प्र.नि. होमबहादुर थापा

प्र.ना.नि.सरस्वती बुढाथोकी

**कम्प्युटर**

प्र.नि.कल्पना अधिकारी

प्र.ना.नि.संगीता कार्की

**आवरण**

अनुराग

**प्रकाशक**

प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## विपद् व्यवस्थापनमा नेपाल प्रहरी

नेपालमा वर्षेनी प्राकृतिक विपद्का घटनाहरू भइरन्छन् । असार/साउन जस्तो वर्षातको बेला बाढीपहिरो, डुवान तथा अन्य समयमा आगलागीलगायतका प्राकृतिक प्रकोपका घटनाले धनजनको क्षति हुने गरेको छ । विगतमाझैं यस वर्ष पनि असारको सुरूमै भिषण वर्षाको कारण आएको बाढीपहिरो र डुबानले गर्दा ठूलो विपद् आइलाग्यो । यसले देशभर प्रभाव पारे पनि सिन्धुपाल्चोकको मेलम्ची र हेलम्बु क्षेत्रमा धनजनको निकै ठूलो क्षति भयो । लगातारको वर्षाको कारण मेलम्ची नदीमा आएको बाढीले घर, पुल लगायतका भौतिक संरचनामा क्षति पुग्यो ।

यसरी वर्षेनी हुने धनजनको क्षति न्यूनिकरण गर्न नेपाल प्रहरीले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नेपाल प्रहरीको कार्ययोजना '२०७७' मै विपद् व्यवस्थापनको संगठनात्मक क्षमता अभिवृद्धि गर्ने शीर्षक समेटी सोही अनुरूपको काम अगाडि बढाएको छ । विपद् उद्धार सामग्री व्यवस्थापनका लागि नेपाल प्रहरीले विपद् व्यवस्थापनको लागि नेपाल प्रहरी र प्रदेश प्रहरीको क्षमता (साधनस्रोत सहित) मापदण्ड '२०७७' तयार गरिएको छ । साथै नेपाल प्रहरी मातहत गणहरूलाई विपद् व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्न नेपाल प्रहरी मातहत गणमा विपद् व्यवस्थापन दक्ष विशिष्टिकृत जनशक्ति विकास कार्ययोजना प्रतिवेदन '२०७७' तयार गरिएको छ । विपद् व्यवस्थापन गुल्महरूको दक्षता, क्षमता अभिवृद्धि गर्न प्रदेश विपद् व्यवस्थापन गुल्महरूको दक्षता अभिवृद्धि कार्ययोजना

'२०७७' तयार गरिएको छ । विपद् व्यवस्थापन तालिम केन्द्र निर्माण गर्न तालिम केन्द्रका लागि सम्भावित स्थानसमेत पहिचान गरी नेपाल प्रहरी विपद् व्यवस्थापन तालिम केन्द्र विकास योजना प्रतिवेदन '२०७७' तयार गरिएको छ । यी योजनाले निश्चय नै विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन दीर्घकालीन रूपमा सहज बनाउने छन् ।

विपद्का बेला प्रभावित स्थानहरूमा क्षति न्यूनीकरण र उद्धारमा सम्बन्धित प्रहरी कार्यालयबाट प्रहरी कर्मचारीहरू उद्धारमा सक्रिय रूपमा संलग्न रहे । बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने, अवरोध सडक हटाउने काम समेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा प्रहरीले गरिरह्यो । यस वर्ष सबैभन्दा बढी प्रभावित सिन्धुपाल्चोकको मेलम्ची र हेलम्बुमा नेपाल प्रहरीले माइकिङ गरी सचेतनामूलक काम गरेकोले अझै ठूलो मानवीय क्षति हुन पाएन । आवश्यक उद्धार कार्यपछि बाढी पीडितहरूलाई नेपाल प्रहरी अस्पतालका २३ जना विशेषज्ञ चिकित्सकहरूले २ दिनसम्म निःशुल्क मेडिकल क्याम्प सञ्चालन गरी उपचार तथा निःशुल्क औषधि वितरण गरे । प्राकृतिक प्रकोपका बेला सबैभन्दा पहिले खटिने नेपाल प्रहरी नै हो । केन्द्रमा विपद् व्यवस्थापन महाशाखा र अन्यत्र सम्बन्धित नजिकका प्रहरी इकाईहरूबाट तत्काल खटिने व्यवस्था छ जुन अत्यन्त सराहनीय कार्य हो ।

विपद्को कारण यस वर्ष चार अर्ब ३२ करोड नौ लाख १२ हजार ९६ रूपैयाँ मूल्य बराबरको धनमाल क्षति भएको छ । प्रहरी प्रधान कार्यालयको तथ्याङ्क अनुसार आ.व. २०७५/०७६ मा ३५०९ वटा, आ.व. २०७६/०७७ मा ३,३७८ वटा र आ.व. २०७७/०७८ मा ५,०४० वटा विपद्का घटना भए । ती घटनामा परी आ.व. २०७५/०७६ मा १,३६८ जना, आ.व. २०७६/०७७ मा १,११८ जना र आ.व. २०७७/०७८ मा १,०७६ जना घाइते भए । विपद्का घटनामा परी आ.व. २०७५/०७६ मा ३३० जना, आ.व. २०७६/०७७ मा ३७० जना र आ.व. २०७७/०७८ मा ५०१ जनाले ज्यान गुमाए । घटनामा खोज, उद्दार, राहत र पुनःस्थापना लगायतका विपद् व्यवस्थापनका लागि आ.व. २०७५/०७६ मा २६,५२८ जना, आ.व. २०७६/०७७ मा २४,१५७ जना र आ.व. २०७७/०७८ मा ३४,०२७ जना प्रहरी कर्मचारी परिचालन गरिए ।

प्राकृतिक विपत्ति चाहेर आउने हैन तर समयमै सतर्कता अपनाउन सके यसबाट हुन सक्ने धनजनको क्षति न्यूनिकरण गर्न सकिन्छ । यसका लागि नेपाल प्रहरीले अन्य सुरक्षा निकाय लगायत सरोकारवाला सबैसँग हातेमालो गरी काम गर्दै आएको छ । यसमा सबैको साथ सहयोग हुन सके प्राकृतिक प्रकोपबाट हुने भौतिक तथा मानवीय क्षति न्यूनिकरणमा उल्लेख्य सहयोग पुग्नेछ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


♦ बाल न्यायको सम्पादनमा अनुसन्धानकर्ताको.. ✍ सहन्यायाधिवक्ता संजीवराव रेग्मी १
♦ सजाय निर्धारणका सिद्धान्त ✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी ७
♦ प्रहरी कार्य सम्पादनस्तर वृद्धिका ...... ✍ प्र ना म नि डा देव बहादुर बोहरा १८
♦ महिलाले अपराध किन गर्छन् ? ✍ प्रकाश कुमार अधिकारी ४१
♦ आर्थिक अपराध अनुसन्धानमा देखिएका.... ✍ प्र ना उ मोहन कुमार थापा ५४
♦ नेपालमा सामाजिक सञ्जाल र अपराध ✍ प्र नि बुद्धि प्रसाद सुवेदी ७२
♦ प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था ..... ✍ प्र ना नि सरस्वती बुढाथोकी ९४


## साहित्य / विविध


♦ ज्ञान विज्ञान योग ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत १४
♦ खाल्टो ✍ हरिप्रसाद भण्डारी १७
♦ यालबाङको हालखबर ✍ युवराज नयाँघरे ३३
♦ जँड्याहाको सपना ✍ घनबहादुर थापा ४८
♦ महालक्ष्मीको उपासना ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' ६८
♦ मेरो मानसपटलमा चीनको ग्रेटवाल ✍ रेणु अधिकारी मौनता ७७
♦ प्रकृति, प्रवृत्ति र पर्यावरण ✍ राजेशमान के सी ८१
♦ फ्राइड राइस ✍ सिन्धिया श्रेष्ठ ८५
♦ वरपिपल चिउरी र सिमल ✍ ईन्द्रकुमार श्रेष्ठ ८९
♦ नसोचेको माया ✍ प्र स नि मनिष अर्याल ९९
♦ आमा गए है ✍ प्र स नि बल बहादुर थापा मगर १०४
♦ रमाइलो परिवार ✍ छायादत्त न्यौपाने 'बगर' १०५
♦ बन्दाबन्दीमा बालबालिका र सिर्जनशीलता ✍ यशु श्रेष्ठ १०७

## गीत / कविता/ गजल


| | | |
|---|---|---|
| ♦ कविता | ✍ मनिष प्रयत्न | १३ |
| ♦ गजल | ✍ प्र ह मान बहादुर बोहरा | ४० |
| ♦ मुक्तक | ✍ आकृती खड्का | ४७ |
| ♦ घामको झुल्काले धर्ती छुनु अघि | ✍ संयम श्रेष्ठ | ५३ |
| ♦ रुख | ✍ सरस्वती श्रेष्ठ 'सरु' | ७१ |
| ♦ मुक्तक | ✍ अरुण खत्री 'नदी' | ७६ |
| ♦ मुक्तक | ✍ बद्री प्रसाद ढकाल | ८० |
| ♦ मुक्तक | ✍ गणेश तामाङ | ८४ |
| ♦ कोभिडबाट बचौं | ✍ प्र ना नि घनश्याम नेपाल | ८८ |
| ♦ प्रहरी जीवन | ✍ मिम बहादुर लामा | ९३ |
| ♦ गीत | ✍ होम थापा | ९८ |
| ♦ त्यै मोरी | ✍ दिपकराज विश्वकर्मा | १०६ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ रसबस | सङ्कलन : प्र ह शरणजंग भण्डारी | ११० |
| ♦ इतिहासको पानाबाट | | १११ |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी | सङ्कलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | सङ्कलनः प्र स नि जनक आचार्य | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# बाल न्यायको सम्पादनमा अनुसन्धानकर्ताको जिम्मेवारी



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

बालबालिका सम्बन्धी ऐन २०७५ ले बाल अनुकूल न्यायको हकको संरक्षण गर्न र बाल न्यायका मान्यताहरूलाई कार्यान्वयन गर्न महत्वपूर्ण व्यवस्थाहरू गरेको छ । बाल न्याय सम्बन्धमा अनुसन्धान गर्ने जिम्मेवारीमा रहेका प्रहरीको भूमिका महत्वपूर्ण रहेको छ । बालबालिकाले गरेको कसूरजन्य कार्यमा अनुसन्धानका कार्यविधिगत व्यवस्थाहरू वयस्कले गरेको कसूरमा भन्दा फरक रहेका छन्। अनुसन्धानको क्रममा व्यक्तिगत विवरणको गोपनियता राख्ने, निगरानीमा राख्ने दिशान्तरको प्रकृया अवलम्बन गर्ने लगायतका कानूनी व्यवस्था बालबालिका सम्बन्धी ऐनले गरेको छ। समग्रमा अनुसन्धान कारबाहीको लागि बाल न्याय कार्यविधिको मान्यता समावेश गरिएको छ। उक्त कानूनी व्यवस्थाको

## १. बाल न्यायको अवधारणा

बालबालिकाले गरेको कसूरजन्य कार्यसँग सम्बन्धित कानूनी प्रकृयाको समग्र पक्ष बाल न्यायसँग सम्बन्धित छ । बालबालिकाले परिणामको अपेक्षा नगरी फरक ढंगले कसूरजन्य कार्य गर्ने भएकाले त्यस्ता कार्यको लागि वयस्क सरह उत्तरदायी बनाउनु हुँदैन भन्ने बाल न्यायको अवधारणागत मान्यता हो। बालबालिकाबाट भएका कसूरजन्य कार्यका लागि अनौपचारिक प्रकृयाबाट विवाद समाधान गर्ने, पुनर्स्थापना तथा सुधारका उपायहरू अवलम्बन गर्ने, उत्तरदायी बनाउनुपर्ने अवस्थामा अलग्गै कानूनी प्रकृयाको माध्यमबाट कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन गर्ने तथा न्यायिक कारबाही अपनाउने कुरा बाल न्यायका विषय हुन्। बालबालिकाले गरेका फौजदारी कार्यमा बालमैत्री अनुसन्धान कार्यविधि र बाल अनुकूल न्यायिक प्रकृयाको अवलम्बन गर्ने कार्य बाल न्यायको आधारभूत पक्ष हो। बालबालिका सम्बन्धी छुट्टै कानून, अलग कार्यविधि र बाल अदालतको व्यवस्था बाल न्यायको महत्वपूर्ण आधार हो।

पालना र कार्यान्वयन अनुसन्धान अधिकारीले गर्नुपर्दछ।

**२. कसूरको अनुसन्धान सम्बन्धी जिम्मेवारी**

बालबालिकाले गरेका कसूरजन्य कार्यको अनुसन्धानका सम्बन्धमा निम्न भूमिका रहेको छः

**क**) अनुसन्धानकर्ता बाल न्यायको तालिम प्राप्त प्रहरी कर्मचारी हुनुपर्नेः बालबालिकाले ं(
गरेको कसूरजन्य कार्यको अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालयमा कार्यरत बाल न्याय सम्बन्धी तालिम प्राप्त कर्मचारीलाई अनुसन्धानकर्ता तोक्नु पर्दछ । बालबालिका उपरको कसूरको अनुसन्धान विधि र प्रकृया फरक हुने हुँदा अनुसन्धान अधिकारीले बाल न्याय सम्बन्धी तालिम लिएको हुनुपर्ने व्यवस्था समेटिएको देखिन्छ । बाल न्याय सम्बन्धी तालिम प्राप्त प्रहरीलाई मात्र अनुसन्धान अधिकारी तोक्नुपर्ने र त्यस्ता प्रहरीले मात्र कसूरको अनुसन्धान गर्नुपर्ने हुन्छ।

**ख) कसूरको अनुसन्धानका लागि आरोपित बालबालिकालाई नियन्त्रणमा लिने सम्बन्धी जिम्मेवारी**

बालबालिका विरूद्ध कुनै कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले दर्ता गरी गोप्य तवरबाट अनुसन्धान प्रारम्भ गर्नुपर्दछ। यसरी अनुसन्धान प्रारम्भ भएको बालबालिकाको परिचयात्मक विवरण गोप्य राखी सांकेतिक नाम दिई अनुसन्धान कारबाही अगाडि बढाउनु पर्दछ। यस सम्बन्धमा निम्न कार्यविधि अवलम्बन गर्नुपर्दछ।

- अनुसन्धानका लागि आरोप लागेको बालबालिकालाई नियन्त्रणमा नलिई नहुने भएमा मात्र नियन्त्रणमा लिने, नियन्त्रणमा लिएकोमा कुन कसूरको आरोपमा नियन्त्रणमा लिएको हो सोही व्यहोराको पूर्जी दिने,
- नियन्त्रणमा लिईएको सूचना सम्बन्धित बालबालिकाको परिवारको सदस्य, सदस्य नभए संरक्षक, संरक्षक नभए नजिकको नातेदारलाई तोकिएको ढाचाँमा दिने,
- नियन्त्रणमा राख्न आवश्यक नदेखिएमा परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउने,
- अनुसन्धानकर्ताले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउने,
- बालबालिकालाई नियन्त्रणमा लिनु पर्दा सो को कारण खुलाई आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउने,
- नियन्त्रणमा लिईएको बालबालिकालाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुभ्mने भाषामा जानकारी गराउने,
- बालबालिकाको बाबु आमा वा कम्तिमा एक जनालाई र बाबु आमा नभए निजको परिवारको सदस्य वा

संरक्षकलाई बालबालिका उपर लागेको आरोपको सम्बन्धमा सूचना दिने,

♦ नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरुन्तै बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने,

♦ आवश्यकता अनुसार बाल मनोविज्ञको परामर्श वा मनोसामाजिक सहयोग उपलब्ध गराउने,

♦ समाजसेवीबाट बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउने,

♦ कुनै लिखत तयार गर्दा बालबालिकाको बाबु आमा भएसम्म दुवै जना वा कम्तिमा एकजना र बाबु आमा नभए निजको परिवारको सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहवरमा राख्नुपर्ने,

♦ नियन्त्रणमा लिइएको जानकारी तुरुन्त जिल्ला बाल न्याय समिति वा केन्द्रीय बाल न्याय समितिलाई गराउने,

♦ नियन्त्रणमा लिएको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काईस दिनसम्म मात्र निगरानी कक्षमा राख्ने,

♦ छुट्टै कानून व्यवसायीको सेवा लिएकोमा बाहेक निःशुल्क कानूनी सहायता प्रदान गर्ने सम्बन्धमा वैतनिक वकिल वा जिल्ला कानूनी सहायता समिति वा सम्बन्धित बार एकाइलाई जानकारी गराउने,

**ग) आरोपित बालबालिकालाई सोधपुछ गर्ने सम्बन्धमा**

अनुन्धानकर्ताले कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई सोधपुछ गर्दा निजको बाबुआमा वा संरक्षक वा बालकल्याण अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नुपर्दछ । बालबालिकालाई सोधपुछ गर्दा निम्न अनुसार गर्नुपर्ने हुन्छ।

♦ बालबालिका जवाफ दिन सक्ने अवस्थामा रहे वा नरहेको एकीन गर्ने,

♦ निजको बाबु आमा वा संरक्षक वा बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहबरमा राख्ने,

♦ निजलाई सोधिएको कुराको उत्तर दिन सक्ने बालमैत्री वातावरण बनाई सोधपुछ गर्ने,

♦ कसूरजन्य कार्यको आरोपमा बालबालिकाको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्ने,

♦ निजले बुझ्ने भाषामा सोधपुछ गर्ने,

♦ रातको समयमा सोधपुछ नगर्ने, दिनमा सोधपुछ गर्दा एकपटकमा एकघण्टा भन्दा लामो समयसम्म सोधपुछ नगर्ने,

♦ कसूरमा सावित हुन प्रेरित नगर्ने,

♦ सार्वजनिक रूपमा सोधपुछ नगर्ने र सोधपुछका लागि छुट्टै कोठा वा स्थानको व्यवस्था गर्ने,

**घ) निगरानी कक्षमा राख्ने**

कसूरजन्य कार्यमा नियन्त्रणमा लिइएको बालबालिकालाई निगरानी कक्षमा राख्नु पर्दछ। यसलाई हिरासतको रूपमा बुझ्नु हुदैन। बाल अदालत वा बाल इजलासको अनुमति लिएर मात्र निगरानी कक्षमा राख्नु पर्दछ। निगरानी कक्ष स्थापना नभएसम्म प्रत्येक जिल्ला प्रहरी कार्यालयमा अलग्गै निगरानी कक्ष व्यवस्था गर्नुपर्दछ। निगरानी कक्षमा राखिने बालबालिकाको सहयोगको लागि परिवारको कुनै सदस्य बस्न चाहेमा समय र शर्त तोकी बस्न दिनुपर्दछ। यस्तो कक्षमा बालबालिकाको लागि आवश्यक न्युनतम सुविधाको व्यवस्था हुन अनिवार्य हुन्छ ।

**ङ) गोपनियता कायम गर्ने**

अनुसन्धान अधिकारीले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको व्यक्तिगत विवरण गोप्य राख्नुपर्दछ । यस अन्तर्गत आरोप लागेका बालबालिकाको नाम, थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धी कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण पर्दछ। परिचयात्मक विवरण गोप्य राखी साङ्केतिक नाम दिई कारबाही गर्ने र सो विवरण सावर्जनिक नगराउने र गर्न नदिने कुरामा अनुसन्धान अधिकारी सजग हुनुपर्दछ।

**च) दिशान्तर गर्ने**

कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई औपचारिक न्यायिक प्रकृया भन्दा बाहिर लैजाने कार्य दिशान्तर हो। बालवालिकाको सर्वोत्तम हितका लागि दिशान्तर गर्न मनासिव भएमा दिशान्तर गर्न सकिन्छ। अनुसन्धान अधिकारीले बालबालिकाले गरेको पाँच हजार रूपैयासम्म बिगो भएको वा दुई हजारसम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्ने कसूर सम्बन्धी विवादमा दिशान्तर गर्नसक्ने अधिकार रहेको छ। दिशान्तर गर्दा यस सम्बन्धी प्रकृया र आधारको पालना गर्नुपर्दछ।

दिशान्तर गर्दा बालबालिकाको आर्थिक सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्न लगाई प्रतिवेदन लिनुपर्ने हुन्छ। प्राप्त प्रतिवेदन तथा दिशान्तर गर्ने अवस्था भएमा आधार कारण खुलाई अनुसन्धान अधिकारीले दिशान्तर गर्ने निर्णय गर्नुपर्दछ। अनुसन्धान अधिकारीले दिशान्तर गरेकोमा सो को निर्णयको प्रतिलिपी केन्द्रीय बाल न्याय समिति, बाल अदालत र सरकारी वकिललाई दिनुपर्ने  हुँदा यस कुरामा ध्यान दिनुपर्दछ।

**छ) उमेर कायम गर्ने जिम्मेवारी**

बालबालिकाको उमेर कायम गर्दा देहाय बमोजिमका कुरालाई आधार लिनुपर्ने व्यवस्था रहेको हुँदा अनुसन्धान प्रकृयामा यी कुरालाई आधार बनाउनु पर्दछः

- अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति,
- सो नभएमा स्थानीय पंजिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,
- जन्म दर्ता प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति,
- चारित्रिक प्रमाणपत्र वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,
- सो पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण।

**ज) अनुसन्धान प्रतिवेदन तयारी**

बालबालिकाले गरेको कसूरजन्य कार्यमा संकलित प्रमाणका आधारमा अनुसन्धान प्रतिवेदन तयार गर्ने र सरकारी वकिल समक्ष पेश गर्ने जिम्मेवारी अनुसन्धान अधिकारीमा रहेको छ। यसका लागि बालबालिकालाई हुने सजाय सम्बन्धी ऐनको दफा ३६ को व्यवस्थालाई हेक्का राख्नुपर्दछ। दश वर्ष भन्दा कम उमेरको बालबालिकाले गरेको कार्यमा कुनै सजाय नहुने र मुद्दा नचलाईने हुँदा सोही अनुसार अनुसन्धान प्रतिवेदन तयार गर्नुपर्दछ। बालबालिकालाई पटकेको आधारमा थप सजाय नहुने हुँदा त्यस तर्फ विचार गर्नुपर्दछ।

बालबालिकाले गरेको कसूरजन्य कार्यको हकमा प्रचलित कानूनमा मुद्दा हेर्ने क्षेत्रिधकार जुनसुकै अदालत वा न्यायिक निकायमा रहे पनि बालबालिकाको हकमा बाल अदालतमा नै मुद्दा दायर गरिने हुँदा सो कुरामा ध्यान दिनुपर्ने हुन्छ। यसैगरी बालबालिकाको साथमा उमेर पुगेको व्यक्ति समेत कसूरजन्य कार्यको आरोपित व्यक्ति भएमा बालबालिकाको हकमा बाल अदालत वा बाल इजलासमा र उमेर पुगेको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम अलग मिसिल खडा गरी सरकारी वकिल समक्ष पेश गर्नुपर्दछ। अनुसन्धानको क्रममा आरोपित बालबालिकाको हकमा सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउने र मिसिल संलग्न गर्नुपर्ने जिम्मेवारी अनुसन्धान अधिकारीमा रहेको छ।

**झ) अनुसन्धानका क्रममा प्राप्त अधिकारको संरक्षण**

कसूरजन्य कार्यको अनुसन्धानको सिलसिलामा प्रचलित कानूनमा उल्लिखित

अधिकारका अतिरिक्त बालबालिकालाई प्राप्त अधिकार बाल न्यायको दृष्टिले महत्वपूर्ण रहन्छन्। यी अधिकारको कार्यान्वयन र संरक्षणमा सम्बन्धित अनुसन्धान अधिकारीले ध्यान दिनुपर्ने हुन्छ ।

♦ लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधैं वा परिवार वा संरक्षक मार्फत प्राप्त गर्ने,

♦ बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,

♦ बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,

♦ बालमैत्री वातावरणमा अनुसन्धान, गर्ने,

♦ कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नभएसम्म निर्दोष रहेको मानिने र आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने,

**३. निष्कर्षः**

बाल न्याय सम्बन्धमा बालबालिका सम्बन्धी कानूनले गरेको व्यवस्थाको कार्यान्वयनमा अनुसन्धान अधिकारीको महत्वपूर्ण जिम्मेवारी रहेको छ। यसका लागि बाल न्याय सम्बन्धी तालिम लिएको प्रहरी अधिकारी अनुसन्धानकर्ता हुनुपर्ने अनिवार्यता रहन्छ। कसूरको आरोपमा नियन्त्रणमा नलिई नहुने अवस्थामा मात्र नियन्त्रणमा लिने, नियन्त्रणमा लिएकोमा सो कुरा अभिभावक वा संरक्षकलाई सूचना दिने, अनुसन्धानका लागि अलगै निगरानी कक्षको प्रबन्ध गर्ने, २१ दिनभन्दा बढी निगरानी कक्षमा नराख्ने व्यवस्थाको कार्यान्वयन गर्ने जस्ता कुरामा अनुसन्धान अधिकारीको ध्यान दिनुपर्ने हुन्छ। बालबालिकालाई बालमैत्री व्यवहार र शब्दको प्रयोग गर्ने कुरामा पनि हेक्का राख्नु पर्दछ।

समग्रमा अनुसन्धानको क्रममा गरिनुपर्ने कार्य र अवलम्बन गर्नुपर्ने बाल न्याय कार्यविधिको पालना र  प्रयोगमा अनुसन्धानकर्ता विशेष सजग हुन जरूरी छ। सबै अनुसन्धान एकाईमा बाल न्याय सम्बन्धी तालिम प्राप्त प्रहरी अधिकारी उपलब्ध गराउने कुरामा पनि ध्यान जानुपर्ने देखिन्छ । सोधपुछ वा कागज गर्दा संरक्षक वा अभिभावकलाई रोहबरमा राख्ने, बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्तिसँग परामर्श सेवा उपलब्ध गराउने, अनुसन्धानका क्रममा बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्ने जस्ता कानूनी व्यवस्थाको कार्यान्वयनमा विशेष ध्यान दिनुपर्नेहुन्छ। बालबालिका सम्बन्धी कानूनले गरेको नयाँ र बाल न्याय अनुकूलका व्यवस्थाको कार्यान्वयन र सोका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थामा पनि ध्यान जान आवश्यक छ । ♦

# सजाय निर्धारणका सिद्धान्त



✍ उपन्यायाधिवक्ता
सोमकान्त भण्डारी °

## पृष्ठभूमि

अदालतले फौदजारी मुद्धामा सुनुवाइ गरी कसूर ठहरको फैसला गरे पछि गम्भीर र जघन्य प्रकृतिका सरकार वादी फौजदारी मुद्धामा कसूर ठहर भएको मुद्धामा कसूरदारलाई सजाय निर्धारण गर्नका लागि अलग्गै सुनुवाइ गर्दछ । यस्तो सुनुवाइ सम्बन्धी व्यवस्था फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा पहिलो पटक गरिएको हो । जघन्य र गम्भीर फौजदारी मुद्धामा कसूर ठहर पश्चात अलग्गै सजाय निर्धारणका लागि सुनुवाइ गरी निर्णय गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ ।

अभियोगपत्रमा लिइएको दाबी बमोजिम कसूरमा संलग्नता रहेको ठहर भएको अवस्थामा मात्र सजाय निर्धारणको लागि सुनुवाइ गर्नु पर्दछ । यदि अभियुक्तले सफाइ पाएको अवस्थामा सजाय निर्धारण गर्नुपर्ने अवस्था नै हुँदैन । त्यसकारण सजाय निर्धारणको सुनुवाइ कसूर ठहर भए पछि आकर्षित हुने अवस्था हो । यो कसूर कायम गरे पश्चात सुरू हुन्छ । कसूर ठहर भएका कसूरमा पनि यदि कानूनमा न्यायाधीशलाई दण्ड निर्धारणका लागि तजविजी अधिकार दिइएको मुद्धा र कानूनमा तीन वर्ष भन्दा बढी कैद सजाय हुने वा तीस हजार रूपैंया भन्दा बढी जरिवाना हुने जघन्य वा गम्भीर वा अन्य प्रकृतिका मुद्धामा मात्र सजाय निर्धारणको लागि अलग्गै सुनुवाइ गर्नु पर्दछ ।

## सजाय निर्धारणका सिद्धान्त

दण्डको मुख्य उद्धेश्य अपराधको रोकथाम गर्नु, सुरक्षित समाज निर्माण

°उपन्यायाधिवक्ता, एलएल. एम., (फौजदारी कानून र संवैधानिक कानून), महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

गर्नु, कानूनको कार्यान्वयन गर्नु र न्यायपूर्ण व्यवस्था गर्नु हो ।[१] सजाय भनेको अपराध र अपराधीप्रति समाजले व्यक्त गर्ने प्रतिक्रिया हो । यसैले सजायका उद्देश्यहरू समाज सापेक्ष हुन्छन् । समाजको अमुक अपराध प्रतिको धारणा, अपराधीप्रतिको दृष्टिकोण, सामाजिक मूल्य र मान्यता आदिका आधारमा सजायका उद्देश्यहरू निर्धारण गरिन्छ । तथापि समय र स्थान विशेषमा सजायका उद्देश्यहरू फरक फरक हुन सक्दछन् ।[२] साल्मण्डले "सजायको उद्देश्य भविष्यका सम्भाव्य अपराधीहरूलाई अपराध गर्नबाट दुरूत्साहन गर्नु, वास्तविक अपराधीलाई पुनः थप अपराध गर्नबाट रोकथाम गर्नु र निजलाई सुधारेर कानूनको पालन गर्ने नागरिकको रूपमा रूपान्तरण गरी समाजको संरक्षण गर्नु हो" भनेका छन् ।[३] सजाय निर्धारण गर्दा सजायको उद्देश्य समेत विचार गर्नुपर्ने हुन्छ ।

सजाय निर्धारण भनेको कसूरमा संलग्नता रहेको भनी दोषी ठहर भइसकेपछि अब निजलाई कानूनमा व्यवस्था गरिएको सजाय कति निर्धारण गर्न उपयुक्त हुन्छ भनी निर्णय गर्ने अवस्था हो । सजाय निर्धारण गर्दा सजाय निर्धारणका सिद्धान्तहरूको समेत विचार गर्नु पर्दछ । सजाय निर्धारणका सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्ः

**१. समानुपातिक सजायको सिद्धान्त (Principle of Proportionality)**

कसूरदारलाई सजाय गर्दा निजको दोषको अनुपातमा सजाय निर्धारण गर्नु पर्दछ ।[४] कसूरदारले गरेको आपराधिक कार्यको दोषको मात्रा र अपराधको गम्भीरतालाई आधार मानेर सो को समानुपातिक सजाय निर्धारण गर्ने मान्यता यसले राख्दछ । Let the Punishment fit the Crime भन्ने धारणा यस सिद्धान्तले अँगालेको हुन्छ ।

१. प्रा. डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, (२०७५), फौजदारी कानूनको सामान्य परिचय, पैरवी बुक हाउस प्रा.लि. काठमाडौं, २०७५, पृ. १८२ ।

२. रा.न्या.प्र. (२०७०), फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७, दफाबार व्याख्यात्मक टिप्पणी, हरिहरभवन, ललितपुर : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृ. २५ ।

३. P. J. Fitzerald, (1985), Salmond on Jurisprudence, Sweet & Maxwell, London, p. 94.

४. सरकारी वकिलहरूका लागि सजाय निर्धारण सम्बन्धी मार्गदर्शन, (२०७६), महान्यायाधिवक्ताको कार्यालय, पृ. १२ ।

एकै प्रकृतिको वा एउटै अपराधमा पनि कसूरदारको भूमिका, संलग्नता र जिम्मेवारी फरक हुन सक्दछ । सो को विश्लेषण गरी उपयुक्त सजाय निर्धारण गर्नु पर्दछ । यसो गरिएमा अपराधीलाई पनि उसले गरेको आपराधिक कार्य वापत भोग्नुपर्ने भन्दा बढी सजाय भोग्नु नपर्ने र अपराधबाट पीडित तथा अन्य सर्वसाधारणको नजरमा पनि अपराधीले उपयुक्त सजाय पाएको अनुभूति गर्ने भई निजसँग बदला लिने भावना वा अन्य प्रकारको तुष समाप्त हुने भई सन्तुष्टी मिल्ने विश्वास लिइन्छ ।[५] यस सिद्धान्तलाई फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वियन) ऐन, २०७४ को दफा १४ को खण्ड (क) मा "सजाय निर्धारण गर्दा कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नहुने" र खण्ड (घ) मा "एकभन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगिरहेको कसूरदारलाई अर्को कसूर बापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिक भन्दा बढी हुन नहुने" भन्ने कानूनी व्यवस्था गरिएको छ ।

**२. आवश्यक सजायको सिद्धान्त (Principle of Necessity)**

फौजदारी कानूनको उद्धेश्य अपराधको नियन्त्रण गर्नु हो । कसूरको मात्रा अनुसार कसूरदारलाई सजाय गर्नु पर्दछ । कसूरदारलाई आवश्यक भन्दा बढी सजाय निर्धारण गर्न हुँदैन । कसूरदार हो भन्दैमा जति पनि सजाय गर्ने नभई जति आवश्यक छ त्यति सजाय गर्नु पर्दछ । आवश्यक भन्दा बढी सजाय गर्दा त्यसले कसूरदारमा न्याय र व्यवस्थाप्रति असन्तोष पैदा गर्दछ र यसले निजमा राज्य र समाजप्रति सम्मानको भावना भन्दा घृणा र द्वेषको भावना जगाउँछ । जसको परिणाम स्वरूप राज्य र समाजप्रति प्रतिक्रिया जनाउने उपायको रूपमा पुनः आपराधिक क्रियाकलापमा संलग्न हुन्छ ।[६] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वियन) ऐन, २०७४ को दफा दफा १४ को खण्ड (ख) मा "सजायको उद्धेश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने" व्यवस्था गरिएको पाइन्छ ।

**३. समानताको सिद्धान्त (Principle of Parity)**

न्याय र समानतालाई पर्यायवाची शब्दका रूपमा लिइन्छ । समानताको हकलाई संविधानले नै प्रत्याभूत गरेको छ । समानताको हकले कसूरदार बीच पनि समान व्यवहार गरिनु पर्दछ भन्ने

५. रा.न्या.प्र., २, पृ. २८ ।

६. ऐजन, पृ. २९

मान्यता राख्दछ । समान स्थिति र भूमिकाका कसूरदारलाई सजाय निर्धारण गर्दा बेग्लाबेग्लै किसिमले फरक सजाय तोक्नु हुँदैन । यो सिद्धान्तले उस्तै अपराध गर्ने अपराधीहरूलाई दिइने सजाय समान हुनु पर्दछ भन्ने धारणा राख्दछ ।[७] समान अभियोग लागेका समान परिस्थितिका कसूरदारहरूलाई दिइने सजायमा असमानता हुनु हुँदैन भन्ने यस सिद्धान्तको मर्म हो ।[८] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ को खण्ड (ग) मा "उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसँग अमिल्दो वा असमान सजाय हुन नहुने" व्यवस्था गरिएको पाइन्छ ।

**४. अन्तिम विकल्पको रूपमा कैद सजायको सिद्धान्त (Principle of Prison is Last Resort)**

व्यक्तिलाई कैदमा राख्दा उसको व्यक्तिगत स्वतन्त्रता हनन हुन्छ । सजायका विभिन्न प्रकार र विकल्प रहेका छन् । जघन्य र गम्भीर प्रकृतिका कसूरमा सजाय निर्धारण गर्दा कैद सजाय गर्ने गरिन्छ । कैद सजायको निर्णय भएका व्यक्तिलाई कारागारमा राखिन्छ । कारागारमा राख्दा व्यक्तिको स्वतन्त्रता राज्यको नियन्त्रणमा हुन्छ । कैदीलाई राज्यले खुवाउने, स्वास्थ्य उपचार लगायका सुविधा दिनु पर्दछ । एकातिर काम गर्न सक्ने जनशक्ति कैदमा बस्ने र अर्कोतर्फ राज्यको व्ययभार बढ्ने हुन्छ । कारागारमा कैदीको संख्या बढ्दै जाँदा राज्यले आधारभूत मानव अधिकारको व्यवस्था समेत गर्न नसक्ने अवस्थामा पुग्न जान्छ । सजायका विभिन्न प्रकार रहेका छन् । त्यसमध्ये कैद पनि एक हो । अरू सजाय उचित र पर्याप्त हुने अवस्थासम्म कैदको सजाय गर्नु हुँदैन भन्ने सैद्धान्तिक मान्यता यस सिद्धान्तले राख्दछ । कसूरका लागि अन्य सजाय पर्याप्त हुने देखिएसम्म अदालतले कैद सजाय गर्नु हुदैन । Prison or imprisonment should be treated as the last of the last resort भन्ने यस सिद्धान्तको मान्यता रहेको छ ।[९] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा दफा १४ को खण्ड (ङ) मा "कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने

७. डा. श्रीप्रकाश उप्रेती, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले अंगिकार गरेको सैद्धान्तिक आधार तथा यसका मुलभूत विशेषताहरू: एक विवेचना, (२०७५), प्रतिपादन, वर्ष ५, अंक १, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं, पृ. २८१ ।

८. मार्गदर्शन, पूर्वपाद टिप्पणी नं. ४, पृ. १४

९. ऐजन, पृ. १४ ।

देखिएमा कैद सजाय नगर्ने” व्यवस्था गरिएको पाइन्छ । यसैगरी दफा २३ मा “यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरदारलाई सजाय गर्दा जरिवाना र सामुदायिक सेवा पर्याप्त नहुने भएमा कैदको सजाय गर्नु पर्ने” कानूनी व्यवस्था गरिएको छ ।

सजाय निर्धारण गर्दा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ बमोजिम सजायको उद्धेश्य र दफा १४ बमोजिम सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरू समेतलाई दृष्टिगत गरी गर्नु पर्दछ । यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने (Aggravating Factor) र दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने (Mitigating Factor) अवस्था समेतका आधारमा सजाय निर्धारण गर्नुपर्ने हुन्छ ।

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा कसूर ठहर र सजाय निर्धारणका लागि अलग अलग सुनुवाइ गरी गर्नुपर्ने उल्लेख गरेको छ । तर सबै मुद्धामा कसूर ठहर र सजाय निर्धारणको सुनुवाइ अलग अलग गर्नुपर्ने होइन । सजाय निर्धारणको लागि अलग्गै सुनुवाइ गर्नुपर्ने कसूर न्यायाधीशलाई सजाय निर्धारण गर्दा तजविजी अधिकार प्रदान गरिएका गम्भीर र जघन्य कसूरमा कसूर ठहर भएका मुद्धामा मात्र हो ।

कानूनमा नै निश्चित कैद वा जरिवाना हुने गरी न्यायाधीशलाई सजाय निर्धारणमा स्वविवेकीय अधिकार नभएको अवस्थामा अलग्गै सजाय निर्धारणको लागि सुनुवाइ गर्नु पर्दैन । तीन वर्षसम्म कैद वा तीस हजार रूपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था भएको कसूरमा कसूर ठहर र सजाय निर्धारण एकै सुनुवाइमा गर्न सकिन्छ । जन्मकैदको सजाय हुने कसूर ठहर भएकोमा सजाय निश्चित भएको हुँदा कसूर ठहर भए पछि सजाय निर्धारणका लागि अलग्गै सुनुवाइ गर्नु पर्दैन । जस्तैः मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ र १७८ बमोजिमको कसूर ठहर भएमा जन्मकैद नै हुने हुँदा अलग्गै सजाय निर्धारणको सुनुवाइ गर्नुपर्ने अवस्था हुँदैन । तर सोही कसूर ठहर भए पनि अभियुक्तले कसूरमा सावित भई बयान गरेको र कसूर गर्दाको परिस्थिति समेतका आधारमा जन्मकैदको सजाय नगरी घटी सजाय गर्ने राय पेश गर्नुपर्ने अवस्थामा भने सजाय निर्धारणको लागि अलग्गै सुनुवाइ गर्नु पर्दछ । सजाय निर्धारण गर्दा कसूरदार ठहरिएको तीस दिनभित्र निर्धारण गरिसक्नु पर्दछ।[१०]

१०. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ ।

तर देहायको कसूर ठहर गर्दाकै बखत कसूरदारलाई सजाय निर्धारण हुन्छः

- प्रचलित कानूनमा नै कैद वा जरिवानाको निश्चित अंक किटान गरिएको कसूर,
- तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना हुने कसूर,
- फौजदारी कार्यविधि संहिताको दफा १४५ को उपदफा (१क) बमोजिम घटी सजायको राय प्रस्ताव गरिएको बाहेकको जन्मकैदको ठहर हुने कसूर ।

सजायको निर्धारणमा कसूरको मात्रा अनुसार तोकिएको दण्डको दायरा भित्र रही सजायको चयन गरिन्छ । कतिपय फौजदारी कसूरमा सजाय निर्धारणका लागि न्यायधीशहरूलाई कानूनले न्युनतम र अधिकतम हद निर्धारण गरेको छ भने कतिपय कसूरमा न्युनतम हद नराखी माथिल्लो हद मात्र तोकेको छ । सजाय निर्धारणलाई कसूरको मात्रा र सजायको उद्धेश्य अनुसार निर्धारण गर्न कसूर कायम र सजाय निर्धारणको अलग अलग सुनुवाइ गर्नुपर्ने र सजाय निर्धारण गर्दा यसका आधार, सजायको उद्धेश्य, कसूरको गम्भीरता बढाउने र घटाउने अवस्था समेतका आधारमा गर्नुपर्ने गरी कानूनले न्यायाधीशहरूलाई सिमा समेत निर्धारण गरेको छ ।[११] सजाय निर्धारण गर्न दिइएको तजविजी अधिकार विधायिकाले निर्धारण गरेको सजायको सीमा भित्र रही न्यायकर्ताले अपराध गर्दाको प्रकृति, परिस्थिति, प्रभाव, समय, सन्दर्भ आदि विचार गरी कसूरको मात्रा अनुसार दण्डको हद निर्धारण गर्दछन् ।[१२]

यसरी कसूरदारलाई सजाय निर्धारणको सुनुवाइ कसूर ठहर गरेको न्यायाधीशले गरी सजाय निर्धारण गर्नु पर्दछ । यसरी सुनुवाइ गर्दा कसूर ठहर गर्ने न्यायाधीशको मृत्यु भएको, अवकास भएको, माथिल्लो तहको अदालतको न्यायाधीश पदमा नियुक्त भएको, कुनै कारणले सो पदको काम गर्न नसक्ने भएमा वा पदमा नरहेमा वा निजलाई कडा रोग लागि कार्यसम्पादन गर्न नसक्ने भएकोमा बाहेक अन्य जुनसुकै अवस्थामा निजले नै सुनुवाइ गरी सजाय निर्धारण गर्नुपर्ने व्यवस्था छ ।[१३]

नेपालमा पहिलोपल्ट "फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ मा अदालतले सजाय निर्धारण गर्दा

११. माधवप्रसाद आचार्य, अपराधशास्त्र, (२०५१), रत्न पुस्तक भण्डार, चौथो संस्करण, पृ. २२५ ।
१२. मार्गदर्शन, पूर्वपाद टिप्पणी नं. ४, पृ. ५(६ ।
१३. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ ।

देहायका कुनै वा सबै उद्धेश्यलाई विचार गरी निर्धारण गर्नुपर्ने व्यवस्था छ :

(क) कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,

**(ख)** समाज वा समुदायलाई सुरक्षा गर्ने,

**(ग)** पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,

**(घ)** कसूरदारलाई समाजमा पुनः स्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,

**(ङ)** कसूरदारलाई समाजबाट अलग राख्ने,

**(च)** कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने,

**(छ)** कानूनद्धारा निषेधित आचरणको निन्दा गर्ने ।

यसैगरी दफा १५ मा सजाय निर्धारणका आधारहरू उल्लेख गरिएको छ । ती आधारहरू निम्नानुसार रहेका छन्:

**(क)** कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा,

**(ख)** कसूर गर्दाको परिस्थिति,

**(ग)** कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरू,

**(घ)** कसूरदारको आचरण र विगतको क्रियाकलाप,

**(ङ)** दफा १३ मा उल्लिखित सजायको उद्धेश्य । ♦♦♦

## कविता

**मनिष प्रयत्न**

आँखाको ज्योती तिमीसँगै टाढिए
चस्मा लगाएर म हेरौ खै कसलाई
संसारै उजाड भएको यो बेला
मन बुझाउन अँगालोमा बेरौ खै कसलाई
ए जिन्दगी, मलाई नै किन पोल्छस्
मनको ज्वालाले यसरी भतभती ।।

कस्तो दोबाटो रहेछ त्यो .....
कतै गोरेटो नभेटिने
कस्तो प्यास रहेछ खै त्यो,
जे पिए पनि कहिल्यै नमेटिने
कस्तो जिन्दगी दियौं ए दैव
बलिको बोका झैं रेटिने ।।
सपनीमा त सधैं साथ हुन्छ्यौं तिमी ?
विपनीमा कहिल्यै नदेखिने

तिमीलाई नै लेख्ने गर्थे हरेक लेखाईमा
आखिरीमा गाऱ्हो पाऱ्यौ, आफ्नै बुझाईमा
हाँसो खोसिदियौ तिमीले त,
आँसु सँगै बग्यो खुसी
न त सके आफैलाई मेट्न,
न त तिम्रो याद मेटाउन
ए जिन्दगी, मलाई नै किन पोल्छस्
मनको ज्वालामा यसरी भतभती।।

# ज्ञान विज्ञान योग



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

भगवानको दुई वटा प्रकृति (Nature ) छन् । एउटा अपरा र अर्कोको परा । संसार भगवानको अपरा प्रकृति हो र जीव परा प्रकृति हो । अपरा प्रकृति जड (Unconcious) तथा निरन्तर परिवर्तनशिल छ । पारा प्रकृति चेतन (Concious)तथा नित्य र अपरिवर्तनशील छ । भगवानले अपरा र परा दुवैलाई आफ्नै प्रवृति अर्थात स्वभाव (Nature) बताउन भएको छ । उदाहरणको लागि गीताको अध्याय ७-४ मा "इतीय मे" र अध्याय ७-५ मा "मे पराम" भगवानको स्वभाव हुनाले अपरा प्रकृतिको स्वतन्त्र (भगवान् भन्दा अलग सत्ता र महत्ता दिएर ऊसँग आफ्नो सम्बन्ध जोड्दछ । यस सम्बन्धलाई जीव दुई प्रकारले मान्दछन् । (१) अंहतापूर्वक जस्तो, म शरीर हुं र (२) ममतापूर्वक जस्तो शरीर मेरो हो । यो मातिएको सम्बन्ध नै सम्पूर्ण प्राणीहरूको उत्पन्न हुनाको लागि कारण हो, "कारण गुणसंगोअस्य सदससघोनि-जन्मसु" (गीता १३-२१)।

वास्तवमा सम्पूर्ण जगतका कर्ता, कारण तथा कार्य सबै एक भगवान नै हुनुहुन्छ । भगवान बाहेक अर्को कोही पनि छैन, "मत्तः परतरं नान्यत्किंचिदस्ति" (गीता ७-७) । यो सिधान्त हो कि सत्ता एउटा मात्र हुन्छ दुई वटा हुन सक्दैन । अर्थात एउटा भगवान नै अनेक रूपमा प्रकट हुनु भएको हो । आकाश वायु, तेज जल र पृथ्वी यी पाँच महाभूत (Element) तथा उनीहरूको कार्य (Function) शब्द, स्पर्श रूप, रस गन्ध यी पाँच वटै विषयहरूको मूल कारण भगवान नै हुनु हुन्छ । भगवानले नै सम्पूर्ण प्राणीहरूका अनादि तथा अविनाशी बीज (Seed) हुन्छ । यसको तात्पर्य यो हो कि सृष्टिमा जे पनि कृया पदार्थ, भाव आदि देख्नमा, सुन्नमा र बुझ्नमा आउछ, ती सबैको बीज (मूल कारण) एक मात्र भगवान नै हुनु हुन्छ । वास्तविकता यही हो कि कारण नै कार्यरूपमा परिणत हुन्छ । अर्थात भगवान कार्यरूपमा परिणत हुदैन, बरू

कार्यरूपबाट प्रकट हुनुहुन्छ, अर्थात कारणको त स्वतन्त्र सत्ता हुन्छ तर कार्यको स्वतन्त्र सत्ता हुदैन । यसकारण यदि कोही साधक कार्यमा (काममा) भगवानलाई प्राप्त गर्न चाहे भने भगवान पाउन सकिन्न, “न त्वहं तेषु ते मयि” (गीता ७-१२) । जो सबैका कारण रूप भगवानको शरण हुन्छन्, उनीहरूलाई भगवान मिल्दछन् । तर जो कारणरूप भगवानको शरणमा नभएर कार्यरूप सत्वादि गुणहरूमा अल्भेर रहन्छन्, तिनीहरू जन्म मरणको चक्करमा परिरहन्छन् । यस्ता मानिसहरू कार्यरूप शरीर-संसारको सम्बन्धबाट हुनेवाला कामनाहरूको पूर्तिको लागि देवताहरूको शरण लिन्छन् । किनकी उनीहरू अलौकिक भगवानलाई साधारण मनुष्य सरह लौकिक मान्दछन् । तर जो मनुष्य तीनै गुणहरूबाट मोहित हुँदैनन्, उनीहरू भगवानको शरण लिन्छन् । यस्ता भक्तहरू चार प्रकारका हुन्छन् । तिनीहरू हुन् : (१)अर्थार्थि (२) आर्त (३) जिज्ञासु (४)ज्ञानी । यी शरणगत भक्तहरू मध्ये पनि जो ''सबै कुरा भगवान नै हुन'' यस प्रकार भगवानको शरणमा पुग्दछ, ती महात्मा भक्त मुक्त पुरूषहरू भन्दा पनि श्रेष्ठ हुनाको कारण अत्यन्त दुर्लभ छन् । ती महात्मा भक्त भगवानको कृपाबाट पर-अपरा सहित भगवानको समग्र रूपलाई जान्दछन् । जसलाई जानेपछि फेरी केही पनि जान्न बाँकी रहदैन । किनकी उसबाहेक अन्य चिज केही पनि छदैछैन । उसको भगवानसँग आत्मीय सम्बन्ध भईहाल्दछ । जसले गर्दा प्रतिक्षण बर्धमान प्रेमको प्राप्ति (जागृती) भईहाल्दछ । यस प्रेमको जागृतीमा नै मानिसको जीवनको पूर्णता छ ।

एउटा अपरा प्रकृति छ, एउटा परा प्रकृति छ र एक परा र अपराका मालिक परमात्मा हुनुहुन्छ । सम्पूर्ण शरीर-संसार (अधिभूत ) अपरा प्रकृतिको अन्तर्गत र सम्पूर्ण शरीर (कृत्स्न अध्यात्म) परा प्रकृति अन्तर्गत आउँदछन् । यसको तात्पर्य यो भयो कि मात्र शरीर (संसार) पनि एक हो र मात्र शरीर (जीव) पनि एक हो । तथा अपरा र पर यी दुवै शक्ति जसका हुन्, ती परमात्मा पनि एक हुन् । अर्थात शरीरहरूको दृष्टीबाट आत्माको दृष्टीबाट र परआत्माको दृष्टीबाट आदि तीन वटै दृष्टीबाट हामी सबै एक हौ। अनेक होईनौ “नेह नानास्ति किञ्चन” (कठ.२।१।११। वृहदा.४।४।१९) सम्पूर्ण शरीरहरूमा एकता स्वीकार गर्दा कुनै पनि प्राणीसँग राग अथवा द्वेष हुदैन र सम्पूर्ण प्राणीको हितको भाव हुन्छ । यस्तो हुनाले “कर्मयोग” सुगमतापूर्वक स्वतः सिद्ध भईहाल्छ । किनकी जब आफूभन्दा भिन्न अर्को कोही पनि छैन र व्यक्तिगत आफ्नो केहि पनि छैन, त्यसो भए पछि

आफूसँग जुनसुकै वस्तु भए पनि ममता हुँदैन र जुन वस्तु आफूसँग छैन त्यसको कामना पनि हुँदैन । ममता र कामना नभए पछि आफूसँग जुन वस्तु छ । त्यो स्वतः अर्काको सेवा उपयोग भईहाल्दछ ।

सम्पूर्ण जीवनहरूमा एकता स्वीकार गरेपछि सबैतिर र आत्माभाव अथवा ब्रहम भाव भईहादल्छ । "सर्ब खल्विदं सर्बम ब्रहम" छान्दोग्य. ३।१४।१)आत्मैवेंद सर्बम "छान्दोग्य. ७।२५ ।२ ) यसो भएपछि अर्थात यस्तो ज्ञान भएपछि" ज्ञान भएपछि "ज्ञानयोग" सुगमतापूर्वक स्वतः सिद्ध भईहाल्दछ । किनकी अनेक रूपबाट जो जीव छन् उनीहरू एक रूपबाट ब्रहम हुन अर्थात जीव र ब्रह्म एउटै हो । "अयमात्मा ब्रहम" (माण्डक्व.१) ।

अपरा र परा यी दुवै प्रकृतिहरूको (स्वभाव ) हरूको स्वतन्त्र सत्ता छैन । किनकी यी दुवै भगवानका शक्तिहरू हुन । अर्थात स्वभावहरू हुन । यसैकारण यिनीहरू भागवतस्वरूप नै हुन । यस्तो कुरालाई स्विकार गर्न सकियो भने सर्वत्र भागवदाभाव भईहाल्दछ । "वसुदेवः सर्वम्" (गीता ७-१९)। यस्तो भए पछि "भक्तियोग" सुगमता पूर्वक स्वतःसिद्द भईहाल्दछ । किनकी "सबै चिज भगवान नै हुन" यो नै वास्तविक शरणागति हो ।

निकर्मको रूपमा यो देखिन्छ वा बुझिन्छ कि जगत जीव र परमात्मा तीनवटैको दृष्टीमा हामी सबै एक समान छौ । यस समतालाई गीताले "योग" भनेको छ । "समत्वं योग उच्यते" (गीता २-४८)। भेद (विषमता) केवल व्यवहारको लागि हो । जो अनिवार्य छ । किनकी व्यवहारमा समता सम्भव छदै छैन । अर्थात साधकको दृष्टि (भावना) सम हुनु पर्‍यो । "सर्वत्र समदर्शनः (गीता ६-२९), "पण्डिता समदर्शिनः"(गीता ५-१८) "समवृद्धि विशिष्यते" (गीता ६-९, सर्वत्र समवुद्धयः (गीता १२-४) । व्यवहारको भिन्नता त स्वभाविक छ, तर भावको भिन्नता मानिसहरूले आफ्नो राग-द्वेषबाट पैदा गरेको हो । राग-द्वेषको कारण नै मानिसले जगत, जीव र परमात्मा तीनैका बिचमा धेरै भेद (फरक) पैदा गरिसकेका छन् । जो यस जन्म-मरणको कारण हो । "मृत्योः स मृत्यु गच्छति य इह नानेब पश्यति "(कठ २।१।११) जो कसैलाई पनि पराया मान्दछन्, कसैको पनि नराम्रो चाहन्छ, त्यस्तो मानिस न त कर्मयोगी हुन सक्छ न ज्ञानयोगी हुन सक्छ न त भत्तियोगी नै हुन सक्छ ।

जगत, जीव र परमात्मा यी तीनैको विषयमा विचार गर्‍यौ भने हामीले यो कुरा सजिलैसँग बुझ्न सक्छौं की स्वतन्त्र सत्ता छैन । जगतलाई जीवले धारण गरेको छ । "ययेद धार्यते जगत" (गीता ७-५)

अर्थात जगतलाई सत्ता जीवले दिएको छ । यसकारण जगतको स्वतन्त्र सत्ता छैन । जीव परमात्माकै अंग हो, "ममैवांशो जीवलोके" (गीता-१५-७) यसकारण जीव आफैको स्वतन्त्र सत्ता छैन । यसको वास्तविक अर्थ यो हो की जगतको सत्ता जीवको अधिन छ र जीवको सत्ता परमात्माको अधिन छ । यसकारण एक परमात्मा बाहेक अन्य केही पनि छैन, "सदसच्चाछमर्जुन" (गीता-९-१९)। जगत र जीव दुवै परमात्मा नै भासित (एकिकृत ) भईरहेका छन् ।

♦♦♦

लघु कथा

# खाल्टो



✍ **हरिप्रसाद भण्डारी**

एक पेग पेटमा परेपछि उसले दुईटा कुरा सम्झियो, श्रीमती र खाल्टो । अनि दुवैसँग डरायो । रक्सी पिएको देखेपछि श्रीमतीले गाली गर्थी । गालीमात्रै होइन, कहिलेकाहीं त छोराछोरीले नदेख्ने गरी कुट्थी पनि ।

'आबुई !'उसले मनमनै भन्यो, अनि एक्लै बडबडायो, 'मुर्ख आइमाई ।'

घर जाने बाटोमा ठूलो खाल्टो थियो । एउटा मत्तहात्ती अटाउने खालको ।भूकम्पले थिलथिलो भएको जमिनमा पानी पर्दा भासिएको भन्दै थिए मानिसहरू ।

खाल्टो सम्झेपछि फेरि मुटु काम्यो । मनमनै गम्यो, 'कसरी पार गर्ने होला?' श्रीमती र खाडल दुबैले तर्साए । "साँहिली !" साहूनीलाई बोलायो ।

साँहिली नजिक आएपछि हरिया दाँत देखाएर हाँस्यो । साँहिलीले कुरा बुझी । दोस्रो पेग पेटमा पुगेपछि मनमनै भन्यो, 'स्वास्नी ! मैले त्यसको के खाइदिएको छु र ?' स्वास्नी प्रतिको डर कम हुँदै गयो । खाल्टो अगाडि आयो र डिच्च दाँत देखाएर हाँस्यो ।

'तँलाई त म नाघिदिन्छु । बैंसमा यस्ता खाल्टा कति नाघियो कति ।' आफैले आफैलाई बहादुर ठान्दै एक्लै हाँस्यो र फेरि साहिँलीलाई बोलायो ।

अर्को दिन बिहान खाल्टोको डिलमा उभिएर एक जना मान्छे करायो, "हेर हेर, खाल्टाको पिँधमा को मान्छे छ । आफै खसेको हो कि कसैले मारेर फालेका हुन् कुन्नि?"

# प्रहरी कार्य सम्पादनस्तर वृद्धिका लागि मार्गनिर्देशन- अनुभव अनुभूतिहरू



✍ प्र.ना.म.नि.डा.देव बहादुर बोहरा

**परिचय :-**

विगत २९ वर्षदेखि प्रहरी सेवामा अनवरत रूपमा रहेर देश र जनताप्रतिको समर्पणभावले गर्दा धेरै पेशागत अनुभवहरू हाँसिल गर्ने अवसर मिल्यो । नेपालका विभिन्न दुर्गम तथा सुगम स्थानको सेवाकालिन यात्राको क्रममा अनेकौ भौगोलिक विकटता, न्यूनतम स्रोतसाधन र जनशक्तिका बाबजुत पनि सेवाभावको अनुभूतिलाई कति पनि विचलित हुन नदिई नियम कानूनको परिधीभित्र रही उच्च मनोबलका साथ पेशागत बफादारीता, ईमान्दारीता र जवाफदेही जीम्मेवारी प्रदर्शन गर्दै जाँदा केही व्यक्तिगत अनुभ तथा केही पूर्वजहरूका निर्देशनहरूबाट हाँसिल गरेका पेशागत ज्ञानहरू प्राप्त गर्ने अवसर मिल्यो । मेरो अनुभव नेपाल प्रहरी सेवामा अनवरत रूपमा मुलुक र मुलुकबासीहरूको सेवामा तल्लिन प्रहरी अधिकृत तथा जवानहरूको लागि व्यावसायिक पेसामा प्रयोजनार्थ निकै प्रेरणादायी हुनेछ ।

नेपालको संघिय लोकतान्त्रिक प्रणाली अनुसार नेपाल प्रहरी कानूनी राज्यको अवधारणाबाट निर्दिष्ट रही प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धानद्वारा समाजमा शान्ति स्थापना गरी मानव अधिकारको संरक्षणमा प्रतिबद्ध, मुलुक र मुलुकबासी प्रति समर्पित स्वच्छ, व्यवसायिक, निष्ठायुक्त र जनसहभागीतामूलक, प्रहरी सेवा प्रदान गर्न राज्यको ऐन कानून (नेपालको संविधान, २०७२, मुलुकी अपराध संहिता, २०७४, मुलुकी अपराध कार्यविधि संहिता, २०७४, प्रहरी ऐन, २०१२, नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य संचालन सुपरिवेक्षण र समन्वय ऐन, २०७६, प्रहरी नियमावली, २०७१ र अन्य प्रचलीत ऐन कानूनले) ले तोके बमोजिमको जिम्मेवारी, संगठनले

खटाएको स्थानमा ईमान्दारीपूर्वक स्वच्छ, व्यवसायिक एंव नागरिक केन्द्रित प्रहरी सेवा, विधि र विवेक प्रयोग गरी कमान्डरले work plan तयार गरी फिल्ड तहका प्रहरी कर्मचारीको मनोबल उच्च राख्दै प्रविधिमैत्री प्रहरी सेवा प्रवाह गर्न गराउने हेतुले निम्न लिखित बुँदाहरू प्रस्तुत गरेको छु ।

**क) नागरिक सेवा प्रवाह सम्बन्धमाः-**

**१.** राज्यले सुम्पिएको बहुमुखी एवं संवेदनशील जिम्मेवारी बोकेको प्रहरी संगठनको कार्यक्षेत्र मूलतः नागरिक समाज हो भने कार्य नागरिकको सेवा हो । संगठनको उद्धेश्य र लक्ष्य प्राप्ति गर्न नागरिकको विश्वास र सहयोगबाट मात्र हाँसिल हुन सक्ने तथ्यप्रति नेपाल प्रहरी सदा सचेत रहेको छ । अहिलेको अवस्थासम्म आइपुग्ने क्रममा प्रहरी संगठनले विभिन्न आरोह अवरोह अनि कालखण्डहरूलाई पार गरेको छ । पूर्वजहरूको त्याग, तपस्या, योगदान र बलिदानले बनेको संगठनको गौरवलाई साक्षी राखेर नागरिक समक्ष प्रहरी सेवा प्रवाह गर्न र समाजमा देखा पर्ने नयाँ चुनौतीहरूलाई परास्त गर्दै **"सत्य सेवा सुरक्षणम्"** को आदर्शलाई साकार पार्न आवश्यक दक्षता हाँसिल गर्दै निष्ठा तथा इमानदारीतापूर्वक उच्चस्तरको व्यावसायिक आचरण तथा व्यवहारद्वारा जनसम्पर्क बढाई नागरिकबाट हुन सक्ने सहयोगका क्षेत्रहरू पहिचान गर्दै अपराध नियन्त्रण र अनुसन्धान कार्यमा कटिबद्ध रहनुपर्दछ ।

**२.** प्रचलित कानून बमोजिम आफूले प्रवाह गर्नुपर्ने सेवालाई आधिकारिक सरल, सहज र सर्वग्राह्य बनाई गुणस्तरीय प्रहरी सेवा आम नागरिकहरूमा पुऱ्याउन नेपाल प्रहरी निरन्तर प्रयासरत रहेको छ । संविधान प्रदत्त मौलिक अधिकारको संरक्षण र संवर्द्धधन, समय सन्दर्भअनुसार नागरिकका पिरमर्काको सुनुवाइ र कानून सम्मत तवरले पिर मर्काको द्रुत समाधान, प्रहरी आचरण व्यवहारमा अपेक्षाकृत सुधार एवं पेशागत क्षमता अभिवृद्धि गर्नका लागि यथेष्ट प्रशिक्षण व्यवस्थापन जस्ता पक्षहरू प्रहरी सेवालाई जनउत्तरदायी, सर्वसुलभ र सर्वग्राही बनाउने आधारहरू भएकाले यी पक्षहरूतर्फ विशेष जोड दिनु पर्दछ ।

**३.** हरेक बिहानीसँग नौलो चुनौती सामना गर्नुपर्ने प्रहरीको भूमिका निश्चय नै कठिन छ । विषम् चुनौतीहरूको सामना गर्दै अपराध रोकथाम गर्ने अनि समाजमा शान्ति सुरक्षा कायम राख्ने कार्यमा सफलता प्राप्तिको लागि हरेक प्रहरी कर्मचारी

उच्च मनोबल युक्त हुनुपर्दछ भने सेवाप्रतिको निष्ठा र प्रतिबद्धता पनि उति नै आवश्यक हुन्छ ।

**४.** बहुमुखी दायित्व निर्वाहको क्रममा प्रहरीले आफ्नो विगतलाई पनि मूल्याङ्कन गर्नु पर्दछ, । हिजो के थियो फर्केर हेर्नुपर्दछ । समय सापेक्ष रूपमा आचरण, व्यवहारमा सुधार गर्दै प्रहरी दायित्वको बारेमा बुझ्न जरूरी छ । दिइएको जिम्मेवारी प्रभावकारी ढंगबाट बहन गर्न नेपाल प्रहरीको प्रत्येक सदस्यहरूले संगठनप्रति समर्पण भाव र ऐक्यबद्धता, कार्यगत सामूहिकता र जोश जाँगर प्रदर्शन गर्नुपर्दछ । मनन् गर्नुपर्ने सबैभन्दा ठूलो कुरो त संगठन हो, संगठनको गरिमा र प्रतिष्ठा कायम राखिरहन समस्त सदस्यहरूले निरन्तर प्रयत्न गर्नुका साथै नागरिक सेवामा सम्पूर्ण श्रम र विवेक खर्चनु पर्दछ ।

**५.** संगठन आस्थाको प्रतीक हो । संगठनको विकास र सफलताबाट आफ्नो व्यक्तिगत विकास समेत हुन्छ । व्यावसायिक ज्ञान, सिप, कला-कौशलका साथै व्यक्तिको कर्तव्यप्रति निष्ठा र निर्णय क्षमता अभिवृद्धि तथा कार्य सम्पादनको स्तर निरन्तर बढाउन कोसिस गर्नु पर्दछ । प्रहरी कर्मचारीहरूको व्यवसायिक दक्षता उच्च हुनु नै प्रहरीको छवि राम्रो हुनु हो । यस किसिमको वातावरणले प्रहरीको मनोबल बढ्ने र सेवा प्रभाव पुऱ्याउने दिशामा जोश बढ्ने गर्दछ । अन्ततः नेपाल प्रहरी संगठनको स्थापनाको उद्धेश्य पूरा हुन्छ ।

**६.** प्रहरीको काम समस्या सामाधान गर्नु हो तर प्रहरी कर्मचारी आफैं समस्याको कारण वा समस्या सिर्जनाको माध्यम कदापि बन्नु हुँदैन । प्रहरी कर्मचारी लोभ, मोह, स्वार्थमा फस्नु हुँदैन, यस्तो खराब बानीले कानून बमोजिम निष्पक्ष तवरले काम गर्न र सेवा प्रवाह गर्न सकिँदैन । कानूनको दृष्टिमा सबै समान हुने भएकोले कर्तव्य पालना गर्दा धर्म, जाति, वर्ग, लिङ्ग, ठूलो, सानो, धनी, गरीब वा नातागोताको आधारमा कुनै भेदभाव नगरी निष्पक्ष र तथस्ट भएर जिम्मेवारी बहन गर्नु पर्दछ । अन्यायमा परेकालाई न्याय दिंदा जुन सुखानुभूति हुन्छ, त्यो नै सबैभन्दा ठूलो उपलब्धि हो भन्ने कुरा मनन् गर्नु पर्दछ ।

**७.** कसैलाई धाक, धम्की तथा अनुचित प्रभावमा पार्नु हुँदैन, जहिले पनि आफूलाई समाजको एक जिम्मेवार नागरिक ठानी सद्व्यवहार गर्नु पर्दछ । टेलिफोनमा कुरा गर्दा आफ्नो परिचय दिई फोन गर्नेको कुरा राम्ररी सुनी गरिदिनु पर्ने काम सहज रूपमा गरिदिनु र कानूनले गर्न नमिल्ने काम भए शिष्टाचार सहित सम्झाइ दिनु पर्दछ । नागरिकको सेवामा खटिएको प्रहरीले

आवेशमा आएर व्यवहार गर्ने तथा कानून उल्लङ्घन गर्ने, आज्ञापालना नगर्ने जस्ता अनुशासनहीन र गैरजिम्मेवार देखिने कार्य गर्नु हुँदैन, यदि त्यस्तो कार्य गरेमा प्रहरी नियमावली अनुसार हदै सम्मको कारबाही गर्नु पर्दछ ।

**८.** गुण्डागर्दी तथा लुटपाटको त्रासबाट आम नागरिकलाई मुक्त गराउन Pro–Active Policing गर्नको लागि आवश्यक प्रहरी कर्मचारी परिचालन गरी जनताको पिरमर्का र समस्या सुनेर तत्काल समाधान गर्न आवश्यक कारबाही गर्नु पर्दछ ।

**ख) प्रहरी आचरण र व्यवहार सम्बन्धमाः**

**१.** मानवीय स्वभाव अनुसार गल्ती सबैबाट हुन सक्छ तर आफूले वा अरूले गरेको गल्ती तथा त्रुटिबाट सिकेर पुनः त्यस्ता त्रुटी दोहरिनु दिनु हुँदैन । कार्य सम्पादनका क्रममा अनुभव गरिएका कमी कमजोरी तथा नागरिकबाट औल्याइएका समस्याहरूको सम्बन्धमा मनन् गरी तत्काल आफैंबाट सुधारको शुरूवात गर्ने दायित्व सबै तहका कमाण्डरहरूको हो भने यसको अनुगमन निरन्तर गरिनु पर्दछ ।

**२.** वर्तमान सन्दर्भमा प्रहरीको जिम्मेवारी सम्पादनको क्षेत्रमा जटिलता र कठिनाइ वृद्धि हुँदै गएको परिप्रेक्ष्यमा नेपाल प्रहरीका अधिकृत तथा जवानहरू तोकिएको कर्तव्य तथा आदेश पालना गर्न उच्च आत्मबल, निडरपन, निष्पक्ष एवं कुशलताका साथ समर्पित हुन पर्दछ । नागरिकमा नेपाल प्रहरीको निस्वार्थ र सेवामुखी चरित्रको आभाष दिलाउन बढी प्रयत्नशील हुनुपर्छ । कुनै पनि प्रकारको बाह्य प्रभावबाट प्रहरी कर्मचारीको मनोबलमा नकारात्मक असर पर्न जाने र त्यसले काम कारबाहीलाई प्रभावित हुने तथ्य प्रति जिम्मेवार तहमा रहेका प्रहरीहरूले बुझेर यस सम्बन्धमा निरन्तर सम्वेदनशील हुनुपर्दछ । हामीमा भएको नराम्रो संस्कार, परम्परागत गलत मनोवृत्ति र आपसी वैमनस्यताले गर्दा चुनौतीपूर्ण र संवेदनशील दायित्व निर्वाह गर्न निश्चय पनि सरल छैन । यसका लागि प्रहरी संगठनको हरेक सदस्यहरूले आफै इमान्दारिता, कर्तव्यपरायणता, क्षमता र दृढता बढाउँदै लैजानु पर्ने हुन्छ भने जनसहयोग तथा जनसमर्थनको लागि समेत निरन्तर जनसम्पर्क भइरहनु अति आवश्यक हुन्छ ।

**३.** प्रहरी पोशाकको सदैव गौरव गर्नुपर्दछ र व्यक्तिगत स्वार्थपूर्तिको लागि संगठनलाई बाह्य दवाब दिनु हुँदैन । संगठनको स्वार्थको अगाडि व्यक्तिगत स्वार्थ गौण हुन्छ भन्ने कुरा प्रहरी सेवामा प्रवेश गर्नुअघि नै बुझेर सिङ्गो सेवा अवधिको आधारको रूपमा रहेको

आधारभूत तालिम पश्चात मुलुक र मुलुकवासीको नाममा शपथ लिए पछि झन त्यस कुरालाई हरदम आत्मसात् गर्नु पर्दछ । चरित्र मानिसको सबभन्दा ठूलो शक्ति र अमूल्य सम्पत्ति भएको हुनाले यसलाई निरन्तर जगेर्ना गर्नु पर्दछ । कर्तव्यपालनको क्रममा बोली-व्यवहार नम्र र शिष्ट हुनु पर्दछ भने नियम पालनामा कडाइ गर्नुपर्दछ ।

**४.** प्रहरी पनि आमजनता जस्तै साधारण मानिस हो र यही समाजको एक सदस्य पनि । तर राज्यको कर्मचारी अर्थात जनताको सेवक भएकोले कुनै प्रहरी कर्मचारीले कर्तव्य पूरा गरी हेलचेक्रयाई गर्छ भने उसमाथि प्रचलित कानून अनुसार कारबाही हुन्छ । अपराध गर्ने मानिस नातागोता रहेछ भने लुकाउने, छिपाउने, भगाउने जस्तो कार्य गर्नु पनि अपराध हो । त्यस्तो प्रहरीलाई कदापि प्रश्रय दिनु हुँदैन ।

**५.** कतिपय प्रहरीहरूले जुवा तास खेल्ने, डिउटीमा लापरबाही गर्ने, डिउटीको समयमा मदिरा सेवन गर्ने, महिला प्रहरी तथा अन्य महिलाहरू प्रति दुर्व्यवहार गर्ने जस्ता क्रियाकलापहरू गरेको समाचारहरू आइरहेकोले त्यसतर्फ कमाण्डरहरूले विशेष ध्यान पुऱ्याई निरन्तर अनुगमन गर्नु पर्दछ। त्यस्ता प्रहरीलाई नागरिकले समाती प्रहरीकोमा कारबाहीको लागि बुझाएका घटनाहरू पनि छन् । यसरी रक्षकको रूपमा रहनु पर्ने प्रहरी नै भक्षक हुने अवस्था कदापी आउन नदिनेतर्फ कमाण्डरहरूले आफ्ना मातहतका कर्मचारीहरूको विशेष निग्रानी गर्नु पर्ने हुन्छ ।

**६.** समयसँगै आएको परिवर्तनले प्रहरी संगठनमा धेरै सुधार आइसकेको छ । आमनागरिकको लागि प्रहरी कर्मचारी सेवकको रूपमा स्थापित भईसकेको छ । अतः प्रहरीले प्रवाह गर्ने हरेक सेवाहरू पेशागत परिधीभित्र रही मानवमैत्री व्यवहारको उच्च प्रदर्शन गर्न सके मात्रै संगठनको उद्बेश्य हासिल गर्न सकिन्छ ।

**ग) प्रहरी मेश र आर्थिक पारदर्शिताको सम्बन्धमा**

**१.** पाठ्यक्रम अनुसारको प्रशिक्षण मापदण्ड पूरा नगराई प्रदेश प्रशिक्षण केन्द्र तथा गणमा सञ्चालन गरिएका आधारभूत तालिमहरूको स्तर प्रति सबैको चासो रहेको छ । प्रशिक्षार्थी मेसको खानाको गुणस्तरमा सुधार नहुनु, क्यान्टिन, चमेना गृहमा आर्थिक शोषण, गुनासो तथा सुझावहरू दिँदा पनि मेस व्यवस्थापन समिति र क्वार्टर मास्टरले दिलचस्पी दिएर सुधार नगर्नु गैर जिम्मेवारीपना हो । मेसको उजुरीहरूको विषयमा तालुक कार्यालयहरूबाट छानविन गर्दा दोषी देखिएका धेरै प्रहरी अधिकृत तथा जवानहरूलाई

हदैसम्मको कारबाही भएको कुरा सबैमा विदितै छ । यस्ता विषयमा कमाण्डरले दिलचस्पी दिई सूक्ष्म निगरानी गरेर साप्ताहिक, पाक्षिक निरीक्षण एवं अन्तरक्रिया गरी अनिवार्य सुधार गर्नु पर्दछ साथै Training Audit को कार्यान्वयन पनि गरिनु पर्दछ ।

**२.** ठग तथा दलालहरू विभिन्न बहनामा प्रहरी कार्यालयमा गई प्रहरी कर्मचारीलाई विभिन्न प्रलोभन देखाई सरूवा, बढुवा गराइदिन्छु भन्ने, प्रहरीका अगाडि नक्कली फोन गरी मैले ठूला मान्छेलाई चिनेको छु भन्ने पार्ने, प्रभावमा पार्न निमन्त्रणा गरी विभिन्न स्थानमा बोलाउने प्रहरीको आडमा समाजमा गुण्डागर्दी गर्ने, नागरिकलाई धम्काउने, वन फडानी गर्ने, सीमामा तस्करी गर्ने, नदीजन्य वस्तुको अवैध दोहन गर्ने र अनुसन्धानको लागि ल्याईएका व्यक्तिका परिवारहरूलाई मुद्दा मिलाई दिन्छु भनि ठगी गर्ने आदि गर्दछन् । तसर्थ त्यस्ता व्यक्तिको चरित्र बुझी सरसंगत नगर्ने र निगरानी गरेर, सूचना लिई कानूनी दायरामा ल्याउनु सबैको दायित्व हो ।

**३.** सरकारको भ्रष्टाचारमा शून्य सहनसिलता (Zero tolerance) को निति अनुसार कुनै पनि प्रकारको लाभ लिनु भ्रष्टाचार जघन्य किसिमको गम्भीर अपराध हो । अझै पनि कतिपय प्रहरी कर्मचारीहरूले होटेल-रेष्टुरेन्टबाट लाभ लिने, प्राकृतिक स्रोत साधनको गैर कानूनी दोहन, ओसारपसार गर्ने गराउने, गुण्डा, तस्कर तथा दलालीहरूसँग उठ-बस गर्ने, त्यस्ता तत्वहरूबाट आर्थिक लाभ लिनेजस्ता प्रहरीको आचरण विपरितका कार्यहरू पूर्ण निषेधित छन् । त्यस्तो कार्यमा संलग्न जो कोहीलाई संगठनले हदैसम्मको कारबाही गर्दै आइरहेको छ । त्यसतर्फ सबै प्रहरी सजक र होसियारी रहनु पर्दछ । संगठन माथि प्रश्न चिन्ह खडा गराउने त्यस्ता गतिविधि गर्ने गराउनेलाई कानूनी कारबाही गर्न कुनै कन्जुस्याँइ गरिनु हुन्न ।

**४.** आर्थिक कारोबार गर्ने कार्यालयहरूले नेपाल सरकारले लागू गरेको बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS)मा आधारित Software मा मात्र आर्थिक कारोबार गर्ने । आर्थिक प्रशासन तथा लेखा प्रणालीको प्रक्रियामा थप पारदर्शिता र परिणाममा आधारित (Result Based) प्रणालीको विकास गर्ने । सरकारको आर्थिक मापदण्डको नीति, मितव्ययीताको सिद्धान्तलाई पालन गरी सार्वजनिक खर्चमा मितव्यायीता, पारदर्शिता र Zero tolerance कायम गर्ने । कुनै पनि किसिमको अनियमितता हुन नदिने र बजेटको सही परिचालन गर्ने, बेरूजु

समयमा नै फछ्र्यौट गर्ने, गराउने दायित्व आर्थिक प्रशासन तथा लेखामा काम गर्ने प्रहरी कर्मचारीको भएकोले सो दुरूस्त छ छैन कमाण्डरले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

**घ) अपराध अनुसन्धान सम्बन्धमा**

**१.** प्रहरी कर्मचारीले कार्य सम्पादनको क्रममा विभिन्न घटना तथा अपराधमा संलग्न शंकित तथा अदालतबाट दोषी ठहर भई फरार अभियुक्तहरू पक्राउ परेका व्यक्तिहरूको जानकारीको लागि राजनीतिक नेता, कार्यकर्ताहरू, प्रहरी अधिकृत, साथीभाई वा अन्य कुनै पनि व्यक्तिबाट आउने अनुरोधलाई सभ्य व्यवहारले Response गर्ने तर दबाब वा प्रभावबाट कदापी प्रभावित वा विचलित नभई आफ्नो कानूनी दायित्व पूर्णरूपमा पालन गर्नुपर्दछ । कमान्डरले फोन आयो भन्दैमा दबाब दियो भनि अतिरञ्जित गर्नु हुँदैन, बुझाउन सक्नु पर्दछ । संविधानले प्रत्येक नगरिकको सूचनाको हकलाई सुनिश्चित गरेको छ । पक्राउ परेका व्यक्तिहरूको विवरण लगायतको सार्वजानिक गर्नुपर्ने सम्मको सूचना अनुसन्धान कार्य प्रभावित नहुने गरी समयमा नै तोकिएको व्यक्तिबाट प्रवाह गर्नु पर्दछ । कानूनी कारबाही गर्नु पर्ने मुद्धाहरूमा जिल्ला सरकारी वकिलसँग समन्वय गरी राय सल्लाह अनुसार कानूनी कारबाही गर्ने र निरन्तर समन्वय गर्दा कार्य सम्पादनमा सहजता प्राप्त हुन्छ ।

**२.** समाजमा अपराधको पछाडि निश्चित कारणहरू अवश्य हुन्छन् । चाहे त्यो पूर्वनियोजित होस् वा तत्कालको आवेशबाट भएको होस् । विभिन्न विसंगति तथा सामाजिक विकृतिका साथै असिमित चाहना पूरा गर्न अपनाइएका गलत कामका कारणहरूबाट हाम्रो समाजमा अपराधिक घटना घट्ने गर्दछ । प्रायः अपराधिक घटनाहरू रहस्यमय हुनाले प्रहरीले निष्पक्ष भई कुनै प्रलोभन वा दबाबमा नपरी अनुसन्धान गर्न, सबुद संकलन गर्न तथा अपराध सम्बन्धी सम्पूर्ण तथ्यहरू जुटाउनु अटुट धैर्यताका साथ निरन्तर लाग्नु पर्दछ भने यसमा जनताको सहयोग पनि अति महत्वपूर्ण हुने हुनाले बलियो जनसम्पर्क हुन आवश्यक हुन्छ । साथै, सबूदले बोल्ने मौन भाषा बुझ्ने क्षमतावान, दूरदर्शी घटनास्थलको पुनर्निर्माण गर्ने क्षमता समेत अनुसन्धान अधिकृतमा हुनु पर्दछ ।

**३.** हिरासत व्यवस्थापन (Custody Management) कानूनले तोकेको सुविधा, विशेष सुरक्षा व्यवस्था, खाना तथा रेखदेख, स्वास्थ र बिरामीको समयमानै अस्पताल लगि उपचार, पालोपहरा र थुनिएका व्यक्तिहरूको सामान Record व्यवस्थापन गरी

निजहरूलाई सहिछाप गर्नु गराउनु पर्दछ । यसका साथै जेलको सुरक्षा व्यवस्था पनि दुरूस्त छ छैन, कमान्डरले चेकजाँच गर्नुपर्दछ । सो को सुरक्षा व्यवस्थापनको निरीक्षणको अभिलेख राखी समयमै जाहेर गर्ने । साथै पक्राउ परेका व्यक्तिहरूको न्याय सम्बन्धी हकको संवैधानिक व्यवस्थालाई समेत पूर्ण रूपमा पालना गर्ने गराउने कार्यमा अगाडि बढाउदा उचित हुनेछ ।

४. कमाण्डरको मुख्य जिम्मेवारी प्रहरी कर्मचारी र उपलब्ध श्रोत साधनको प्रभावकारी रूपमा परिचालन गर्नु हो । समाजमा घटिरहेका अपराधिक कार्यको प्रभावकारी र सफल अनुसन्धान गर्न घटनास्थलमा सिनियर प्रहरीको कमाण्डमा दक्ष SOCO अधिकृत तथा Crime Scene Assistant Team लाई ब्रिफिङ गरी घटनास्थलमा छिटोभन्दा छिटो खटाउनु पर्दछ भने जघन्य प्रकृतिका अपराधहरूमा कमाण्डर स्वयम् घटनास्थलमा पुग्नु पर्दछ । साथै पूर्ण पेशागत बफादारीताको उच्च प्रदर्शन गर्दै घटनास्थलमा खटिने प्रहरी कर्माचारीले LocardoÚs Principle of Exchange लाई मनन् गर्दै घटनास्थलमा गर्नु पर्ने सम्पूर्ण कार्यहरू कानूनी रितपूर्वक उच्च पेशागत दक्षता प्रदर्शन गर्न सकेमात्रै कानूनी राज्य स्थापना गर्न सहजता मिल्छ ।

५. सामान्यतयाः अपराध गर्नेले मैले अपराध गरेको भनेर सजिलै स्वीकार नगर्ने भएता पनि कुनै पनि व्यक्तिलाई शारीरिक तथा मानसिक यातना दिएर अपराध सावित गराउनु गैरकानूनी कार्य हो । तर पुरातन प्रहरीको संस्कारलाई बोकेर कतिपय प्रहरीले अझै पनि आफूलाई सुधार नगरी यातनालाई आफ्नो अनुसन्धान गर्ने सीप भन्ने भ्रममा बसेको छ भने तुरून्तै सच्चिन आवश्यक छ भन्नेमा दुइमत छैन ।

६. अदालतबाट विभिन्न फौजदारी मुद्धामा दोषी ठहर भई फरार रहेका अपराधीहरूको विवरण तयार गरी निजहरूको तदारूकताका साथ खोजी गर्न विशेष टोली परिचालन गरेमा फरार रहेका अपराधिहरूलाई कानूनी दायरामा ल्याउन सकिन्छ। त्यस्तै pending मा रहेका कतिपय जघन्य प्रकृतिको अपराधहरूमा प्रतिवादीको रूपमा रहेका व्यक्तिहरूलाई पनि खोजी कार्यमा क्रियाशिल रहन सकेको खण्डमा शान्ति सुरक्षामा सकारात्मक सन्देश प्रवाह हुन जानेछ ।

**ङ) खबर संकलन सम्बन्धमाः**

१. आम नागरिक समस्या नपरी प्रहरी कहाँ आउँदैनन्, समाधानको आशा राखेर आएका हुन्छन् । त्यस्ता व्यक्तिहरूको

पिरमर्का तथा गुनासाहरू ध्यानपूर्वक सुनेर समाधानको प्रयास गर्नु पर्दछ। आफ्नो कार्यालयबाट समाधान नहुने भए सही सल्लाह सुझाव दिएर पठाउनु पर्दछ । नागरिकको सहयोग बिना प्रहरी कार्य सफल हुन नसक्ने भएकोले सहयोग प्राप्त गर्न हरेक वर्गका नागरिकसँग निरन्तर सम्पर्क राख्ने र व्यवहार गर्दा नम्र बोली तथा भद्र व्यवहारसहित सूचना संकलन गर्न सक्नु पर्दछ । यसको लागि वैज्ञानिक एवं सूचनामा आधारित (Intelligence Led) अपराध अनुसन्धान पद्धतिको सुदृढिकरणको विकास गर्दा परिणाम सकारात्मक आउनेछ ।

२. कमान्डरले सादा पोसाकमा खटाइने प्रहरीहरूलाई तोकिएको जिम्मेवारीमा नखटाई अनैतिक लाभ लिने तिर संलग्न गरे गराइको भनी संगठन भित्र बाहिर विगत देखि पटक पटक गुनासो रही त्यस्ता प्रहरीहरूलाई छानविन गरी हदैसम्मको कानूनी कारबाही गरिएको व्यहोरा सर्वविदीतै छ । अतः सादा पोसाकमा नखटाई नहुने अवस्थामा स्पष्ट जिम्मेवारी तोकी ब्रिफिङ गरी खटाउने र भए गरेको Task को मापन, सम्पर्क गरेको व्यक्तिको फोन नम्बर समेत दैनिक लिने गर्नुपर्दछ । लामो समयसम्म सादा पोशाकमा काम गर्ने प्रहरी कर्मचारीहरूलाई अन्यत्र ड्यूटी लगाई सम्भव भएसम्म खबर संकलन (Information collection), निग्रानी (Surveillance) र Agent handling तालिम गरेका प्रहरी कर्मचारीलाई मात्रै सादा पोसाकको कार्यमा लगाउनु पर्दछ । काम कर्तव्य भन्दा अन्य काममा नखटाउने र खटाइको पाईएमा सम्बन्धित कमाण्डर कानूनी जवाफदेही हुनु पर्नेछ ।

**च) Reporting, Record keeping / Chain of Command सम्बन्धमाः**

१. प्रहरी कर्मचारीको सही मूल्याङ्कन नै वृत्ति विकासको प्रमुख आधारहरू मध्ये एक भएकोले आफ्ना मातहतका कर्मचारीले गरेको सम्पूर्ण कार्यको बोध हरेक कमाण्डरलाई हुनु पर्दछ । कर्तव्य पालना तथा कार्य सम्पादनका बारेमा स्पष्ट निर्देशन दिने, निरीक्षण तथा सुपरिवेक्षण निरन्तर गरिरहनु पर्दछ । समाजमा घटेका साना-ठूला सबै खाले घटनाहरूको तत्काल जाहेर गर्ने, राम्ररी अभिलेख व्यवस्थापन (Record Management) गर्ने तथा कमाण्डरले तत्काल response गर्ने र समयमा नै तालुक कार्यालयमा आवश्यक जाहेर गर्नु पर्दछ ।

२. कमान्डरले कार्यालयका जिन्सि सामानहरू प्रबन्धले Procurement records keeping दुरूस्त राखेको छ छैन, वितरण गर्नु पर्ने सामानहरूको अभिलेख राख्ने गरेको छ छैन, निकासा

भएका सामानहरू वितरण गर्दा पहिलो पटक नपाउनेलाई पहिलो प्राथमिकता, त्यस्तै दोस्रो तेस्रो क्रमशः Record Book मा जनाई वितरण गर्नु पर्दछ ।

३. प्रत्येक प्रहरी कार्यालयले आफ्नो एरियाको होटेल, लज, रेष्टुरेन्टमा आउने पाहुनाको रेकर्ड, सवारी साधनको विवरण, नयाँ व्यक्तिको आवतजावत, सम्बन्धितहरूको टेलिफोन नम्बर राख्ने, सिमा नाकामा वारपार गर्नेको विवरण राख्ने आदि कार्य गर्नु पर्दछ । प्रत्येक प्रहरीले कार्यालयमा आवश्यक सबै विवरणको दुरूस्त अभिलेख व्यवस्थापन गर्ने र सबैले डायरी maintain गर्नु पर्दछ भने सबै अधिकृत तथा जवानहरू आफ्नो यस कर्तव्यप्रति जिम्मेवार हुनु पर्दछ ।

४. सबै तहका अधिकृत तथा जवानहरूले गुनासा, सल्लाह र सुझाव आफ्नो कमाण्डर समक्ष सभ्य तरिकाले राख्न नहिच्किचाउने तर गल्ती-त्रुटी भएमा क्षमा माग्ने तथा त्यसलाई सुधार्ने एवं दोहरिन नदिने प्रण गर्नुपर्दछ तर कदापि झुट्टो बोल्नु हुँदैन । मातहतका कर्मचारीहरूलाई स्व-अनुशासन, स्वच्छ आचरण तथा व्यवहार र कार्य सम्पादनमा जोश जाँगरका लागि उत्प्रेरणा दिन कमाण्डर स्वयं उदाहरणीय भई देखाउने गर्नुपर्दछ ।

५. सेवा सुविधा र व्यक्तित्व विकासमा हरहमेसा ख्याल राख्ने र प्रहरी कर्मचारीहरू बिच समान व्यवहार गर्ने गर्नु पर्दछ । कुनै पनि प्रहरी कर्मचारीलाई अनावश्यक दुःख दिने वा अपशब्द बोल्ने गर्नु हुँदैन । प्रत्येक दिन तालुक कार्यालयको नीति निर्देशनहरू सिनियर प्रहरी अधिकृतबाट रोलकलमा अनिवार्य ब्रिफिङ गरी गुनासो सुन्ने र जाहेर गर्ने गर्नु पर्दछ ।

६. अभिलेखन कार्य (Record Keeping) लाई मजबुत गर्न सके कार्य सम्पादनमा सहजता आउने कुरामा दुईमत छैन । हाल रेकर्ड राख्ने विभिन्न पद्धतिहरूको विकास भईसकेको सन्दर्भमा सम्भव भएसम्म सम्पूर्ण अभिलेखहरूको soft copy (scan copy) तयार गरेमा बढी व्यवहारिक र लामो अवधिसम्म टिकाउ हुने र स्थान अभावको समस्यालाई पनि तत्काल समाधान गर्न सकिने भएकोले अपराध अनुसन्धानसँग सम्बन्धित मिसिलहरू अनिवार्य रूपमा CFD- Case File Digitization) मार्फत र अन्य अभिलेखहरूको पनि अनिवार्य रूपमा soft copy तयार गरी अभिलेखन गरेमा सेवा प्रवाहमा थप निखारपन आउनेछ ।

**छ) प्रहरी कार्य सम्बन्धमाः**

१. कहिले पनि प्रहरी संगठन आलोचना

मुक्त हुन नसक्ने भएकोले जस र अपजस दुवै चीज लिएर काम गर्नु परिरहेको हुन्छ । जस्तो, सार्वजनिक सम्पत्तिको रक्षा र बहुसंख्यक नागरिकको अमनचैनका खातिर बल प्रयोग गर्दा तथा ऐनले तोकेको सिद्धान्त बमोजिम बल प्रयोग नगर्दा प्रहरीले ज्यादती गरेको आरोप लाग्छ, शंकित व्यक्ति समातिदा निर्दोषीलाई पक्राउ गरेको प्रचार हुन्छ । लेनदेनको विवाद प्रहरीको कार्य क्षेत्रभन्दा बाहिरको कुरा हो भन्दा सहयोग नगरेको आरोप लाग्छ । तसर्थ हेलचक्रयाई नगरी हरेक घटनाको सूचना पाउन र सूचना पाउनासाथ सक्रिय तरिकाले परिचालित हुनसके यस्ता निराधार आरोपहरूलाई गलत साबित गर्दै प्रहरी प्रतिको आमनागरिकको धारणा परिवर्तन गर्न बल पुग्दछ । अन्याय र न्याय, दोषी र निर्दोषी, सत्य र असत्य आदिको निक्यौंल र छिनोफानो गर्दा कानून सम्मत कार्य गर्दा त्यस्ता अपजस हराउँदै जानेछ ।

२. चाहे भिड नियन्त्रण कार्यमा होस् वा अनुसन्धान तथा नियन्त्रण कार्यमा होस्, हरेक प्रहरी कर्मचारीले हरहमेशा कमाण्डरको आदेश-निर्देशन पालना गर्नु पर्दछ । परेको समस्याबाट उम्कने तथा पन्छिने चेस्टा नगरी त्यसको समाधानको बाटो खोज्नु पर्दछ । बल प्रयोग गर्नुपर्ने अवस्थामा कमभन्दा कम र न्यायोचित बल प्रयोग गर्नु पर्दछ । जसले नागरिकको मानव अधिकारको रक्षा होस्, यो सबैको कर्तव्य हो ।

३. शान्ति सुव्यवस्था (Public Order Management) क्षमता अभिवृद्धि गर्न गण तथा गुल्म जस्ता रिजर्व प्रहरी एकाइहरूमा कार्यरत प्रहरी जनशक्तिको काम भनेको परिआएको खण्डमा प्रहरी कारबाही (Police Operation) को लागि खटिने र खटिएका बखत कमाण्डरको आदेशले परिस्थितिअनुसार विद्यमान ऐन, कानूनमा तोकिएको सिद्धान्त अनुसार मानवअधिकारको सम्मान गर्दै न्यूनतम् बल प्रयोग गरी हुल-दंगा वा अशान्ति मच्चाउन खोज्ने उच्छृङ्खल समूहलाई नियन्त्रणमा लिनु पर्दछ । शान्ति सुरक्षा कायम गर्दा तथा ज्युधनको रक्षा गर्दा सहि रूपमा Situation Assessment गरी आवश्यकता तथा परिस्थिति अनुसार बल प्रयोग गरी स्थितिलाई काबुमा लिने व्यवस्था समेत कानूनमा स्पष्ट नै छ ।

४. कतिपय कमाण्डरले आफ्नो जिम्मेवारी प्रति ध्यान नदिने, पूर्व तयारी अभ्यास नगर्ने, नगराउने, फिल्डमा अकर्मण्य भएर मूकदर्शक बनेर बस्ने, असहज परिस्थितिमा फिल्डमा सिद्धान्त विपरित अन्धाधुन्द गैर कानूनी बल प्रयोग गर्दा मानव अधिकारको उल्लङ्घन हुन गई विभिन्न क्षेत्रबाट आलोचना खेप्नु वा ज्यादती गरेको

भनी कारबाहीको भागीदार हुनु स्वभाविकै हो ।

५. कमान्डरले शान्तिको अवस्थामा मातहत अधिकृत तथा जवानहरूलाई भीड नियन्त्रण तथा बल प्रयोग सम्बन्धी कानूनी प्रक्रियाबारे routine बनाइ निरन्तर अनुशिक्षणमा डमी समेतको प्रयोग गरी अभ्यास गराई चुस्त तथा दुरूस्त राख्नु पर्दछ । अभ्यासमा माईक, ब्यानर, Obstacle wire, Sand Bag, चाहिने हातहतियार, असभाव तथा बन्दोबस्तीको सामानहरू दुरूस्त राखी दैनिक अभ्यास गराई ब्रिफिङ गरी Standby राख्नु पर्दछ ।

६. बाहिरको शान्ति सुरक्षाको स्थितिको जानकारी लिन समय समयमा स्थानिय प्रहरीसँग समन्वय गरी भिगरस चेकिङमा खटाउने गर्नुपर्दछ । विभिन्न स्थानमा रहेका CCTV footage ले शान्ति सुव्यवस्था कायम राख्न मद्धत मात्रै पुऱ्याउने नभई अनुसन्धानको कार्यलाई पनि सहजता प्रदान गर्ने भएकोले महत्वपूर्ण ठाँउमा CCTV राख्न पहल गर्ने र राखिसकेका हकमा उचित मर्मत संभारका साथैं सोको नियमित रूपमा monitor तथा रेखदेख पनि गर्नुपर्दछ । आउदा दिनहरूमा प्रहरी कार्यलाई अझ बढी प्रभावकारी, विश्ववसनीय, पारदर्शी र मानवमैत्री व्यवहार बनाउन Body Worn Camera (BWC) लाई प्रयोगमा ल्याउन सके त्यसले समाजमा सकारात्मक सन्देश प्रवाह गर्न सहयोग पुऱ्याउछ ।

७. रातीको समयमा गस्ती गर्दा सकेसम्म बढी जनशक्ति खटाउनु पर्दछ भने खटिनु अघि परिस्थितिको जानकारी गराउन कमाण्डरले राम्ररी ब्रिफिङ (briefing) गर्नु पर्दछ । आवश्यक हातहतियार, हतकडी, डोरी, टर्च लाईट, Life Jacket, हेल्मेट, स्टेचर, First Aid का सामान लगायत आवश्यक सामग्रीहरू दुरूस्त छ छैन चेकजाँच गरी पठाउनु पर्दछ । सीमा एरियामा रातको समयमा गस्ती खटाउँदा कमाण्डरले विशेष ध्यान दिई आफै गस्ती गर्ने र बदली गर्दा पनि भरपर्दो कमाण्डर खटाउने गर्नु पर्दछ । सीमा क्षेत्रमा कुनै पनि समय तस्करहरूसँग मुडभेड हुन सक्ने भएकोले त्यस्तो अवस्थामा सहजै प्रति कारबाही गरी नियन्त्रणमा लिन सकेमात्र सफलता हाँसिल गर्न सकिन्छ ।

८. प्रत्येक ट्राफिक प्रहरीले सडकमा सवारी चेकजाँच गर्दा दुरूस्त पोसाक लगाइ सभ्य तथा नम्र बोली तथा व्यवहार गर्नु पर्दछ । सडकको नियम सबैको लागि समान हुन्छ र सबै नागरिकको हक समेत बराबर हुन्छ । नियम विपरित सवारी चलाउने जो कोहीलाई अनिवार्य कानूनी दायरामा

ल्याउनु पर्दछ । सडक सवारीमा सानो-ठूलो सबै तप्काहरूका सर्वसाधारण वा विशिष्ट व्यक्तिहरूको आगमन भईरहन्छ। आफ्नो एरिया सधैं नियमित रूपमा सुचारू छ, छैन निरन्तर अनुगमन गर्नु पर्दछ । यदाकदा ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीलाई कारबाही नगरी छाडेको, आर्थिक प्रलोभनमा परेको, असभ्य व्यवहार गरेको, नियम विपरित सवारीको स्वरूप बदलेर चलाएको भएता पनि कारबाही नगरेको वा सवारी धनीपूर्जा (Blue Book) तोकिएको भन्दा बढी क्षमता बोक्दा समेत कारबाही नगरेको, आदि जस्ता कुराहरू आउने गरेकोले हरेकले आफूले गर्नुपर्ने कार्यमा सबैले स्पष्ट हुनु पर्दछ ।

९. विपद् र दुर्घटना पूर्व सूचना दिएर नआउने हुनाले यसबाट हुन सक्ने ठूलो धनजनको क्षतिलाई न्यूनीकरण गर्न (पूर्व तयारी, कार्यान्वयन र कार्य पश्चातको चरण) तत्काल उद्धार गरी त्यसको व्यवस्थापन गर्नु पर्ने हुन्छ । यसका लागि तत्काल उद्धार कार्यमा खटिन श्रोत साधन सहितको जनशक्ति आपतकालिन अवस्थामा तत्काल Move हुन सक्ने गरी दुरूस्त हालत स्टेण्डवाइ राखिनु पर्दछ । समाजमा हुने सबै खाले घटना, दुर्घटना वा विपदमाा परेकाहरू, असहायहरूको उद्धार गर्ने र व्यवस्थापन सक्रियरूपमा गर्नुपर्दछ । प्रहरी कर्मचारी कानूनको पालना गराउने अंग भएकोले सर्वप्रथम स्वयम कानूनको परीधिमा रही कानूनको मर्यादा राखेर परिचालित हुनु पर्दछ । तसर्थ, सर्वसाधारणलाई अनावश्यक हैरानी हुने तथा दुःख दिने, विनाकारण झन्झटमा फसाउने कार्य गर्नु हुँदैन ।

**ज) जनसम्पर्क सम्बन्धमाः**

**१.** प्रहरी कर्मचारीको कर्तव्य सेवा र सहायता दिने, पीडितलाई न्याय दिलाउने दायित्व हो । नागरिक सचेतना बढेकोले नागरिकले हामीलाई हरपल निगरानी गरिरहेको हुनाले हाम्रो हरेक कार्य पारदर्शी हुनु पर्दछ । यसो गर्न सके कुनै पनि प्रहरी कर्मचारीले अपजस खेप्नु पर्दैन भन्ने कुरामा हामी सबै सजक र सतर्क हुन जरूरी छ ।

**२.** धेरै जसो प्रहरी कर्मचारीहरूको भनाई र गराई फरक हुने, अभद्र व्यवहार गर्ने, क्रुरता देखाउने तथा प्रहरीको सहयोग माग्न जाने व्यक्तिलाई अनावश्यक हैरानी दिने, बिनाकारण व्यक्ति थुन्ने, प्रलोभनमा फसी अपराधीलाई छुटाई निर्दोषलाई थुन्ने, यातना दिने भन्ने जस्ता अफवाह फैलने र गुनासो समेत आइरहने हुनाले सर्वसाधारण जनता यसमा विश्वास गर्न पुग्दछन् । त्यो भ्रमलाई प्रहरीले चिर्नको लागि समाजमा नागरिकसँग

हातेमालो गर्न जरूरी हुन्छ ।

३. आफ्नो जिम्मेवारी इलाकाको भौगोलिक वातावरण, रीतिरिवाज, संस्कृति लगायत अपराधिक र आपराधी, गुण्डागर्दी, राजनीतिक गतिविधि एवं विविध पक्षको जानकारी राख्नुका साथै एरियाको सबै रेकर्ड व्यवस्थापन गर्नु पर्दछ । प्रत्येक दिन कम्तिमा १० कि. मि. दुरी गाउँमा गस्ती गर्ने, अपराध गतिविधि, महिला तथा बालबालिका माथि हुने अपराधबारे गाउका भद्रभलादमी, समाजका सक्रिय महिला कार्यकर्तासँग अन्तरक्रिया, भेटघाट गर्ने । सबैको सम्पर्क नम्बर लिई कार्यालयमा रजिस्टरमा दुरूस्त राख्ने । कमान्डरले कम्तिमा तीनदेखि चार हजार नागरिकको सम्पर्क नम्बर राख्ने गर्नु पर्दछ। यसबाट कार्य क्षेत्रको अवस्था अनुसार सहजै छिटो भन्दा छिटो सूचना प्राप्त गरी शान्ति सुरक्षा बहाल राख्न मद्धत पुग्दछ ।

४. सरकार, स्थानीय प्रशासन, अन्य सरकारी तथा गैरसरकारी निकाय र आम नागरिकसँग आवश्यक समन्वय कायम गरी संगठनको क्रियाकलापलाई अगाडि बढाउन र रचनात्मक कार्यहरू निरन्तर रूपमा गरिरहनु पर्दछ ।

**झ) जनचेतनामूलक कार्यक्रम सम्बन्धमाः**

१. वैज्ञानिक प्रविधि सम्बन्धी विकासको प्रभावले सुरक्षामा पर्न गएको असर, त्यसको देखासिकी यस बाहेक आत्महत्या, लागूऔषध, साईबर अपराध, मानव बेचबिखन, बालबालिकामाथि हुने अपराध जस्ता घृणित र जघन्य प्रकृतिका अपराधहरू दिनानुदिन वृद्धि भइरहेकोले सुरक्षा चुनौती बढेको छ । यसलाई नियन्त्रण गर्न प्रहरीले समाजमा रहेका हरेक अङ्गसँग निरन्तर हातेमालो गर्दै क्रियाशील प्रहरी हुनु नितान्त जरूरी हुन्छ । त्यस्तो अपराध घट्ने Zone हरूलाई पहिचान गरी नियन्त्रण र निरूत्साहित गर्न सो एरियाको Action Plan बनाई अगाडि बढ्नु पर्दछ भने महिला र बालबालिका लक्षित विशेष कार्यक्रम संचालन गरिनु पर्दछ ।

२. अहिले सामाजिक सञ्जाल व्यक्तिका लागि जीवनकै अभिन्न अङ्गजस्तै भएको छ । प्रविधिको विकासले सबैजसो नागरिकसँग मोबाइल तथा Internet सजिलै उपलब्ध रहेको छ । फेसबुक, ट्वीटर, युट्युव र इन्स्टाग्रामको प्रयोगकर्ताहरू दिनानुदिन बढ्दै गइरहेका छन् । सामाजिक सञ्जाललाई एउटा सूचनाको माध्यम मानेर यसको उपयोग गरिनुपर्नेमा सामाजिक सञ्जालमार्फत समाजमा विकृति फैलाई दुरूपयोग गर्नेको संख्या बढ्दै गइरहेकाले ठगी, आत्महत्या, चरित्रहत्या आदि जस्ता अपराधहरूसमेत बढेका छन् । त्यस्ता खालका पोष्टहरूमा

लाईक, कमेन्ट तथा सेयर गर्ने काम नगरी जथाभावी तवरले अपरिचित व्यक्तिहरूसँग सम्पर्क गर्नु हुन्न भन्नेतर्फ सजगता बढाउन मातहत अधिकृत तथा जवानहरूलाई समेत Cyber अपराध र सामाजिक सञ्जालको सदुपयोग र दुरूपयोगको बारे जानकारी गराई आफ्नो एरियाको नागरिकहरूलाई सुसूचित गराउने कार्यक्रम संचालन गर्नु पर्दछ ।

**३.** बद्लिदो सन्दर्भमा Virtual online को माध्यमद्वारा सिनियर अधिकृतहरूद्वारा विभिन्न जनचेतनामूलक कार्यहरू गर्न सकिने अवस्थालाई मध्यनजर गर्दै सोही अनुरूपको व्यवस्थापन गरेमा जनविश्वास बढ्न जानेछ ।

**४.** वर्तमान अवस्थामा कोभिड-१९ को संक्रमणले सम्पूर्ण क्रियाकलाप प्रभावित भएको अवस्थामा यसको रोकथाम, नियन्त्रण र उपचारको लागि सबै तहका प्रहरी कर्मचारीहरू आफ्नो ठाउँमा सजक, सतर्क र सुरक्षित रही स्वास्थ्य मापदण्ड पालना गरेर विभागीय निती निर्देशनहरू पालना गर्दै नागरिक सेवामा तदारूकताका साथ परिचालित हुनु पर्दछ ।

**ञ) सूचना प्रवाह सम्बन्धमाः**

राज्यको चौथो अङ्गको रूपमा रहेको पत्रकारको आफ्नै अहम् भूमिका रहेको छ । पत्रपत्रिका जनमत प्राप्त गर्ने शसक्त माध्यम हो भने समाजको ऐना पनि हो । कहिले काहीं सेलिब्रेटी बन्ने क्रममा कतिपय प्रहरी कर्मचारीहरू आचरणको दायराभन्दा बाहिर गई घटनालाई अतिरञ्जित पारेर वा भ्रमपूर्ण कपोकल्पित कुरा प्रकाशित गर्दा जनतामा भ्रम सिर्जना भई प्रहरी संगठनमाथिकै विश्वासमा संकट पैदा हुन जान्छ । तसर्थ, सूचना प्रवाह गर्न तोकिएका सूचना अधिकृत बाहेक अन्य प्रहरीले मिडियामा सम्पर्क गर्न आवश्यक छैन ।

**सारांस**

अनेकौ चुनौतिपूर्ण अवस्थाको दौरानमा समेत विचलित नभई जनताको सेवामा तल्लिन रहेको नेपाल प्रहरीले गौरवपूर्ण ईतिहास बोकेको छ । विभिन्न ऐन कानून प्रदत्त अधिकारहरूको समुचित प्रयोगले गर्दा समाजमा शान्ति सुरक्षा र अमनचैन कायम राख्ने कुरामा अटल रूपमा अगाडि बढ्ने क्रममा अनेकौं बाधा अवरोधहरू सिर्जना हुन सक्छन् । अतः माथि प्रस्तुत गरिएका मार्ग निर्देशनहरूलाई अनुभूत गरी कार्यान्वयन गर्न सकेमा कानूनी राज्य स्थापना गर्ने कार्यमा थप सहयोगसिद्ध हुनेछ ।

◆◆◆

नियात्रा

# यालबाङको हालखबर



✍ युवराज नयाँघरे

'स्वागत छ यालबाङमा !' बिहानै छ ।

चिसो र घामले लखेटालखेट गरे पनि उज्यालो र झलमल तातो जितिरहेको छ । घाँटीको गलबन्दी खोलेर थन्काए पनि खोलिनँ कान छोपुवा टोपी ।

यालबाङको माटोले टेके लगत्तै भनेको थियो- 'दुखाइपिराइ भुल्नु । यालबाङमा थकाइ मार्नु । फेरि पनि स्वागत !'

ट्रिपर परबाट झरेपछि हामी पश्चिमतिर लाग्यौँ ।

अघि परैबाट पाखोमा बसेको यालबाङ देख्दा मनमा सरेथ्यो पखेराको झलमल्ल उज्यालो । मास्तिर हरियो पहाडको थुम्के-थुम्के तरेली । त्यो तरेलीलाई रूख, पोथ्रा र बुट्यानले सिँगारेथे ।

दक्षिणतिर हुम्ला कर्णालीको गर्जन छ अटुट ।

बाटाका दक्षिणपट्टि लस्करै घरहरू थिए । मैले सरर्र हेरेँ यालबाङलाई । मीठो घाममा आङ तन्काएर बसिरहेथ्यो यालबाङ ।

बाटो मास्तिर ठूलो, भव्य र सुन्दर गुम्बा थियो ।

एकछिन आँखा चिम्लेँ । सारा चराचर जगत् बिर्सें । बा-आमालाई मात्र सम्झिरहेँ । पहाड, हिमाल, ताल, नदी, वन, हावा र घामलाई शरीरबाट बिदा गरेँ । मेरा शरीरमा टाँसिएका प्रकृतिका सबै तत्व झन्-झन् गहिरिएर बसे ।

मैले थपाउन खोजेँ, ती टाँसिन खोजे ।

अगाडिको गुम्बाको मन्त्र हृदयको कम्पमा झन्-झन् सर्सरायो । मैले जितिनँ, नहारेका घामपानीले मुसुक्क हाँसेर भने- 'नभाग, जीवन नै यही हो !'

त्यही भन्यो अगाडिको गुम्बाले पनि ।

'२०४५ सालमा बन्न सुरू भएको यो गुम्बा । बनिसक्न लामै समय

लाग्यो ।'

कन्जोकले भने ।

म लम्किरहेको छु । मेरो छेउमा छन्- मुन थापा ।

हामी हिल्सा जाने मूल बाटोलाई बिदा गरेर दक्षिणपट्टिको गोरेटोतिर लाग्यौं । पश्चिमपट्टिको खोंचमा थियो- महाबौद्ध माध्यामिक विद्यालय । विद्यालयको चौरमा केटाकेटीको हुल चर्के थियो ।

अलिक ओरालो र तेर्पे भएर एउटा काठे बार नाघेर पस्यौं- आधारको कार्यालयमा । अबको दुई रात मैले यही घरमा ज्यान बिसाउनु छ, झोला बिसाउनु छ र मन सुस्ताउनु छ ।

२२ जेठ ।

खाना खाएर म ढुक्कले निदाएँ । निकै दिनदेखि शरीरमा भने जस्तो ओछ्यानको तातो र सुविस्ता भित्रिएको थिएन । राम्रोसँग ओछ्यान र शरीरको मिलाप नहुँदा थकान थपिएको-थपिएकै थियो ।

'भरे साँझ अर्कै गाउँ जाउँला !'

'तर भोलि बिहान गुम्बा र यालबाङका दुई गाउँ पसौंला !'

कन्जोकले मलाई आफ्नो योजना सुनाए ।

यालबाङमा २५ घर रहेछन् ।

हुम्लाका पुराना गाउँमा यालबाङको परिचय छ बेग्लै । हामी बरालिन निस्क्यौं साँझपख । चिसोले कान, नाक र ओठलाई नचिनेको व्यवहार गरिरह्यो । उसको जिस्काइलाई खेलाँची मानिहाल्ने स्थिति नि थिएन ।

उत्तर-दक्षिण फैलेको देखिन्थ्यो यालबाङ । तल कर्णालीका किनारदेखि माथि पहाडका कम्मरसम्म यालबाङको सुन्दर फैलेको थियो ।

यालबाङको माझबाट हिल्सा जाने ठूलो बाटो सुलुलु गएको छ । यो बाटोमा केही चारपाङ्ग्रेले उडाउँछन् धुलो ।

हेलिले बोकेर ल्याएका यी ट्रिपर हेर्दै यालबाङका बूढाबूढी छक्कै मान्छन् । उनीहरूले कल्पना नगरेको कुरो यहाँ भइरहेको थियो । उनीहरूले सोच्नै नसकेको कुरा यतिखेर भइरहेको थियो । उनीहरूले जतिसुकै मरिमेटेर सपना देखे पनि छक्कै लाग्दो विपना भइरहेको थियो यस बेला ।

राति भान्सामा अण्डा पाकेछ ।

'यै हो सिकार !'

मुनले अण्डाको रोटी थालमा राख्दै भनेथे ।

यालबाङमा मासु काट्न नपाइने रहेछ । गाउँलेले काटमार गर्दा रहेनछन् । गुम्बा बनेपछि गाउँमा उर्दी जस्तै भएछ-'हिंसा नगर्नु, काटमार नगर्नु ।'

त्यही भएर मासु खान मानिसहरू सिमीकोटसम्म पुग्छन् रे ! मासु किन्नु परे- सिमीकोटै पुग्नु पर्ने रहेछ ।

अघिल्लो वर्ष क्रोचो लुम्बादेखि यांगुर हिमालसम्म हिउँ परेछ भयानक । तल खेतसम्मै हिउँको थाक थुप्रिएछ । पुया खोलाको डाँडामा थुप्रै मरेछन्- झारल ।

यतातिर मासु खाने दुई तरीका रहेछन् ।

कि जीवको काल कुर्नु पऱ्यो ।

कि त अकालमा ठेलिदिनु पऱ्यो ।

चरिरहेका याकलाई कि भीरमा ठेलिदिनु पऱ्यो, कि त ऊ कहिले मर्छ भनेर कुरिरहनु पऱ्यो । सोझै काटमार गर्न नपाएपछि यो असामान्य पनि त भएन ।

गएको वर्ष पाखामा चर्न आएका झारल हिउँमा परेछन् । हिउँमा पुरिएका खुट्टा बाहेक मास्तिरको जिउ काटेर मानिसहरूले मस्तले खाएछन् । आलो मासुको स्वाद खाएर निकै रमाए हुँदा हुन्-गाउँलेहरू ।

हिउँ घट्दै गएपछि काटिएका खुट्टा बिस्तारै देखिए झारलका । यो कुरा एक कान दुई कान हुँदै गयो । हिउँको भासमा परेका झारलले अकालमा ज्यान गुमाएथे ।

घोरल, झारल र नाउर निकै पाइने यतातिर-अब उप्रान्त कसैले काटमार गर्न नपाइने उर्दी नै जारी भएछ ।

'नाउर यै !'

'घोरल पनि यै !'

'झारल पनि यै !'

थापा, लामा र मैले अण्डा खाँदा भनेथ्यौं ।

मैले अरू थपेर हसाएँ- 'मलाई मटन पनि यै । चिकेन पनि यै ।'

१ असार ।

बिहान पानी छिट्यायो । मन अत्यासियो ।

आज दिनभरि जस्तो यालबाङ घुमिसक्नु छ मैले । यालबाङको अनुहार हेरिसक्नु छ मैले । यालबाङसँग गाँसिएका आँगन नाघिसक्नु छ मैले ।

पानी छिट्याउँदै गरे पनि हामी गुम्बातिर लाग्यौं । बाटो मास्तिर ठूलै ठाउँ ओगटेको थियो नाम्खा ख्युङजोङ गुम्बाले ।

कन्जोक र म गुम्बाको आँगनमा पुग्यौं ।

'मिलेसम्म रिन्पोछेसँग भेट्टाउँछु म !'

लामाले बाटैदेखि भनेथे ।

त्यहीं गएपछि थाहा भो- रिन्पोछे थिएनन् गुम्बामा ।

यो गुम्बा बनाउनमा पेमा रिक्साल रिन्पोछेको ठूलो लगानी रै'छ ।

रिन्पोछेको निकै मिहिनेत र पसिना चुहाइले यो भव्य गुम्बा बन्न सकेछ ।

खादा र धुप किनेर गुम्बाभित्र पस्यौं हामी । भव्य पूजा भइरहेथ्यो लामाहरूको मन्त्रसँगै । ठूला-ठूला तनक्क तन्केका सुरिला बाजा बजिरहेथे त्यो बेला । बालक, किशोर, बैंसे र वृद्ध भिक्षुहरू ध्यानमा मग्न थिए, कतै मन्त्रमा निमग्न थिए, कतै पूजामा लीन थिए ।

एक पटक मन्त्रको भुनभुन भयो अविरल । अर्को पटक बाजाहरू धोद्रे स्वरमा बजे अविचल । अनि दुवै स्वाट्टै हराए । हृदय भयो चकमन्न । त्यही सुनसानमा म पश्चिमपट्टि रहेको छात्राबासतिर गएँ ।

त्यहाँ दिङ्गाका छेफेल लामा, कारखाङका तेन्जन लामा, खगाल गाउँका ताक्पार लामा, यारीका जाङमो लामा, हेक्पाका सोनाम कोन्छोक लामा र ताङ्गिनका दावा तुन्डुप लामासँग भेट भयो ।

उनीहरू आएका थिए चन्दा दिन । रिन्पोछेले पूजा गरिदिऊन् भनेर बाहिरै खादा किनेर कुरिरहेथे ।

'कुन पूजा ?'

सोधें मैले ।

'छेच्यु र नेर्डा पूजा ।'

यी सबै पूजा रिन्पोछेले गर्ने परम्परा रहेछ ।

गुम्बा ठूलो थियो । मूल चैत्य बाहेक वरिपरि घेरिएका अरू पठन पाठन गरिने कक्षा, आवास, भोजन, पूजापाठ, बिक्री, भण्डार, सुरक्षा लगायतका सयौं कक्षहरू थिए । अत्यन्तै कलात्मक गुम्बाभन्दा पूर्वतिर थियो अर्को आकर्षक स्तुप । केही फन्को मारेर तल सडकतिर झर्‍यौं ।

'भोक मारौं है !'

मैले खोजेको कुरा भने कन्जोकले ।

त्यसपछि हामी गुंडमै फर्कियौं । जाडो थियो । मस्तले खाइयो-थपी थपी ।

घाम ढल्केपछि हामी यालबाङ गाउँ घुम्न गयौं ।

पुरानो र नयाँ गरी २ वटा गाउँ थिए यालबाङका । पुरानो गाउँ तल कर्णालीको किनारसम्मै लेपासिएको थियो । बाटो खुलेपछि धेरै घर मास्तिर नि बनेथे ।

हामी अघिल्लो दिन चारपाङ्ग्रेमा झरेको ठाउँसम्म मूल बाटो भएर पुग्यौं ।

सोनाम त्यही भेटिइन् ।

'खोइ त निमा ?'

मैले सोधिहालें ।

'गुम्बा गएकी छ !'

मनमनै लाग्यो-'अब यो युवतीको मन थिरमा आउला कि !'

हामी नयाँ गाउँ नफिरी सडकै सडक पूर्वतिर लाग्यौं । निकै पर पुगेर फेरि ओरालो झरेपछि पुरानो गाउँ

पुगिन्थ्यो यालबाङको ।

कर्णालीपारि अनौठो खपटे-खपटे पहाड थियो । ती खपटामा पनि नाउर र झारल उफ्रिरहेका देखिन्थे । पखेरा थिए अग्ला न अग्ला ।

ती अरिमट्ठे र अक्करे ढुङ्गामा हिउँ राशि खसिरहेको देखिन्थ्यो खतत्त-खतत्त । कति ढुङ्गेनी चुच्चा र चेपमा हिउँ जब्बरिएर बसेको देखिन्थ्यो ।

यतिखेर म नि कतै खस्थें, कतै जब्बरिएर बस्न पुग्थें ।

हिउँले ताछेका, खारेका, तिखारेका, मुठारेका र घिच्याई-मुन्ट्याई गरेका डाँडाहरू जताततै टुप्लुकिन्थे । त्यस्तै जताततै हप्कीदप्की लाएर सम्मिएका खर्क र पाटनहरू नि देखिरहेथें म ।

हुम्लामा खसहरूलाई टोपीटाले भन्छन् लामाहरूले । उनीहरूले नै रोङवा भनेको औल वा गर्मीको बासिन्दा भन्ने अर्थ रहेछ ।

हामी यालबाङको पुरानो भेरा गाउँमा छिर्‍यौं । माटो छापेका, अगाडिपट्टि ह्वाङ्गै थिए माथिल्लो तला । अन्न सुकाउन, घाम ताप्न मिल्ने खालको भाग हरेक घरमा देखिन्थे । सबैजसो घरहरू लड्न आँटेका र पुरानिएका देखिन्थे ।

कुनै-कुनै घरका तल्लो तलामा घोडा, झोपा देखिन्थे । केही घरमा फाट्टफुट्ट आइमाईहरू मसिना बच्चा बोकेर यताउता गरेका देखिन्थे । धेरै घरमा ताल्चा ठोकिएको थियो ।

स्याउ, आरू र ओखरको लदाबदी थियो पुरानो यालबाङमा । स्याउगाले उज्यालोमा थियो यालबाङ । धेरै घर त लड्नै लागेका देखिन्थे ।

'खोई त यहाँका मान्छे ?'

'सबै मास्तिर सडकमा !'

कन्जोकले भने ।

बाटोमा थान देखियो । अनेक रातासेता धजा फर्फराइरहेथे ढुङ्गेनी-थानमा । गाउँलेले मानिआएका विश्वासमा हाम्रो मनले अविश्वास गर्ने कुरा भएन । हिल्सा र फोलाको देउता थान रै'छ यो ।

यालबाङको पुरानो गाउँ एउटा ठूलो अक्करे ढुङ्गामाथि बसेको थियो । त्यही ढुङ्गाको पूर्वी कुनामा भेटिएकी थिइन्-आङमु लामा ।

'जू ! जू !' नमस्ते फर्कायौं आङमुको ।

कसै गरी उनले फुत्कन दिइनन् । घरमा पसेर पानी खाई उम्कुँला भनेको जुमाको दुध तताइहालिन् । नखाई जानै पाइएन । आङमुको हार्दिकतामा सर्लक्कै गलें म ।

पुरानो यालबाङमा भेटिएकी उनी नै थिइन् ।

त्यसपछि हामी ढुङ्गेनी

उकालो लागेका थियौं । ढुङ्गेनी उकालो पूर्वी कुनालाई सबैले मान्दा रहेछन् । लामा बस्तीमा नि हिन्दू शैलीको पूजापाठले मनमा खुल्दुली गरायो ।

सबै घर रित्ता, ढल्न लागेका, पाखो खुस्केका र पर्खाल भत्किरहेका देखिन्थे । बाटो आएपछि पुरानो र परम्परा यसैगरी मास्तिर सर्दोरहेछ, सुविधातिर, नयाँ र सहजतातिर जाँदो रहेछ । घरहरूले त्यही बोलिरहेका थिए ।

तर इतिहास, परम्परा, हिजोको संसार र चिनुबानु माटैमा मिलाउनु पर्छ भन्ने त छैन होला नि... !

मनमा सिस्नुले हिर्काउन छोडेन ।

बडेमानको बसाहाजस्तो ढुङ्गा छ । अजङ्गको सेतो हात्ती बसेजस्तो छ- चट्टान त । आँखैले हेरिनभ्याइने साँढेजस्तो छ-आपट्टे चट्टान त ।

त्यसैमा कति रूख, लहरा थिए । पानीको सानो खोल्सो नि कुद्दो रहेछ बर्खातिर । कुलेसाका डोब ढुङ्गाभरि थिए ।

ढुङगेनी चुली नाघेर खोल्सो तऱ्यौं ।

हरिया भ्याम्म रूखहरू थिए । सर्लक्क लहलहराएका लहराहरू थिए । नयाँ र पुरानो यालबाङ बस्ती पश्चिम खुर्मुरिने भीर थियो । थिरी-थिरी गर्दै हामी उत्तरतिर लाग्यौं ।

रसिला गराहरू थिए । नयाँ-नयाँ तरकारी, फूल र फलमा रोपाइँ गरेथे गाउँलेले । तर ज्यान गुडेर एकैचोटि तल हुम्ला कर्णालीमा चोबलिन्थ्यो । डराई-डराई मैले खुट्टा लम्काएँ ।

मास्तिर पुगेपछि अर्को ढुङ्गेनी थुम्को भेटियो । पसल थिए केही । मान्छेको भीडभाड थियो बेपत्तै ।

'यो अब नयाँ यालबाङ !'

कन्जोक अघिअघि थिए ।

उनले सेरोफेरो देखाए । ३०-३२ नयाँ रङ, शैली, रूप र ढङ्गका घरहरू बनेका थिए । ती थिए अलिक छरिता र उज्याला । ती काठ र जस्ताले सिँगारिएका थिए । ती आँखामा चमक भर्ने रङले सजिएका थिए ।

बाटैमा एउटी सुत्केरी भेटिइन् ।

'कताबाट ?'

'तालिम लिएर !'

'केको तालिम नि ?'

'तरकारी उमार्ने !'

ती जम्मा ५ दिनकी सुत्केरीलाई निहालें । उनको बच्चालाई हेरें । उनको साहस र रूचिलाई पर्गेलें ।

खोल्सो तरेर उकालो लाग्यौं- हामी । सुत्केरीको जोडी पछाडि पऱ्यो ।

'बिचरी भत्ताको आशमा !'

कन्जोकले कुरो खोले ।

'यिनले तरकारी त के रोप्लिन् । २-४ सय भए पनि भत्ता आउला र भोक टारूँला, बच्चालाई स्याहार होला भनेर... ।'

मैले थपें-'... सबै कष्ट भुल्दै भए पनि आएकी सुत्केरी बिचरी !'

यालबाङको नयाँ बस्तीमा सरकारी अड्डा, प्रहरी थाना, गाउँपालिकाको कार्यालय नि यतै रहेछ । सबैमा आँखा लगाउँदै हामी माथिको गुम्बानिर आइपुग्यौं ।

घाम डुबुँला-डुबुँला भएथ्यो ।

हामी आधार पुग्नु अगाडिको थुम्कोमा बस्यौं । हिल्सा गएको बाटो नौडाँडा पारिका थुम्का, चुली र वन भएर उत्तर-पश्चिमतिर बेगिइरह्यो ।

मैले पूर्वतिर पसारिएको ठूलो चौर देखाएँ-तल हुम्ला कर्णाली तीरमा ।

'त्यो यालबाङ चौर !'

कन्जोकले देखाए ।

'त्यहाँ ५०-६० वर्ष अघिसम्म ठूलो हाट बजार लाग्ने गर्थ्यो। दार्चुलादेखिका मानिसहरू यहाँ आउँथे । भोटका व्यापारी नि भित्रिन्थे । तिब्बतका सामानहरू लस्कर बाँधेर घोडा र याकमा आउँथे । हाम्रै जुम्ला, बाजुरा, कालीकोटेहरू नि बर्खाभरिलाई पुग्ने अन्नपात किन्न आउँथे रे ।'

'अहिले बजार नि छैन । रित्तो चौर त्यत्तिकै छ । अब यो बाटो बनेसँगै केही होला कि ?'

लामाले बोलेको सुनें ।

जाडो थियो । धेरै हिँडेकाले तातेथ्यो जिउ । तर नाक र कान भने चिसोले डामेर घर पस्न मन गरिहाल्थे ।

हामी उभिए पूर्वतिर थियो एउटा ठूलो झोलुङ्गे पुल । पुलबाट पूर्वतिर लागेको गोरेटो ठाडै दक्षिणको चेप भएर एकनासले उकालिइरहेथ्यो ।

'काँसम्म पुग्छ यो बाटो ? म अनकन्टार पो देख्छु त उता ।'

'याला पुग्छ । रानी सैना र सैपाल पछाडि भएर याला पुगिन्छ । त्यहाँ पनि ३२ घर छन् । चौरी पालेर बसेका छन् । भीरैभीर भएर याला पुगिन्छ । सिकार खेलेर यालाका मान्छे बाँच्छन् ।'

'अहिले पनि अनकन्टारको जीवन छ त्यहाँ । सल्ली, यालबाङ र मुचुबाट यालामा पुगिन्छ । जुडीबुटी, गुच्ची च्याउ, यार्सागुम्बा खोजेर बाँचेका छन् लामाहरू– यालामा ।'

कन्जोक बोलिरा' छन् ।

४२५० मिटर काटेर बल्ल पुगिन्छ याला । जब कि यालाको उचाइ रहेछ– ३६५० मिटर । साह्रै कष्ट काटेर त्यहाँ पुगिँदो रहेछ ।

यालालाई घोर दुःख, महाकष्ट

र औधी आपतको रूपमा हेर्ने चलन रहेछ हुम्लामा ।

'याला नजा, पुया नजा
सग्गे लाग्न हिउँ छ
बरू म अनुने खाउँला
एक्लो शाहीको जिउ छ ।'

स्वास्नीले लोग्नेलाई यसो भनेर सम्भाउँछे । गोठ र खर्क जाने लोग्नेलाई यै गीत मार्फत फकाएको चर्चाले यालाको विकटता देखिन्थ्यो ।

मुगु, डोल्पा, बभाङतिरका नि याला वरपर यार्सागुम्बा टिप्न जाँदा रहेछन् । तर त्यताको यार्सा उत्तिको गतिलो हुन्न रे ।

त्यसो त यतैतिर पाइने रहेछ- खोट सल्ला, कुटुकी, जटामसी र आत्तिस । त्यस्तै पाँच औंले, पदम चाल, सुनपाती, वन लसुन, सतुवा जस्ता जडीबुटीहरू सबै चीनतिर जान्छन् रे ।

हामीले चिनेर पनि मूल्य बुझेनौं । जानेर पनि अझै मूल्यवान बनाउन सकेनौं । त्यो छटपटी यालबाङको यो भुइँले झन् बिउँताइरा'छ मलाई ।

यालबाङको लेककै खर्क, पुया खोला जाने पुल त्यही थियो । याला जाने बाटो नि त्यही कर्णालीको पुल नाघेपछि तेर्छिदो रहेछ ।

'के छ र हेरूँ, को छ र भेटुँ' का तुलबुलमा मेरा आँखा थिए । त्यसै-त्यसै पुलकित थिएँ म ।

कीरा लाग्ने, गर्मी लाग्ने भएकाले अब गोठालाले बिस्तारै भेडा, च्याङ्ग्रा यालाको लेकतिर लाने समय भएको रहेछ । फेरि बुकी पलाउने माथि पाटनमा भेडाबाख्रा लगिने रहेछ ।

मैले पारि पुयाको उकालीमा गहिरेर हेरें- याला जाने ठाडै उकालीमा सेता-काला भेडाबाख्रा चल्मलाएको देखिन्थे ।

गोठालाले उकालिरहेथे भेडाका बथान पुया खोलाको उकालीमा । तल कर्णालीको छालमा थपिएकाथपिएकै थिए पानीका छाल र गुजुल्टाहरू ।

यालबाङको अनुहार टाँसियो मीठो भएर छातीभरि । ♦♦

## गजल



✍ **प्र.ह. मानबहादुर बोहरा**

बसन्तको लहर सम्झें ,
गजलको बहर सम्झें ।

उनले दिएको सुन्दर ,
सपनीको सहर सम्झें ।

प्रेममा त विश्वास हुन्छ ,
जिन्दगीको ठहर सम्झें ।

अन्धकारको यो जिन्दगीमा ,
प्रभातको प्रहर सम्झें ।

# महिलाले अपराध किन गर्छन् ?



✍ प्रकाश कुमार अधिकारी

गत साउनमा काठमाण्डौंको गोंगबुमा एउटा सुटेकसभित्र टाउको काटिएको शव र त्यसको केही पर झोलामा टाउको भेटिन्छ । अधबैंसे उमेरको पुरूषको उक्त शव कसको हो र किन यति लोमहर्षक हत्या कसले गरेको होला भन्ने स्वभाविक जिज्ञासा सबैमा हुने नै भयो । अनुसन्धानले हत्यारा महिला भएको खुल्छ र हत्या गर्ने तरिका असामान्य खालको देखियो ।

अपराधका बारे वैज्ञानिक अध्ययन गर्ने पहिलो व्यक्ति सेसरे लोम्ब्रोसोका अनुसार महिला अपराधीहरू समकक्षी पुरूषभन्दा बढी दारूण हृदयका हुन्छन् र उनीहरूको नृशंसता परिष्कृत र पैशाची हुन्छ । गोंगबु घटनामा पीडित पुरूषलाई आफ्नो निवासमा बोलाएर पहिला दहीमा पाँच वटा स्लिपिङ ट्याबलेट खुवाएर लट्ठिएपछि अण्डकोषमा हम्मरले प्रहार गरिन्छ । त्यसपछि सलले घाँटी कसिन्छ । पीडित मरेको एकिन गरेपछि भान्छा कोठामा घाँटीमाथिको भाग छिनाएपछि ट्वाइलेटमा लगेर घुँडामाथिको भाग छिनाएको, जिउ सुटकेसमा तथा खुट्टा र टाउको जेब्रा झोलामा राखेर छुट्टा छुट्टै स्थानमा फालिएको थियो । हत्या यति सुनियोजित थियो । दुई वटा खुकुरी र हम्मरको प्रयोग गरी यो वारदात सम्पन्न गरिएको यस घटनामा पुरूष जननेन्द्रियलाई निसाना बनाएको देखियो ।

अपराधको अध्ययन अनुसन्धान पौरूष आपराधिक प्रवृत्तिलाई नै आधार मानेर हुने गरेकोले अपराधलाई पुरूष चरित्र भनी चित्रित गरिन्छ, कथित् पुरूषत्व (masculinity) को प्रदर्शन भनेर बुझिन्छ । । पुरूषको आपराधिक प्रवृत्तिको व्याख्या विश्लेषण नै अपराधको साङ्गोपाङ्गो व्याख्या विश्लेषण हो भनिन्छ । बालक, छोरो र पुरूषको तुलनामा बालिका, छोरी र महिलाको सामाजिकता र पारिवारिक जिम्मेवारी तुलनात्मक रूपमा सघन हुने भएकोले सामान्यतः महिलाले कानूनको

पालन गर्छन् भन्ने परम्परागत विश्वासले यस्तो भएको हो । यो कुरा तथ्याङ्क र दैनिक कार्य-व्यवहारबाट पनि देखिएको छ । अपराध गर्ने भनेका बहुसंख्यक पुरूषहरू हुन्छन् । त्यसमा पनि युवाहरूको संख्या उल्लेख्य हुने गरेको छ ।

समाजमा विद्यमान आर्थिक, शैक्षिक, सांस्कृतिक संरचनाहरूले महिलालाई पुरूषको दाँजोमा तल पारेको छ । शारीरिक र भावनात्मक हिसाबमा पनि महिलाहरू पुरूषभन्दा फरक छन् । यी दुईको शरीर र मस्तिष्कको बनोट फरक फरक हुन्छ । रागरस (हर्मन) पनि फरक हुन्छ । पुरूष भन्ने वित्तिकै स्वतन्त्र, स्वायत्त, बुद्धिमान, जाँगरिलो, दृढ, विवेकशील, भावनामा नबहकिने, प्रतिस्पर्धा गर्न सक्ने, लक्ष्य भेदी र बस्तुपरक जस्ता गुणहरू भएको र महिला भनेकी आश्रित, सहनशील-निष्क्रिय, प्रतिस्पर्धा गर्न नसक्ने, परिपक्वता नभएकी, लक्ष्यभेद गर्न नसक्ने, बुद्धि नभएकी, भावनामा बहने, आत्मपरक, असक्षम, अबला र अविवेकीको रूपमा हेर्ने बुझ्ने गरिन्छ । पुरूषलाई सकारात्मक गुणहरूले चित्रित गरिन्छ तर उनीहरूले गर्ने क्रियाकलाप नकारात्मक हुन सक्छ किनकी अपराध गर्ने धेरैजसो पुरूष हुन्छन् । त्यसैगरी महिलालाई नकारात्मक गुणहरूले चित्रित गरिन्छ जबकी कानून पालना गर्नेमा महिला अब्बल दर्जामा पर्छन् ।

समाज र परिवारको निगरानीमा रहनु पर्ने कारणले महिलामा सानैदेखि अनुशासनमा बसी मर्यादाको पालना गर्ने प्रवृत्ति विकसित भएको हुन्छ । व्यवस्थित र नियमबद्ध जीवनको दैनिकीमा रहने भएपनि राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा महिला मुक्ति वा सशक्तीकरणले महिलाको बदलिँदो आपराधिक प्रवृत्ति र अपराधको बढ्दो संख्याका लागि जिम्मेवार रहेको निष्कर्षहरू छन् । घर बाहिर गएर पेशा, व्यवसाय गरेर व्यक्तित्व विकास गर्ने प्राप्त अवसरले महिलालाई हिनता, निराशा र कुण्ठाबाट छुटकारा मात्र दिएन अपितु पेशा व्यवसायसँग सम्बन्धित अपराध गर्ने मौका पनि उपलब्ध गरायो । आधारभूत मानवीय विवेकका आधारमा महिला र पुरूष समान हुन् भने पुरूषले गरेका काम महिलाले पनि गर्न सक्ने भए । महिला पनि मानिस नै भएकोले इच्छा, चाहना र महत्वकांक्षा हुने नै भए । पुरूष सरह नै कानूनी र गैरकानूनी दुवै प्रकारका गतिविधिहरूमा महिलाको पनि प्रतिस्पर्धा हुने भयो । त्यसैले समाजमा महिलाले लिएको अग्रतासँगै

महिला कसूरदारको संख्या पनि बढेको छ । महिलाले गर्ने अपराध हत्या, कुटपीट, आगजनी, डकैतीजस्ता हिंसात्मकभन्दा सम्पत्ति र आर्थिक कारोबारसँग सम्बन्धित दिउँसोको समयमा पसलमा चोरी, ठगी र भ्रष्टाचारका अपराध बढी हुने गरेको देखिन्छ ।

महिलामा प्रतिक्रिया चाहने मातृवात्सल्य र प्रेम इच्छाको बहुलता हुन्छ । शुद्ध र सभ्य यौनाचारमा टिकेर सुरक्षा र माया गर्ने परिवार दिने बफादार लोग्ने महिलाको जीवनको आदर्श हो । यो पाउने इरादामा उनीहरू कुनै पनि कार्य गर्न तत्पर हुन्छन् । यसमा यौन वा अन्य चाहनाहरूको भूमिका गौण हुन्छ । त्यसैले होला महिलाहरू आक्रामकभन्दा बढी रक्षात्मक पाइएको छ । महिलाले गरेका अधिकांश हिंसाको वारदात प्रतिकारमा हुने गरेको भेटिएको छ । महिलाले आफ्ना परिवारका सदस्य वा नजिकको साथीका विरूद्ध हिंसात्मक अपराध गरेको पाइए तापनि घरेलु हिंसा, बाल यौनाचार जस्ता अपराध गर्नेमा भने पुरूष नै अग्रणी देखिन्छन् । हिंसात्मक अपराध गर्नुपर्दा पनि महिलाले फरक तरिका अपनाएको पाइएको छ ।

महिलामा आपराधिक उद्दीपकहरूको अध्ययन गर्दा मूलतः प्रजननको चरणमा अपराध हुने गरेको पाइन्छ । मासिक धर्म हुँदा वा बन्द हुँदा र गर्भवती भएको समय महिलाहरूमा हुने हर्मोनल असन्तुलनले महिलालाई अपराधतिर प्रवृत्त गराउँछ भन्ने अध्ययनका निष्कर्षहरू छन् । मासिक स्राव हुँदा त्यसले महिलामा आफू कहिल्यै पुरूष सरह हुन नसक्ने कुरा पक्का भएको स्मरण गराउँछ जसपछि हुने पीडाले उनीहरू अपराध गर्नतिर उन्मुख हुन्छन् भन्ने कारण दिइन्छ । यो अवधिमा अपराध गरेका महिलालाई कम सजाय भएको विदेशी अदालतका फैसलाहरू छन् ।

प्रसवोत्तर अवसादको कारण महिलाले नवजात शिशु मारी अपराध गर्ने गरेको पाइएको छ । त्यस्तो बेला हुने हर्मोनल गडबडीले महिलाको मस्तिष्क र आचरण प्रभावित भई हुने शारीरिक परिवर्तनले गर्दा यस्ता प्रकृतिका अपराध उनीहरूले गर्ने गरेको पाइएको छ । यो अवस्थालाई अदालतहरूले आंशिक प्रतिरक्षाको आधारको रूपमा स्वीकार गरेका दृष्टान्तहरू छन् । हुन त नवजात शिशुको हत्या अन्य कारणले पनि भएको हुन सक्छ । पालनपोषण गर्न नसक्ने अवस्था, अवैध वा सामाजिक रूपमा अस्वीकृत गर्भधारणबाट जन्मिएकोले शिशुप्रति आत्मीयता र दयाभावको कमी

वा अन्य सामाजिक मनोवैज्ञानिक कारणले पनि महिलाबाट शिशु बधको अपराध भएको हुन सक्छ ।

सामान्यतया परिवारमा कमाउने बाबु हुन्छ र ऊ घर बाहिर व्यस्त रहन्छ । आमाले घरमा बसेर घरधन्दाको चुलोचौको गर्ने, केटाकेटी हुर्काउन बढाउनेमा सेवा सुसार गर्ने काममा अल्भिरहनु पर्दछ । छोराहरूले सानैदेखि बाबु र आमाले पुरा गरिरहेको यो जिम्मेवारीलाई नजिकबाट नियालिरहेका हुन्छन् । उनीहरूमा पनि बाबुले जस्तै जिम्मेवारी पुरा गर्ने चाहनाको विकास हुन्छ । केटाकेटीहरूको प्रारम्भिक पालन पोषणको अधिकांश समयमा बाबु बाहिरै रहने गरेको यथार्थताले छोराहरूमा सकेसम्म आमादेखि स्वतन्त्र भएर आमाभन्दा फरक भएर रहनु पर्ने रहेछ भन्ने भावनाको विकास भएर आउँछ । बाबुले गरेको बाहिरफेर गएर संसार घुमेर पैसा लिएर आउने कामलाई पौरखको रूपमा बुझेका हुन्छन् । छोराहरू हुर्कँदै बढ्दै गर्दा आमाले घरमा गरिरहेको दैनिक काम बाबुकोभन्दा कम प्रतिष्ठित रहेको र सामान्य घर व्यवहार मात्र रहेछ भनेर उमेरको खुड्किलो चढाइसँगै उनीहरूले मूल्याङ्कन गर्न थाल्छन् । क्रमशः केटाहरूमा महत्वकांक्षा बढ्दै जान्छ । आफूलाई महत्वपूर्ण बनाउने चाहनाले सरल, सुधो, भलाद्मी जस्ता चारित्रिक गुणहरूलाई परित्याग गरेर उनीहरूमा आक्रामक प्रवृत्तिको विकास भएर उनीहरू उदण्डतातिर लाग्छन् । यसले उनीहरूलाई समाज विरोधी, विद्रोही र आपराधिक गतिविधितिर डोऱ्याउँछ अर्कोतिर छोरीमा आमाको सामीप्यता रहन्छ । उनी 'रोल मोडल' अर्थात आदर्श आमाको अनुकरण गर्दै हुर्किन्छिन् । भावनात्मक परिपक्वतासँगै शनैः शनैः स्त्रीत्वका सांस्कारिक पाठ निश्चयात्मक तवरले सिक्दै जान्छिन् । सामान्यतया सुन्दर घर-व्यवहार, सरसफाइ तथा सामाजिक सुसम्बन्धको चाहना उनका लागि महत्वपूर्ण हुँदै जान्छ । पारम्परिक रूपले असल र सुयोग्य बर प्राप्तिका लागि छोरीमा ३२ लक्षण हुनुपर्ने पाठ सिकाइन्छ । शिक्षामा भन्दा रूप, श्रृंगार र सौन्दर्यको प्रसाधनमा बढी ध्यान जान थाल्छ । केटाहरूको मन जित्नका लागि आफूलाई आकर्षक देखाउने राम्रो लुगा र प्रसाधन सामग्री किन्ने पैसाको जोहो गर्न अपराध गर्न सक्छन् ।

समाजले महिलाको सहनशीलता र 'नारी शुलभता' को कदर गर्छ जबकी पुरूषले 'क्रम भंगता' गऱ्यो भने ऊ प्रशंसाको पात्र बन्छ । सिनेमाका कथाहरूमा महिलालाई प्रेमिका, आमा, गृहिणीको रूपमा देखाइन्छ भने पुरूषलाई नियम नमान्ने विद्रोहीको

रूपमा वा खुंखार अपराधी पक्रने वा तह लगाउन सक्ने प्रहरीको भेषमा देखाईन्छ। महिलाको यो 'वर्गीय' भूमिका उनीहरूले गर्ने अपराधमा प्रयुक्त साधनबाट पनि अभिव्यक्त भएको पाइन्छ । सामान्यतः महिलाले पुरूषको जस्तो परिष्कृत हतियार प्रयोग गरेर अपराध गरेको पाइदैन, उनीहरूले त्यस्तो हतियार प्रयोग गर्न जानेकै हुँदैनन्, चलाउने सीप हुदैन । यो पङ्तिकारले भेटेका महिला अपराधीले भान्साको चक्कु, ढुंगा, विष आदिको प्रयोग गरेर अपराध गरेका पाईएको छ ।

सिग्मन्ड फ्रायडको बिचारमा महिलामा रहेको यौन व्याकुलताले उनीहरूलाई आपराधिक कार्यतिर प्रवृत्त गराउँछ । आफूसित पुरूषको जस्तो लिङ्ग (शिस्न) नभएका कारण महिलाले आफूलाई तुच्छ सम्झी लघुताभाषको अनुभूति गर्छन् । लिङ्ग नभएकैले पुरूषले जस्तो घरको मूली भएर परिवारको पालनपोषण गर्ने, बाहिरफेर जाने र कमाएर ल्याउने भूमिकाबाट वञ्चित भई जोई वा आमा भएर सीमित हुन अभिसप्त भएको हो भन्ने उनीहरूको निर्क्योल हुन्छ । महिलाले बालिका हुंदाको बेलादेखि आफ्नो जननेन्द्रिय पुरूषको तुलनामा हिन भएको महसुस गर्छन् र यस्तो लिङ्ग हुनु भनेको उनीहरूका लागि एक प्रकारको दण्ड हो भन्ने उनीहरूको बुझाइ रहन्छ । यो विचारबाट उनीहरूमा ईर्ष्यालु र बद्लाको भावनाको विकास भएर जान्छ । यो भावनाले उनीहरूमा शरीरको प्रदर्शन गर्ने र स्वपीडन रतीमा रमाउने बनाउँछ । उनीहरू पुरूषको मन जित्न र माया पाउन राम्रा आकर्षक भेषभुषामा सुसज्जित हुने, मोहित पार्ने शारीरिक सुन्दरता बनाउने र प्रदर्शन गर्ने प्रयासमा दिलोज्यान दिन्छन् । पुरूषमा भएको कुण्ठा नियन्त्रण गर्न सकेको फलस्वरूप उसमा सुझबुझको विकास भएको हुन्छ तर महिलामा दह्रिलो सुझबुझको विकास भएको हुँदैन । उनीहरूमा इलेक्ट्राको कुण्ठा (बाबुका प्रति प्रेमको झुकाव र आमाको प्रति घृणा) को भावनालाई काबुमा राखी रहनुपर्ने डर हुँदैन । यो कुण्ठाले अपराध गर्नमा महिलालाई अग्रता दिन्छ तर उनीहरूको सहनशीलता र खासगरी बाबुको वा अन्य पुरूषको प्रेम एवं मायाको बलियो चाहनाले उनीहरू त्यो भावनालाई दबाएर राख्छन् । उनीहरू 'पुरूषले बनाएको कानून' उल्लङ्घन गर्न चाहदैनन् । त्यस्तो काम गरेमा उनीहरू प्रतिको पुरूष प्रेम अनुमोदन हुँदैन, भईरहेको प्रेम पनि टिक्दैन र पुरूषहरूले गरिरहेको माया पनि टुङ्गिन्छ भन्ने दृढ विश्वास उनीहरूमा हुन्छ । पहिलेदेखिनै ईर्ष्याको आग्रह हुने भएकोले उनीहरू

स्व केन्द्रित हुन्छन् र सानातिना पारिवारिक र व्यक्तिगत कुरामा बढी ध्यान दिन्छन् ।

सारमा, पुरूष जस्तै बन्न चेष्टा गर्ने महिला नै कुकर्मतिर प्रवृत्त हुन्छन् । यो भनेको मर्दानगी सामाजिक वर्ग भित्रको प्रशंसा प्राप्त गर्ने प्रतिस्पर्धा वा कोसिसमा लाग्ने हो; आफ्नो जन्मजात सहनशीलतालाई स्वीकार गर्न नचाहनुको परिणाम नै अपराध गर्नु हो । यस्ता महिलाहरू पुरूष जननेन्द्रियको दाबी गर्ने चाहना राख्ने इरादाले प्रेरित हुन्छन् । यसले उनीहरूलाई आक्रामक प्रतिस्पर्धातिर डोऱ्याउँछ । यस्तो चाहना वास्तवमा निराशाजनक हो र अन्ततोगत्वाः विक्षिप्ततामा गएर उनीहरू ठोक्किनु पर्छ ।

नेपाली सन्दर्भमा हेर्दा दुई प्रकारको प्रवृत्ति देखिन्छ । एउटा विश्वव्यापी रूपमा जे छ नेपालमा पनि त्यही दोहोरिएको छ भने विशिष्ट स्थानीयता र परिवेशले उब्जाएको मौलिक आपराधिक प्रवृत्ति अर्को रहेको छ । यौन हाम्रो समाजमा नियमन गरिएको आचरणभित्र पर्छ । महिलाहरूले विवाहइतर यौन सम्बन्ध राखी गर्भवती हुने जटिलताले गर्भपतन, भ्रुण हत्या र जातक मार्ने अपराध गर्ने गरेको पाइन्छ । जीविकोपार्जनको लागि विदेश जाने हाम्रो पुरानो जमानादेखि कै चलन हो । लोग्ने परदेश गएका स्वास्नीले र विधवाको पुनर्विवाहमा हाम्रो समाज सर्वसम्मत नहुँदा विधवाले अरूसँग यौन सम्बन्ध राखी गर्भवती हुँदाका महिलाले लोकलाज र सामाजिक निन्दाबाट बच्न गर्भपतन वा जातक दबाउने अपराध गर्ने गरेको पाइन्छ । अविवाहित युवतीले असुरक्षित यौन सम्बन्ध राखी बच्चा जन्माउँदा पनि उनीहरू अपराधमा लपेटिन्छन् । नवजात शिशुलाई सडक, जंगल, झाडीहरूमा त्यसै फाल्ने वा अस्पतालमा बच्चा जन्माई भाग्ने जस्ता अपराधहरू महिलाले एक्लै वा पुरूष साथीको मिलोमत्तोमा गर्छन् ।

महिलाले गर्ने अर्को अपराध बहुविवाह हो । विवाहित पुरूष हो भन्ने जानी जानी उसकी जोई हुन आउनेले बहुविवाहको कसूर गर्छन् । प्रेममा कथित धोका दिएको भनेर केटाले आत्महत्या गरेका वारदातमा केटीलाई आत्महत्या गर्न दुरूत्साहन गरेको अपराधमा अभियुक्त बनाइन्छ । देशभित्र वा बाहिर महिलालाई वेश्यावृत्तिमा लगाएर मानव बेचबिखनको अपराध गर्ने धेरैजसो महिला नै हुन्छन् ।

आधुनिक समाजका महिलाहरू सार्वजनिक जीवनमा पुरूष जत्तिकै

प्रतिबद्ध र जिम्मेवार छन् । उनीहरूको पृथक सामाजिकताले आफ्ना आचरणले आफ्ना निकटवर्ती र खास गरेर आफूमा निर्भर बालबालिकाप्रति पार्ने असरहरूका बारे पुरूष समकक्षीभन्दा बढी चिन्तित हुन्छन् । आजभन्दा सरदर तीस वर्ष अगाडि महिलालाई अपराध गरेको होला भनेर कमै शंका गरिन्थ्यो । शंका गरिएको अवस्थामा पनि धेरै कमलाई मुद्दा चलाइन्थ्यो र मुद्दा चलाइएका मध्ये पनि कमैमात्र अपराधी सिद्ध हुन्थे । महिलालाई कैदमा राखी दिएको दण्डको प्रभाव पुरूषको तुलनामा वृहत्तर हुन्छ । यसले पारिवारिक विघटन ल्याउँछ । महिलाहरू पुरूषको जस्तो हुलदङ्गा नगरी दुर्दशाले ल्याएको बेचैनीलाई कारागारका कर्मचारीले थाहै नपाउने गरी सहेर बस्छन् ।

गम्भीर अपराधमा कसूरदार ठहरिने ८० प्रतिशत पुरूष र जेलको ३ प्रतिशत जनसंख्या महिलाको हुने आँकडा संसार भरिकै हो भन्दा हुन्छ । सामान्यतः मामुली खालका अपराधहरू मात्र महिलाले गर्ने गरेको खुल्छ । महिलाले गरेको अपराध 'दर्ता' नै नगर्ने वा अभिलेख नराख्नाले यस्तो देखिएको हो भन्ने एउटा 'मत' छ भने अर्को कारण फौजदारी न्यायप्रणालीका सबै 'अधिकृतहरू' महिलाप्रतिको व्यवहारमा मृदु (chivalrous) हुने गरेकोले हो भन्ने पनि छ । यो सुविधाप्राप्त वा सुसभ्य व्यवहार हुनुमा पुरूषहरूको महिलाप्रतिको 'हिफाजती मनोदृष्टि' हो । पुरूषहरू महिलालाई आरोप लगाउन मन पराउँदैनन् किनभने उनीहरू महिलालाई दण्डित गर्ने इच्छा पनि राख्दैनन् । R v Lavinia Woodward (२०१७ सेप्टेम्बर) मुद्दामा आफ्नो प्रेमिको खुट्टामा चक्कु प्रहार गरेको अपराध 'ठहर' भएकी युवतीलाई Crown Court को न्यायाधीशले बल extraordinarily able young lady भनी प्रशंसा गरी दस महिनाको कैद निलम्बन गरेका थिए । पुरूषको सामाजिकीकरण महिलाको संरक्षण गर्नुपर्छ भनेर भएको हुन्छ । त्यसैले महिलालाई 'अपराधी ठहऱ्याउने' वा 'काराबास' को फैसला कमै हुन्छन् । ♦♦♦

**पङ्तिकार न्याय सेवामा कार्यरत हुनुहुन्छ ।**

**मुक्तक**

**✍ आकृती खड्का**

मन मष्तिस्कले सधैं पुण्य गर्ने सोच्नुपर्छ
स्वतन्त्र नागरिकले राष्ट्रहित नै रोज्नुपर्छ
यो तेरो यो मेरो भन्दै सधैं पन्छीने मात्र हैन
मर्दा पर्दा दत्तचित्त, जिम्मेवारी बोक्नुपर्छ ।।

कथा

# जँड्याहाको सपना



✍ घनबहादुर थापा

सूर्य पश्चिम डाँडामाथि पुगेर ओरालो झरेपछि साँझले आफ्नो उपस्थिति जनायो । जबजब साँझ पर्छ तबतब मलाई मदिराको तलतल लाग्छ । तैपनि आफूलाई सम्हाल्छु । आज पनि त्यही तलतलले गिज्यायो । यसो पारदर्शी दराजतिर नियालेँ । मदिराका बोतलहरू लहरै सजाइएका थिए । कुनै बाङ्गाटिङ्गा देखिए । मिलाएर राख्न खोजेँ ।

श्रीमती जानुकाले सोचिन् मदिरा सेवनका लागि मैले बोतल झिक्न लागेँ । अनि एक्कासि जङ्गिइन, 'कस्ता जँड्याहा लोग्ने परेछन् हँ ! साँझ पर्न पाएको छैन, तन्क्याई हाल्नुपर्छ है !' जानुकाको कर्कश आवाजले झसङ्ग भएँ । तर वास्तविकता उनले सोचे जस्तो थिएन । त्यही निहुँमा अनाहकमा शङ्का गरी ममाथि बर्साएको कर्कश आवाजसहितको आरोपले मेरो भने मथिङ्गल खलबलियो । हो, मान्छेले कि गल्ती गरेको छ भने कसैको चर्को स्वर सहन सक्छ । तर बिनागल्ती नै आक्षेप सहन कठिन हुन्छ । मलाई अनायासै त्यस्तै भयो ।

सन् २०२० को नयाँ वर्ष सुरु हुनै लाग्दा विश्वभरका मानिसहरूले एक्कासि कोरोनाको कहर सहनुपर्‍यो । नयाँ भाइरस भएकोले कसैले एकिन तथ्य भन्न सकेनन् । कोरोना र यसका लक्षणबारे अनेक तथ्य सार्वजनिक भए । पछि फेरि नयाँ भेरिएन्ट सहितको दोस्रो लहर आयो । मान्छेहरू झन् रनभुल्ल परे । केही हल्लाहरूले मथिङ्गल हल्लिन पुगेको अवस्थामा जानुकाले झन् आगोमा घिउ थपिदिइन् । शुरूमा लामो लकडाउन र पछि निषेधाज्ञाको समय दिनभर घरभित्रै खुम्चनुपर्ने कहर थपियो । कति सहनु कहर माथि कहर !

कोरोना भाइरस 'नियन्त्रण गर्ने', 'निको पार्ने' जस्ता स्वघोषित औषधिबारे हाम्रो समाजमा आफूलाई विज्ञ ठान्ने केही मान्छेहरूले अनेकथरि हल्ला फिंजाए ।कतिपय हल्ला

समाचारमा पनि आए । एकथरिले अर्को हल्ला फैलाए, 'मदिरा सेवन गरेको मान्छेलाई कोरोनाले छुँदैन रे !'

'मदिरा सेवन गरे झन् खतरा पो हुन्छ,' विज्ञ चिकित्सकहरूले टिप्पणी गरे । तर यस्ता हल्ला र प्रतिवादले मानिसहरूलाई अलमलमा पारिदियो । उनीहरू झन् दोधारमा परे ।

भन्छन्, 'मदिरा दुःख र सुखको साथी हो ।' हाम्रो समाजमा आफ्नो विचार पुष्टि गर्न यस्ता कथन कति बनाउँछन् कति ! तै पनि अहिले कोरोनाले सिर्जिएको कहर बिर्साउनु थियो । तनाव मेटाउनु थियो । त्यसमाथि जानुकाले थपेको तनाव मेटाउने बहाना चाहिएको थियो । त्यही बहानामा एक बोतल मदिरा अगाडि राखेर पलेटी कसें । थोरै पिए राम्रो गर्छ, तनाव कम गर्छ, थकाइ मेटाउँछ, । एकथरि यस्तै तर्क गर्छन् । यस्ता तर्कसँगै खतरनाक कुतर्क लुकेको हुन्छ भन्ने मैले त्यसबेला भुसुक्कै बिर्सें ।

'मदिरा सेवन स्वास्थ्यको लागि हानिकारक हुन्छ, नपिउनुस्', जानुकाले सन्देशमूलक आदेश दिइन् र सम्झाउँदै भनिन्, 'यति छिट्टै बिर्सनु भो, अघिल्लो महिना अस्पताल जाँदा डाक्टरले तपाईंलाई मदिरा सेवन गर्नै हुन्न भन्नुभएको हैन ?'

जानुका अहिले एक्कासि शान्त देखिइन् । मिठो वचनले सम्झाइन् । तै पनि भर्खरको कर्कश आवाजरूपी तीखो शब्दको आरोप मेरो मानसपटलमा वाण बनेर घोचीरहेको थियो । मैले पनि झोक्किँदै भनें, 'छोडिदे त्यस्ता कुरा । कोरोना भाइरस आउँछ भनेर खै कुनै डाक्टरले भने यहाँ ? कोरोनाको कारण धमाधम मान्छे मरिरहेका छन्, खै कुनै डाक्टरले उनीहरूलाई बचाउन सके? त्यस्ता डाक्टरको कुरा सजिलै कसरी पत्याउनु ?'

मेरो उत्तेजना झन् बढ्दै गयो । बोतलको मदिरा जति रित्तिदै जान्थ्यो त्यति मेरो शरीरमा उमङ्ग र उत्तेजना बढ्दै जान्थ्यो । साथै श्रीमतीमाथि तनाव थपिएको, रिसको मात्रा बढ्दै गएको मैले अनुभूति गरिरहेको थिएँ । तै पनि मलाई के मतलव ? म बिन्दास भएर एकोहोरो मदिरा सेवनतिर मग्न भएँ । मदिराको मात्रा बढाउँदै जाँदा वरिपरि धमिलो देखिन थाल्यो ।

उता जानुका आफ्नै सुरमा भुतभुताउँदै थिइन् । के गर्नु यी बुढाले नपिउनुस् भन्दा मान्दैनन् । मरे भने मैलाई आपत् पर्छ । यिनलाई त के हुन्छ र ! यस्तो बेला म रूँ कि हासूँ ? मदिरामा वर्षैपिच्छे कर बढ्छ । परिणाम मूल्य वृद्धि । मदिरा पिउनेको

'मनिपर्स'मा कहिल्यै हात्ती भएको नोट अडिँदैन ! उफ् पल्लो गाउँको धनवीरे अति मदिरा सेवन गर्दा कङ्गाल बनेको यै आँखाले देख्नु पर्‍यो ? कसरी अलिअलि भएको सम्पत्ति पनि स्वाहा पार्‍यो र मगन्ते बन्यो ?

मेरो मनमा पनि अनेक कुरा खेल्न थाल्छन् । जति मदिरा लाग्दै गयो उति मदिराका भड्किला र खर्चिला विज्ञापन आँखामा नाचन थाले । जतातते मदिराकै ठूलाठूला विज्ञापन र होर्डिङ् बोर्ड । हजारौं, लाखौं रूपैयाँ लाग्छ रे बाबै रङ्गीन विज्ञापनको लागत त । त्यो पैसा तिर्न त मदिरा कम्पनीले तिर्छ । तर असुल्छ बढ्दो दररेटलाई माध्यम बनाएर मदिरा पिउने मान्छेबाट । अनि भड्खालोमा पर्ने मै जस्तै पियक्कड त हौं नि ! यस्तो सम्झेर मलाई भित्रभित्रै आत्मग्लानी भयो । मन उथलपुथल भयो ।

तै पनि आफ्नै सुर र तालमा मस्त भएँ । मलाई यसको कुनै मतलब भएन । भित्रभित्र झोंक चलेको हो तर केही बोलिन । बरू निष्फिक्री मदिरामा मस्त हुँदै छुट्टै संसारमा पुगें । यो सबै अस्थिर मनको उपज हो भन्ने हेक्का रहेन । कोरोनाको कहरलाई तत्काल बिर्सें । अब त कोरोना आइहालेमा बाम माछा पछारेझैं पछार्न सक्छु भन्ने भ्रमित आँट मभित्र स्वतः उब्जियो ।

जानुकाको गनगन अझै सकिएन । गिलासमा मदिरा खन्याएको देखेर उनले भनिन्, 'अझै थप्ने ? बहुलाउँछौ कि क्या हो !' उनको कुरा सुनेर मलाई केही विस्मात लाग्यो । मनभित्र गम्भीर प्रश्न उठ्यो, 'छि, कति नराम्रो शब्द बोलेकी । हैन नराम्रो काम गरे पछि त आफ्नैले पनि घृणा गर्दा रैछन् कि के हो ?' तै पनि भावनामा बहकिएँ । सोचें, 'राम्रो वचनले भनेको भए पनि त मन बुझ्दो हो । उनीप्रति माया जाग्दो हो । मदिराप्रति घृणा लाग्दो हो । अनि बिस्तारै सेवनमा वितृष्णा जाग्दो हो ।'

मदिरा विलासिताकै सामग्री भन्छन् सबै । हो कि क्या हो ! नत्र अघि भर्खर कोरोनाले अर्थतन्त्र खत्तम पार्ने भो । समृद्ध नेपाल, सुखी नेपालीको सपना सपनामै सीमित हुने भो भन्दै गम्भीर चिन्ता व्यक्त गरेको मान्छे अहिलेको अहिल्यै विन्दास देखिन्छन् । हैन कसरी आँउछ मान्छेमा एक्कासि यस्तो परिवर्तन ? सायद जानुकाले मनमनै यस्तै सोचिन् ।

जानुकाको भावभङ्गीले उनी आश्चर्यमा परेको प्रष्ट पार्दथ्यो । तर उनले आश्चर्यको भेल बगाए पनि मैले भने मुखभित्र घुटुघुटु मदिरा बगाएँ । उच्च घरानियाँको प्रिय वस्तुको स्तरीयता र प्रभावकारितालाई उत्कृष्ट परिभाषित गर्ने धुनमै म

तल्लीन् थिएँ । सोचें, विलासितामा रमाउने मान्छेहरू विदेशी मदिरामा किन झुम्दैनथे र ! पर्दा पछाडिबाट प्रश्न ओइरिए झैं जानुकाले मसँग सोधिरहेकी थिइन्, 'परापूर्वकालका शासकहरूले झैं विलासी जीवन जिउँन तिम्रो हैसियत के छ ? खै तिम्रो विलासी 'जीन' देखाउ ? बाबु वा बाजे ? खोइ कोही छन् ?'

यस्ता प्रश्न सुनेर मलाई भने भाउन्न भयो । अँ हँ अरू त कोही पनि छैन, मै छु नि अब, भन्न त मन लागेको थियो तर भन्न सकिन । किनकी मेरो ध्यान उनको कुरामा कम र मदिरामा बढी लालायित थियो । तै पनि केही थामथुम पार्न मैले भनें, 'थोरै मात्रामा अड्कलेर पिउने गरेमा मुटुरोगीलाई फाइदा गर्छ रे, बुझ्यौ लाटी !'

'इ...इस् गर्छ !' कुरा भुइँमा खस्न नपाउँदै जानुका झनै जङ्गिइन् । आफ्नै आँखा च्यातेर देखाउँदै प्रश्न र व्यङ्ग्य एकैचोटी गरिन्, 'यो बतौरे झोल तानेपछि त यस्ता खतरनाक कुतर्क पनि कहाँबाट आउँछन् हँ ? राम्रो गर्छ हैन बरू मुटु, कलेजो, मस्तिष्क अनि बुद्धि पनि क्षय गर्छ भन्नुस् न !' म नाजवाफ भएँ । एकपटक उनलाई पुलुक्क हेरें, अनि चुप लागें । तर केही शान्त हुँदै जानुकाले सोधिन्, 'बुझ्नु भो उच्च रक्तचाप, हर्टअट्याक, मुटुरोग मानिसमा के कारणले निम्तिन्छ ? मान्छेलाई असामयिक मृत्युको मुखतिर जबरजस्ती कसले धकेल्छ हँ ?'

यी प्रश्नले मलाई अझै घोचे । म निरूत्तर भएँ । रनभुल्लमा परें । मलाई के थाहा यस्ता कुरा ? डाक्टरलाई पो थाहा होला ! अथवा यमराजलाई थाहा होला । कि यमराज पनि कोरोनासँग तर्सेर अन्तर्ध्यान भए ? मलाई ब्रम्हाण्डको हेक्का उठ्न थाल्यो । हैन यी ब्रम्हमा, विष्णु, महेश्वर, तेत्तीसकोटी देवीदेवता सबै कता गए हँ ? त्यति ठूला सृष्टिकर्ता, संहारकर्ता, सर्वशक्तिमान देवतागण एउटा जाबो अदृश्य भाइरससँग डराएर अलप हुनु त नपर्ने ! कस्ता विकराल, भिमकाय राक्षसको वध गरी देवताहरूको रक्षा गर्न सक्ने ब्रम्हमा, विष्णु, महेश्वर आज एउटा भाइरसबाट मानव जातिलाई बचाउन सक्तैनन् ? मानव संसार त्राहीत्राही भएको बेला संरक्षण दिन सक्दैनन् ? 'बालक/बालिके, तिम्रो रक्षा गर्ने म छु है, ढुक्क भएर बस । काम गरी खाऊ, भन्न सक्दैनन् ? मेरो मनभित्र प्रश्नमाथि प्रश्न उब्जिए । उत्तर खोज्न कहाँ जाउँ ? बाहिर त निस्किन सकेको छैन लकडाउनले गर्दा । आफैलाई निरिह ठान्दै जुर्मुराउन जुरूक्क उठेको पनि फेरि थुचुक्क बसें । बोतलबाट बिस्तारै मदिरा खन्याएँ । मुखबाट दृढ निश्चयात्मक

वाक्य निस्कियो, 'ठिक छ अब जसरी बचाए पनि यै मदिराले बचाउँछ !'

'बचाउँछ तिम्रो मदिराले ?', जानुका गर्जिइन्, 'आधुनिक समाजमा कडा र खतरनाक नशालु पदार्थ भन्दा मदिरा, चुरोट सेवनबाट मर्नेको संख्या तीस गुणा बढी छ भन्छन् विज्ञहरू, बुझ्यौ ? मदिरा सेवनकै कारण सडक दुर्घटनाबाट मर्नेको संख्या झन डरलाग्दो छ । कतिपय मानिस अशक्त भएका छन् । कोही अङ्गभङ्ग हुन्छन् । न्यूमोनिया, झाडापखाला, ज्वरो, मानसिक रोग लागेर मान्छेको अवस्था नाजुक भएको तिम्रै यी फुटेका आँखाले देखेकै हैन र ! टाउको र मांसपेसी दुख्ने, उल्टी हुने, पेट पोल्ने, आमासयको भित्री भाग जलाउने, अजीर्ण गराउने यही मदिराले हो भनेका हैनन् डाक्टरले ? के बुझ्यौ खै, यो सब मदिराको उपद्रो होइन ? तिमी भने बचाउँछ भन्ने उल्टो भ्रममा रूमलिएर मऱ्या छौ । थाहा छ तिमी जवान हुँदा टन्नै पिउँदा पनि सजिलै घर आइपुग्थ्यौ । अहिले त्यो अवस्था छ र ? एक प्याकमै ढुन्मुनिदै लड्छौ । यो शरीर कमजोर हुँदै गएको लक्षण हो कि हैन ? अब भन त कसले बचाउँदो रैछ, कसले ठहरै पार्दो रैछ ! मदिरा सेवन गर्दा देखिने आँट, जोश देखावटी मात्र हो, यसले त झन् ठूलो खतरा निम्त्याउन सक्छ, बुझ्यौ ?'

आम्मा... मा, कति लामो भाषण ? ठिक पनि भनेकी होलिन् तर मलाई उनको तर्क व्यर्थका अर्ति र आरोपझैं लाग्यो ! जेसुकै होस्, जानुकाले जे भने पनि मैले उनको कुराको वास्तै गरिन । विदेशी मदिरा सेवन गर्छ भनेर छिमेकमा कत्रो इज्जत छ आफ्नो । त्यही सम्झेर गमक्क नाक फुलाएँ । यसो जानुकातिर फर्केको मेरो फूर्ति देखेर होला उनको अनुहार रिसले रातो पो भएछ ।

उनले एक्कासि भनिन्, 'खुब समाजमा इज्जत भएको फोस्रो कुरा गर्छौ । अस्ती भर्खर तिमी जाँडले मात्तिदै आउँदा जँड्याहालाई टोलबाटै खेदौं भन्दै आएका हैनन् छिमेकी ! तिम्रो तर्फबाट मैले माफी मागेपछि छोडिदिएको यति छिट्टै बिर्सयौ ? अनि रूझेको बिरालोझैं लुसुक्क घरभित्र छिरेका होइनौ ? समाजले कहिले पो राम्रो मान्छ र यस्ता जँड्याहालाई ! यस्ता मदिराको दुर्व्यसनी त काँतर, असभ्य र नकच्चरो हुन्छन् । यस्ता जँड्याहामा बोलीको विश्वास र कामको जिम्मेवारी हुन्न । भरोसा त झन् हुन्न । यस्तालाई समाजमा आफ्नो मान्छे हो भनेर कसरी भन्नु ? यस्तै दुर्वचन बोलेका हैनन् छिमेकीले !'

जानुका जति बोल्दै जान्थिन् उति मलाई रिस उठ्दै जान थाल्यो । मैले आफूबाहेक अरू सबैलाई नराम्रो देख्न थालें, सायद यो मदिराको विशेषता

नै होला । मदिराको करामतको कारण होला सायद मलाई कुनै इज्जतको डर भएन । छिमेकी आएर लघारेर लगे पनि मलाई के मतलव ? प्रहरी आएर पक्राउ गरे पनि के को डर ! फोहोरको डङ्गुरमा सुँगुरझैं लम्पसार परे पनि के को लाज ? मैले के भनें के गरें आफैले थाहा पाउन सकिन । अर्थात मैले सारा होस् गुमाएँ ।

जानुका चर्को स्वरमा मलाई तथानाम गाली गर्न थालिन्, 'मदिराले तिम्रो त शरीर र मन दुवै नष्ट गऱ्यो । आजबाट तिम्रो र मेरो नाता सम्बन्ध टुट्यो ।' मलाई निकै रिस उठ्यो । तै पनि लोग्नेस्वास्नीको झगडा परालको आगो भन्छन् भन्ने सोचेर शान्त हुने प्रयास गरें । अर्को मनले भन्यो, 'जे कुरामा पनि आरोप मात्रै लगाउँछे । दोषारोपण गर्छे । कति सहनूँ ?'

फेरि यो आरोप हो वा वास्तविकता केही ठम्याउन सकिन । झडङ्ग रिस उठ्यो । सायद गल्ती ढाकछोप गर्न होला एक्कासि जङ्गिएँ, 'नाता सम्बन्ध टुट्यो भने टुट्यो । आज कि तँ छैनस् कि म छैन ।' आवेगमा जुरूक्क उठें । प्रतिशोधको भावना उग्र भयो । के राम्रो के नराम्रो सोंच्नै सकिन । सायद यो नै जँड्याहाको विशेष लक्षण हो, विशेषता हो । अनायासै छेवैको मदिराको बोतल उठाएर जानुकातर्फ इङ्गित गरी जोडले प्रहार गरें । डङरङ्ग ठूलो आवाज आयो । म निद्राबाट झसङ्ग ब्यूझें । नजिकै जानुका मस्त निद्रामा थिइन् । उफ् कस्तो सपना ... ! आफैलाई विस्मात लाग्यो । बिस्तारै उठेर घटघटी पानी पिएँ । ♦♦♦

**कविता**

## घामको झुल्काले धर्ती छुनुअघि

✍ **संयम श्रेष्ठ**



सिर्सिर चिसो हावाले स्पर्श गरिरहँदा,
झमझम पानी बर्सिएको त्यो समय
ज्यानले स्वतन्त्रता खोजेको बेला,
खोलाले परिवार बगाएकै बेला,
गरिबको छानो उडाएकै बेला,
अनेकौं सपनाको नाटक मञ्चन भइरहँदा,
मजदुरका सुन्निएका हात
भोलिका लागि तयार हुँदै गर्दा,
जुनले मेरो संसारलाई उज्यालो पार्न खोज्दा,
अन्धकारले आफ्नो दुःख लुकाउँदै गर्दा,
रङ्गले आफ्नो अस्तित्व हराएकै बेला,
किन होला,
मेरो हातले कलम रोजेको ?
किन होला अन्धमुस्टीमा नै सहि
छामछुम गर्दै मेरो मनले कापी खोजेको ??

# आर्थिक अपराध अनुसन्धानमा देखिएका समस्या र समाधानका उपायहरू



✍ प्र.ना.उ. मोहन कुमार थापा

**परिचयः-**

भौतिक विकास, आर्थिक उन्नति तथा सूचना प्रविधिमा आएको द्रुत विकासले आर्थिक अपराधका स्वरूप र प्रवृत्तिमा ठुलो परिवर्तन भइरहेको छ । अपराधका आर्थिक, राजनैतिक, सामाजिक वा अन्य विभिन्न उद्धेश्यहरू रहेका हुन्छन् । आर्थिक उद्धेश्य प्राप्तिका लागि आर्थिक अपराध हुने गरेको पाइन्छ । आर्थिक अपराध एक अवैध कार्यको श्रृङ्खला हो, जसमा अवैध वा गैरकानूनी कार्य गर्ने कुनै पनि व्यक्तिद्वारा गैरशारीरिक र अहिंसक माध्यमहरूद्वारा आर्थिक उद्धेश्य हासिल गर्न गैर कानूनी तरिकाले पैसा वा सम्पत्ति व्यापारिक वा व्यक्तिगत लाभ लिनको लागि गरिने गैर कानूनी कार्य गरिन्छ । आर्थिक अपराध विश्वको जुनसुकै स्थानमा घटित हुने अपराध हो । संगठित आपराधिक समूहहरूद्वारा अन्तरदेशिय सञ्जालका रूपमा आर्थिक अपराध हुन थालेकोले यसको नियन्त्रणमा कानून कार्यान्वयन निकायले ठुलो चुनौतीको सामना गर्नु परिरहेको छ । आर्थिक अपराध प्रत्यक्षतः आर्थिक आर्जन र व्यवसायिक फाइदाका लागि गरिने हुँदा यस अपराधलाई अर्थशास्त्रीहरू अप्रत्यक्ष वा अहिंसात्मक अपराध पनि भन्दछन् । संगठित प्रकृतिको आर्थिक अपराधले व्यक्ति र संस्थामात्र होइन राष्ट्रको समग्र अर्थतन्त्र नै ध्वस्त बनाइदिन सक्छ । आर्थिक अपराधको चक्रब्यूहबाट बाहिर निस्कन विकासशील देशहरूलाई मात्र नभई विकसित देशका लागि पनि ठुलो चुनौतीको सामना गर्नुपरेको छ ।

आर्थिक अपराधबाट राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर, पूँजी पलायन, अदृष्य अवैध अर्थतन्त्रको विकास, अस्वाभाविक मूल्य वृद्धि, सामाजिक असन्तुलन, विद्यमान

प्रणालीमा अविश्वास, अन्तर्राष्ट्रिय विश्वसनियताको कमी, अन्य सामाजिक अपराधमा वृद्धि र संगठित अपराधमा वृद्धि जस्ता असर र प्रभाव पर्दछ । नेपालमा अपर्याप्त कानूनी व्यवस्था, सरोकारवाला निकायहरू बीचको समन्वयको अभाव, कमजोर साइवर सुरक्षा, नियमनकारी निकायको फितलो अनुगमन, अपराध गरी सजिलै विदेशमा लुकिछिपी बस्न सक्ने अवस्था, विज्ञान प्रविधिको बढ्दो प्रयोग र विश्वव्यापीकरणका कारण आर्थिक अपराध बढिरहेको छ । सूचना प्रविधिको प्रयोग गरेर नेपालमा संगठित प्रकृतिको आर्थिक अपराध हुन थालेकोले आर्थिक अपराधको नियन्त्रण तथा अनुसन्धानमा रहेका जटिलता एंव समस्याहरूको निराकरण हुनु अत्यावश्यक रहेको छ ।

**आर्थिक अपराधको स्वरूपहरू :-**

राज्यको प्रचलित ऐन कानून विरूद्ध कुनै व्यक्ति, समूह वा संघ संस्थाद्वारा गरिने आर्थिक अपचलन, कर छली, ठगी, बैंकिङ्ग कसूर लगायत अन्य विविध गैर कानूनी आर्थिक गतिविधिहरू तथा कारोबाहरू आर्थिक अपराध हुन् । नेपालमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ठगी, एटिएम कार्डको दुरूपयोग गरी ठगी, बीमा ठगी, अवैध कल बाईपास (भि.ओ.आई.पी.), नेटवर्किङ व्यवसाय, वैदेशिक रोजगार ठगी, नक्कली मुद्रा, सम्पत्ति शुद्धीकरण, हुण्डी, ढुकुटी, बैंकिङ्ग कसूर, राजश्व/भन्सार छली, कमोडिटी, भ्रष्टाचार, करछली, विद्युतिय अपराध, अनलाइन ठगी, सहकारी ठगी, नाफाखोरी, कालोबजारी, मानव अपहरण र बन्धक, घर जग्गा व्यवसायका नाममा हुने ठगी, विदेशी विनिमय, राजश्व चुहावट, अद्यागमनजन्य अपराध, एकाधिकार जन्य अपराध, विभिन्न प्रकारका तस्करी जस्तैः मानव, वन्यजन्तु अखेटोपहार, वन पैदावार, हात हतियार, प्राचीन बस्तु आदिको तस्करी, शिक्षा, स्वास्थ्य, व्यापार व्यवसायजन्य ठगी आदि जस्ता आर्थिक अपराधहरू नेपालमा भइरहेको छ । नेपालमा विद्युतीय माध्यमको दुरूपयोग गरी संगठित र अनधिकृत रूपमा बैंकको सिस्टममा पहुँच राखी रकम रकमान्तर गरी रकम निकाल्ने, प्रविधिको दुरूपयोग गरी भुक्तानी लिने, विभिन्न उपकरणको प्रयोग गरी इन्टरनेट सर्भर ह्याक गरी एटिएमबाट रकम झिक्ने जस्ता गम्भिर प्रकृतिका बैंकिङ्ग तथा ठगीजन्य अपराधहरू विदेशीहरूको समेत संलग्नतामा हुन थालेको छ । अनधिकृतरूपमा रकम वितरण गर्ने, पदीय दायित्व निर्वाह नगर्ने,

मालसामानको गुणस्तरमा परिवर्तन गर्ने, कृत्रिम अभावको सिर्जना गर्ने, सरकारविरूद्ध जालसाजी गर्ने, बैंकिङमा जालसाजी गर्ने, बीमा तथा कर ठगी गर्ने जस्ता आर्थिक अपराधहरू हुने गरेका छन् ।

**नेपालमा आर्थिक अपराधसँग सम्बन्धित महत्वपूर्ण कानूनहरूः-**

नेपालमा आर्थिक अपराधसँग सम्बन्धित विभिन्न कानूनहरू विद्यमान रहेका छन् । अनुसन्धान तथा तहकिकात गर्ने नेपाल प्रहरीको क्षेत्राधिकार भित्र पर्ने अर्थात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्र समाविष्ट भएका र नेपाल प्रहरी बाहेक अन्य निकायले अनुसन्धान गर्ने क्षेत्राधिकार भित्र पर्ने कानूनहरू निम्न बमोजिम रहेका छन् ।

**बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ः**

बैंकिङ्ग तथा वित्तिय प्रणालीको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैंकिङ्ग तथा वित्तिय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैंकिङ्ग तथा वित्तिय प्रणाली प्रति विश्वसनियता अभिवृद्धि गर्ने उद्धेश्यले बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ आएको देखिन्छ । बैंकिङ्ग कसूरलाई यस ऐनले नेपाल सरकारवादी हुने फौजदारी अपराधको रूपमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश गरेको छ ।

ऐनले अनधिकृत रूपमा खाता खोल्ने वा रकम भुक्तानी माग गर्ने, आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिने वा चेक अनादार गर्ने, अनधिकृत रूपमा रकम निकाल्न वा भुक्तानी दिने, विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने, अनधिकृत रूपमा कर्जा लिने वा दिने, कर्जाको दुरूपयोग गर्ने, बैंक वा वित्तीय संस्थाको स्रोत र साधनको दुरूपयोग गर्ने, ऋणीले रकम झिक्न र सम्पत्ति प्राप्त गर्न नपाउने, ऋणीको चालू परियोजनालाई नोक्सान हुने गरी ऋण वा सुविधा रोक्ने, कागजात वा खाता बही सच्याई कीर्ते वा जालसाजी गरी हानि नोक्सानी पुऱ्याउने, बैंक तथा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई झुक्याई काम कारोबार गर्न, बढी, कम वा गलत मूल्याङ्कन तथा वित्तिय विवरण तयार गर्ने, अनियमित आर्थिक तथा वित्तिय कारोबार गर्ने गराउने, ढुकुटीको कारोबार गर्ने, गैर कानूनी रूपमा बैकिङ्ग कारोबार गर्ने, बैंक वा वित्तिय संस्थाको हित प्रतिकूल हुने गरी बैंक वा वित्तिय संस्थाको सम्पत्ति खर्च गर्ने, मूल्याङ्कनकर्ताले वित्तिय

स्वार्थ गासिएको कुनै व्यक्ति वा संस्थाको सम्पत्तिको मूल्याङ्कन गर्ने लगायतका कार्यलाई बैंकिङ कसूर अन्तर्गत समावेश गरी सजायको व्यवस्था गरेको छ ।

नेपालमा अनधिकृत रूपमा बैंकको सिस्टममा पहुँच राखी रकम रकमान्तर गरी रकम निकाल्ने, अनधिकृत रूपमा इ-बैंकिङ्ग मार्फत भुक्तानी लिने, विभिन्न उपकरणको प्रयोग गरी इन्टरनेट सर्भर ह्याक गरी एटिएमबाट रकम झिक्ने, एटिएम मेशिन नै फुटाई भत्काई नगद चोरी गर्ने र भौतिक संरचना नोक्सानी पुऱ्याउने, चेक चोरी गरी रकम निकाल्ने, एटिएम कार्डहरू प्रयोग गरी पासवर्ड ट्रयाकिङ्ग गरी नगद चोरी गर्ने, कर्जा स्विकृत सिमा नाघि कर्जा प्रवाह गर्ने, विना धितो, कमसल धितो, नक्कली धितो राखी कर्जा लिनु दिनु गर्ने, काल्पनिक व्यक्ति तथा ऋणी खडा गरी रकम तथा कर्जा लिनु दिनु गर्ने जस्ता बैंकिङ्ग कसूरका नयाँ नयाँ घटनाहरू हुने गरेको देखिन्छ ।

**नेपाल राष्ट्र बैंक ऐन २०५८ः**

नेपालको अर्थतन्त्रको दिगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने उद्धेश्यले जारी भएको नेपाल राष्ट्र बैंक ऐन, २०५८ दफा ९५ मा कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन विपरीत हुनेगरी निक्षेप लिएमा वा कर्जा दिएमा वा डिवेन्चर वा अन्य वित्तीय उपकरण जारी गरेमा वा बैंकले निर्धारण गरेको नीति विपरीत ब्याज लिनु वा दिनु गरेमा वा विदेशी विनिमय कारोबार गरेमा वा त्यस्ता कार्यमा संलग्न भएमा वा प्रचलित कानून बमोजिम बैंकबाट इजाजतपत्र लिनु पर्नेमा सो नलिई त्यस्तो कारोबार गरेमा वा फरफारखको प्रक्रियामा बाधा पुऱ्याएमा, कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन पालना नगरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ भन्ने उल्लेख गरेको छ । त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनूसुची-१ मा समावेश गरिएकोले नेपाल सरकार वादी भई दायर गरिनेछ ।

**आर्थिक अपराध सम्बन्धी मुलुकी अपराध संहिता, २०७४ मा भएको व्यवस्थाहरूः**

मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २० मा चोरी, डाँका र बगली मार्न नहुने, परिच्छेद २१ मा ठगी, ठेक्का वा करारको काममा फरक पार्न नहुने, सम्पत्तिको आपराधिक

उपयोग गर्न नहुने, आपराधिक विश्वासघात गर्न नहुने तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर, परिच्छेद २२ मा मुद्रा सम्बन्धी कसूरको उल्लेख गर्दै खोटा मुद्रा बनाउन नहुने, खोटा मुद्रा चलन गर्न नहुने, खोटा मुद्रा बनाउने सामान बनाउन, राख्न वा मर्मत गर्न नहुने, मापदण्ड विपरीत बनाउन नहुने, परिच्छेद २३ मा टिकट सम्बन्धी कसूर अन्तर्गत खोटा टिकट बनाउन वा चलन गर्न नहुने, खोटा टिकट बनाउने औजार, खरिद बिक्री मर्मत गर्न नहुने, प्रयोग भएको टिकट पुनः प्रयोगमा ल्याउन नहुने, परिच्छेद २४ मा नापतौल सम्बन्धी कसूर अन्तर्गत नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुने, नाप्ने तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुने, परिच्छेद २५ को लिखत सम्बन्धी कसूर अन्तर्गत दफा २७६ मा राष्ट्रपतिबाट प्रमाणिकरण भएको लिखत, प्रदेश प्रमुखबाट प्रमाणिकरण भएको लिखत, अदालतको फैसला वा आदेश, अन्य सरकारी वा सार्वजनिक लिखत किर्ते गर्न नहुने र किर्ते लिखत बनाउने औजार बनाउन नहुने र त्यसैगरी परिच्छेद १५ मा अपहरण वा शरीर बन्धक सम्बन्धी कसूरको व्यवस्था गर्दै आर्थिक अपराधसंग सम्बन्धित कसूरहरूको उल्लेख गरेको र उल्लेखित अपराधहरू मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश गरिएको छ ।

**सहकारी ऐन, २०७४:**

सहकारी ऐन, २०७४ को दफा १२४ बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्धा नेपाल सरकार वादी हुने र त्यस्तो मुद्धा सरकारी मुद्धा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश गरेको छ । उक्त ऐनको दफा १२४ बमोजिम सजाय हुने कसूरहरू अन्तर्गत दर्ता नगरी वा खारेज भएको सहकारी संस्था सञ्चालन गरेमा, सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा, तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा, सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा, ऋण असुल हुन नसक्ने गरी ऋण दिई रकम हिनामिना गरेमा, सहकारी संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा, झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना

गरेमा, सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्धेश्यले रकम उठाएमा, कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा, धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा, झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा, कुनै व्यक्ति वा सहकारी संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्य भन्दा बढी हुने गरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा, सहकारी संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा, गलत कागजात तयार गरी कीर्ते गर्न वा जालसाजी गरे वा गराएमा, बढी, कम वा गलत मूल्याङ्कन गरी सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा, गैर कानूनी लाभ वा हानि पुऱ्याउने बद्नियतले कुनै कार्य गरे वा गराएमा, हानि नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा जस्ता कसूरहरू उल्लेख गरिएका छन् ।

**दुर संचार ऐन २०५३ः**

दुर संचार ऐन, २०५३ को दफा ४७ को उपदफा (५) मा कुनै व्यक्तिले बदनियतसाथ दूरसञ्चार लाइन, दूरसञ्चार प्रणाली वा सोसँग सम्बन्धित अन्य कुनै संरचना वा उपकरणमा प्रतिकूल असर पर्ने गरी कुनै काम गरेमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कामको लागि दुरूत्साहन दिएमा वा त्यस्तो काम गर्न उद्योग गरेमा कसूरको मात्रा हेरी त्यस्तो व्यक्तिलाई हानी नोक्सानीको बिगो बमोजिम जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त मुद्धा नेपाल सरकारवादी हुने र सो मुद्धा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश गरेको छ ।

**विद्युतिय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ः**

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४४ देखि दफा ५४ सम्म कम्प्युटर स्रोत सङ्केतको चोरी, नष्ट वा परिवर्तन गर्ने, कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच, कम्प्युटर र सूचना प्रणालीमा क्षति पुऱ्याउने, विद्युतीय स्वरूपमा गैरकानूनी कुरा प्रकाशन गर्ने, गोपनीयता भङ्ग गर्ने,

झुट्टा व्यहोराको सूचना दिने, झुट्टा इजाजतपत्र वा प्रमाणपत्र पेश गर्ने वा देखाउने, तोकिएको विवरण वा कागजात दाखिला नगर्ने, कम्प्युटर जालसाजी गर्ने, कम्प्युटर सम्बन्धी कसूर गर्न दुरूत्साहन, मतियारलाई सजाय हुने व्यवस्था गरेको छ । उक्त मुद्धा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची -१ मा समावेश गरेको छ । नेपालमा फेसबुकको माध्यमबाट अश्लिलता प्रदर्शन गर्ने, गालि बेइज्जती गर्ने, सामाजिक संजालमा सरकार प्रमुख तथा राष्ट्र प्रमुखहरूको अपमान जनक तस्बिरहरू सेयर गर्ने, दर्ता नगरेको अनलाईनहरूले कपोलकल्पित समाचारहरू प्रकाशन प्रसारण गरी सामाजिक सद्भावमा खलल पुऱ्याउने, अश्लिलता प्रदर्शन गरिदिने धम्की दिई यौन शोषण गर्ने, सामाजिक बेइज्जती गरिदिने, गोप्य कुरा भंग गरिदिने, महत्वपूर्ण सूचना नष्ट गरिदिने, नक्कली एकाउन्ट खोल्ने, नक्कली वेवसाइट खोल्ने, ब्ल्याकमेलिङ गर्ने जस्ता अपराध धेरै हुने गरेको पाइएतापनि आर्थिक उद्धेश्यले हुने साइवर अपराधमा वृद्धि भइरहेको देखिन्छ ।

**बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३:**

बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०३ मा इजाजतपत्र नलिई बैंकिङ्ग तथा वित्तीय कारोबार गरेमा, गलत वा झुट्टा विवरण दिई बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्र लिएमा, बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्रको शर्त सीमा विपरीत हुने गरी बैंकिङ्ग तथा वित्तीय कारोबार गरेमा, इजाजत विना विदेशी विनिमय सम्बन्धी कारोबार गरेमा, यस ऐन विपरीत कर्जा प्रवाह वा अन्य लगानी गरेमा, कर्जा प्रवाह गर्दा, धितो मूल्याङ्कन गर्दा, कर्जा असुली गर्दा वा सोसँग सम्बन्धित कुनै पनि कार्यमा अनियमितता गरेमा, धितोमा लिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा गैर बैंकिङ्ग सम्पत्तिको रूपमा सकार गर्नु पर्दा वा गैर बैंकिङ्ग सम्पत्ति सकार गरी बिक्री गर्दा धितो लिंदा गरिएको मूल्याङ्कन बनावटी मूल्यमा गरेमा, गाभ्दा गाभिदा, प्राप्ति गर्दा, खारेजी गर्दा वा लेखा परीक्षण गर्दा कुनै सञ्चालक, पदाधिकारी, कर्मचारी तथा अन्य व्यक्तिले अनियमितता गरेमा, उल्लेखित कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न कुनै किसिमले मद्धत पुऱ्याएमा, विदेशी बैंकको शाखाको कुनै पनि पदाधिकारी वा कर्मचारीले शाखाको नियमित कारोबारको सिलसिलामा

बाहेक त्यस्तो शाखाको कुनै सम्पत्ति अर्को मुलुकमा स्थानान्तरण गरेमा, सो को स्वीकृति दिएमा, त्यसो गर्न अख्तियारी दिएमा वा सो कार्यलाई मद्धत गर्ने वा पुग्ने कुनै कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिने उल्लेख गरेको छ । यस ऐनको दफा १०३ अन्तर्गतको कसूर मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को अनुसूची-१ अन्तर्गत समावेश गरिएको छ ।

त्यसैगरी कालोबजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, लागुऔषध नियन्त्रण ऐन, २०३३, मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४, प्रतिलिपी अधिकार ऐन, २०५९ बमोजिमका कसूरहरू समेत आर्थिक अपराध सम्बन्धी कानूनहरू हुन् ।

**प्रहरी बाहेक अन्य निकायले अनुसन्धान गर्ने क्षेत्राधिकार भित्र पर्ने कानूनहरू देहाय बमोजिम रहेका छन्ः**

**सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ः**

अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्नका लागि जारी भएको सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ ले सम्पत्ति शुद्धीकरण गर्न नहुने, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्न नहुने जस्ता कार्यलाई निषेध गरेको छ । सम्पत्ति शुद्धीकरण गैरकानूनी रूपमा आर्जित धनलाई कानूनी ढंगले कमाइएको भनी रूप परिवर्तन गर्ने एक प्रक्रिया हो । सामान्यतः अशुद्ध तरिकाले र मुख्यतः कानूनसम्मत आर्थिक कारोबार नगरी धन थुपार्नाले आर्थिक नियमहरू आर्थिक दक्षता तथा महत्वपूर्ण रूपमा कानूनी राजमा खलल आउने र अन्ततः मुलुकको समग्र अर्थतन्त्र नै ध्वस्त हुने हुन्छ । आर्थिक विकास घट्ने विदेशी विनिमय दर र ब्याजदरमा गडबडी आउने मात्र नभई कारोबारका कानूनी पक्षहरू कमजोर हुने तथा यसको मूल स्वभावले नै राज्यको भ्रष्टाचार र भूमिगत वा अनौपचारिक अर्थतन्त्र विरूद्ध लड्ने शक्ति क्षय हुन जान्छ । वैध आर्थिक क्रियाकलापलाई प्रश्रय दिन तथा फलतः प्रभावकारी अनुसन्धानद्वारा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीमा रोक लगाउने लगायतका गैरकानूनी आर्थिक धन्दाहरूलाई निरूत्साहित गराउन उपयुक्त कानूनी र संस्थागत व्यवस्था हुनुपर्दछ । यसैको लागि नै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना भएको छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्धाको अनुसन्धान

गर्न सम्पत्ति शुद्धीकरण विभागको प्रमुख आफैंले अनुसन्धान गर्न वा आवश्यकता अनुसार विभागको कुनै अधिकृत कर्मचारी, अन्य सरकारी अधिकृत कर्मचारी वा सार्वजनिक संस्थाको कुनै अधिकृत कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने व्यवस्था छ ।

**विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९:**

विदेशी विनिमय सम्बन्धी कारोबारलाई नियमित गर्न जारी भएको विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९अन्तर्गतको कसूरको अनुसन्धान गर्न अनुसन्धान अधिकृत नेपाल सरकारले तोक्न सक्ने व्यवस्था छ भने यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्धा अनुसन्धान अधिकारीले नेपाल सरकारको नामबाट दायर गर्ने र मुद्धा दायर गर्दा अनुसन्धान अधिकारीले सरकारी वकिलको राय लिनुपर्ने व्यवस्था गरेको छ ।

**वैदेशिक रोजगार ऐन, २०६४:**

इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय संचालन गरेमा, इजाजत पत्रवालाले स्वीकृति नलिई कामदार पठाएमा, नाबालिगलाई वैदेशिक रोजगारमा पठाएमा, सरकारले खुला नगरेका मुलुकमा कामदार पठाएमा, लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा, अनुमतिबिना शाखा कार्यालय खोलेमा, विज्ञापन प्रकाशन नगरेमा, छनौट सूची प्रकाशन नगरेमा, रकम फिर्ता गर्न वा क्षतिपूर्ति दिन इन्कार गरेमा, इजाजतपत्रवालाले व्यक्तिगत रूपमा कामदार पठाएमा, प्रवेशाज्ञा शुल्क, सेवा शुल्क तथा प्रबर्द्धन खर्च बढी लिएमा, आदेश वा निर्देशन पालना नगरेमा, करार विपरीत कार्य गरे गराएमा सजायको व्यवस्था गरेको छ । वैदेशिक रोजगार सम्बन्धी कसूरको अनुसन्धान र तहकिकात वैदेशिक रोजगार विभागले कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई अनुसन्धान अधिकृत तोकी सो सम्बन्धी कसूरको अनुसन्धान र तहकिकात गराउन सक्नेछ भन्ने व्यवस्था गरेको छ ।

**राजश्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२:**

भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रूपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्ने उद्धेश्यले जारी भएको ऐनले नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा, नतिरे नबुझाएमा, कम तिरेमा, राजस्व छलेमा आदि जस्ता कार्य कसूरको रूपमा परिभाषित

गरेको छ । राजस्व चुहावटको मुद्दाको अनुसन्धान राजस्व अनुसन्धान विभागबाट हुने व्यवस्था छ ।

त्यसैगरी बिमा ऐन, २०४९, भन्सार ऐन, २०६४, अन्तःशुल्क ऐन, २०५८, भ्रष्टाचार निवारण ऐन, २०५९, प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, धितोपत्र सम्बन्धी ऐन, २०६३, आवश्यक वस्तु संरक्षण ऐन, २०१२, उपभोक्ता संरक्षण ऐन, २०७५ समेतका ऐन कानूनहरूमा पनि आर्थिक अपराधसँग कसूर र सजायको व्यवस्था गरिएका छन् ।

पारस्परिक कानूनी सहायता ऐन, २०७०, सुपुर्दगी ऐन, २०७०, संगठित अपराध निवारण ऐन, २०७० र फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफत गर्ने उद्धेश्यले कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० समेतमा संगठित एंव अन्तरदेशिय प्रकृतिका आर्थिक अपराधको अनुसन्धान तहकिकात सम्बन्धमा विशेष व्यवस्था गरेको छ ।

**आर्थिक अपराधको अनुसन्धानः**

अपराध अनुसन्धान आफैमा चुनौतिपूर्ण कार्य हो । आर्थिक अपराधको अनुसन्धानमा थप जटिलताहरूको सामना गर्नु पर्दछ । आर्थिक अपराध अनुसन्धान गर्दा सम्बन्धित ऐन अनुसार तोकिएको विशेष कानूनी कार्यविधिका साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले तोकिएको सामान्य कार्यविधिको समेत अबलम्वन गर्नुपर्ने हुन्छ । आर्थिक अपराधको अनुसन्धानका क्रममा प्रहरीले अपराधको जाहेरी वा सूचना प्राप्त गर्ने, खानतलाशी बरामदी गर्ने, सबुद प्रमाण पहिचान, संकलन, सरकारी वकिललाई प्रारम्भिक प्रतिवेदन पठाउने, सरकारी वकिलबाट निर्देशन प्राप्त भए सो अनुसारको कार्य गर्ने, सबुद प्रमाण संकलन गर्ने, सबुद प्रमाणको वैज्ञानिक परीक्षण, अदालतबाट अनुमति लिई अभियुक्त पक्राउ गरी सरकारी वकिल समक्ष बयान गराउने, २४ घण्टा भन्दा बढी थुनामा राख्नुपर्ने भएमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्ने, सम्बन्धित व्यक्तिहरूसँग सोधपुछ तथा घटना विवरण कागज, रितपूर्वक म्याद तामेल, सम्बन्धित विभिन्न निकायमा पत्राचार, अनुसन्धान अवधिभरको लागि कसूरजन्य कार्यबाट आर्जित अचल जग्गा जमिन, घर लगायतका सम्पत्ति रोक्का तथा बैंक खाता रोक्का गर्ने, विशेषज्ञसँग राय परामर्श लिने, पारस्परिक कानूनी सहायताबाट प्रमाणको संकलन तथा अभियुक्त पक्राउ गर्ने, इन्टरपोल, राष्ट्र बैंक, सरकारी

वकिल, अदालतसँग समन्वय गर्ने, संगठित समूहको संलग्नता भएको मुद्दामा संगठित अपराधतर्फ पनि अनुसन्धान गर्नुपर्ने, सम्पत्ति शुद्धिकरण, राजस्व छली, चुहावट, भन्सार छली, भ्रष्टाचारसँग सम्बन्धित अपराध देखिएमा कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने, प्रमाणहरूको सिलसिलेबार प्रस्तुति र विवेचना र अनुसन्धान प्रतिवेदन सरकारी वकिल समक्ष पेश गर्ने कार्यहरू गर्नुपर्ने हुन्छ । हाल आर्थिक तथा वित्तिय अपराध विधुतिय प्रविधिको प्रयोगबाट हुने हुँदा प्रमाण संकलन गर्न सम्बन्धित विषयको प्राविधिक ज्ञान र सूचना प्रविधिबारे ज्ञान भएको जनशक्ति आवश्यक पर्ने हुन्छ । त्यसका लागी नेपाल राष्ट्र बैंक तथा सम्बन्धित निकायको प्राविधिक सहयोग समेत अपरिहार्य हुन्छ ।

आर्थिक तथा वित्तिय अपराध अनुसन्धानमा भौतिक प्रमाण संकलन कार्य चुनौतीपूर्ण कार्य हो । आर्थिक अपराधसँग सम्बन्धित भौतिक सबुदहरूमा विवादास्पद प्रलेख (हस्ताक्षर), किर्ते, जालसाजी, नक्कली राहदानी, नागरिकता, औँठाछाप, विधुतिय प्रविधिमा रहेका डकुमेन्ट, भिडियो, अडियो र फोटोहरू, एटिएम कार्ड, क्रेडिट कार्ड हुन सक्दछन् । त्यसैगरी लिखित प्रमाण कागजातहरूमा खाली चेक बुक र काटिएको चेकहरू, नगद झिकेको विवरण, बैंकमा रकम जम्मा गरेको भौचर, KYC फर्म, बैंक स्टेटमेन्ट, प्रोमिसरी नोट, बैंक ग्यारेन्टी पत्र, क्रेडिट निवेदन फाराम, खाता खोल्दा पेश गरिएका व्यक्तिगत विवरण, किर्ते कागजात, बदनियतपूर्वक फाइलबाट झिकिएको वा नष्ट गरिएको कागजात, ऋण लिए, दिए सम्बन्धी विवरण, दैनिक हाजिर रजिष्टर, डायरी, जग्गाको कागजातहरू, शेयर लगत, दर्ता, चलानी किताब, विभिन्न निकायमा लेखिएका पत्रहरू, फाइलहरू, लगानी गरिएको सम्पत्ति सम्बन्धी कागजातहरू, अन्य अभिलेख तथा कागजातहरू, नागरिकता प्रमाणपत्र, राहदानी, चालक अनुमति पत्र, परिचयपत्रहरू आदि हुन सक्छन् । विद्युतिय प्रमाणहरूमा बैंक तथा वित्तिय संस्थाका एटिएम कार्ड, क्रेडिट, डेबिट कार्ड, कार्ड रिडर, सिसि फुटेज रहेको हार्ड डिक्स, मोबाइल, सिम कार्ड, कम्प्युटर, सिपियु, ल्यापटप, पेन ड्राइभ, क्यामरा, कल डिटेल, एसएमएस डिटेल, इमेल, सामाजिक संजालका पेजहरू, भ्वाइस तथा भिडियो कलहरू, इन्टरनेट सर्भर ह्याक गर्न प्रयोग हुने उपकरणहरू लगायतका विधुतिय सामग्रीहरू आदि हुन सक्छन् भने अन्य भौतिक चिजवस्तुहरूः सुन चाँदी,

गरगहना, नगद, अन्य चल सम्पत्ति लगायतका सामग्रीहरू हुन सक्छन् । संगठित प्रकृतिको आर्थिक अपराधको अनुसन्धानमा नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिने, सुराकी प्रयोग गर्न सकिने, सम्पत्ति रोक्का गर्न सक्ने, बैङ्क वा वित्तीय संस्थामा भएको कारोबार वा खाताको विवरण माग गर्ने र खाता रोक्का राख्ने, राहदानी रोक्का गर्ने, अपराधमा प्रयोग भएको कम्प्युटर, टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्बन्धी विवरण वा सूचना लिने, सञ्चार अभिलेख गर्न सक्ने, अपराध स्वीकार गरी प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न सघाउ पुऱ्याएमा सजायमा छुट दिने गरी माग दावी लिई मुद्धा दायर गर्न सकिने जस्ता विशेष कानूनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

सरकारी वकिल, अदालतहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राजश्व अनुसन्धन विभाग, आन्तरिक राजश्व विभाग, भंसार विभाग, सहकारी विभाग, अध्यागमन विभाग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, भन्सार विभाग, वाणिज्य विभाग, नेपाल राष्ट्र बैंकको वित्तिय जानकारी इकाई, विभिन्न न्यायाधिकरणहरू, स्थानिय प्रशासन, राष्ट्रिय बिमा समिति आदि जस्ता सरोकारवाला निकायहरूसँग समन्वय गर्नुपर्ने हुन्छ ।

**समस्या र समाधानका उपायहरूः**

प्रविधिको विकाससँगै प्रविधिको प्रयोगबाट हुने आर्थिक अपराधको अनुसन्धान गर्न थुप्रै जटिलताहरू र समस्याहरू अनुभव गरिएका छन् ।

- आर्थिक अपराध अनुसन्धान सम्बन्धमा विषयगत/प्राविधिक ज्ञान/तालिमको कमी भएकोले अनुसन्धान र अभियोजनको कार्य प्रभावकारी हुन नसकेकोले अनुसन्धान र अभियोजनमा खटिने कर्मचारीहरूको लागि तालिम, प्रशिक्षण प्रदान गरी विशिष्टिकृत जनशक्ति तयार गर्ने।
- अन्तरदेशिय अपराध नियन्त्रण गर्नका लागि दुई देशबीचको सहकार्य आवश्यक छ । यसका लागि पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७० र सुपुर्दगी ऐन, २०७० आइसकेको परिवेशमा दुई देशबीच कार्यान्वयनका लागि सन्धि गर्नुपर्ने ।

- अनुसन्धान र अभियोजनमा नयाँ नयाँ प्रविधि र साधनको प्रयोगको आवश्यकता रहेको ।
- केही आर्थिक अपराधको मुद्दा हेर्ने अदालत जिल्ला अदालत रहेको र केही उच्च अदालत र विशेष अदालत समेत रहेको देखिएकोले अधिकारक्षेत्रबारे ऐनमा द्विविधा रहेकोले आर्थिक तथा वित्तिय अपराध सम्बन्धी एकिकृत कानूनको निर्माण गर्नुपर्ने ।
- हुण्डी, ढुकुटी, कमोडिटी लगायतका नवीनतम् आर्थिक अपराध सम्बन्धी कानूनमा स्पष्ट व्यवस्था हुनुपर्ने ।
- सरोकारवाला निकायहरू बीचको प्रभावकारी समन्वयको अभाव भएकोले अनुसन्धान प्रभावकारी हुन नसकेकोले राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरू बीच समन्वय र सहयोग आदान प्रदान हुनुपर्ने ।
- संगठित एंव गम्भिर प्रकृतिका आर्थिक अपराधको अनुसन्धानमा प्राविधिक ज्ञानको अभावको कारण अनुसन्धानमा कमिकमजोरीका कारण मुद्धा असफल भएको हुँदा विशेषज्ञ सहितको अनुसन्धान टोलीबाट अनुसन्धान हुनुपर्ने ।
- संगठित समूहको संलग्नतामा भएको आर्थिक अपराधमा संगठित अपराध निवारण ऐन, २०७० बमोजिम अनुसन्धान गर्ने, सम्पत्ति रोक्का गर्ने, विदेशमा बसी अपराध गर्नेलाई कानूनी दायरामा ल्याउन पारस्परिक कानूनी सहायताका लागि सुपुर्दगी सन्धी गर्नुपर्ने।
- वैज्ञानिक अभिलेख प्रणालीको अभावका कारण अनुसन्धान प्रभावकारी हुन नसकेकोले केन्द्रिय एकिकृत अभिलेख प्रणालीको विकास गर्नुपर्ने ।
- आर्थिक कारोबार नियमन गर्ने निकायहरूको कमजोरीका कारण समेत अपराधमा वृद्धि भएकोले नियमनकारी निकायहरूलाई जिम्मेवार बनाउनुपर्ने ।
- वैज्ञानिक संसाधनको अधिकतम प्रयोग गरी बैंकिङ्ग कसूर लगायतको अनुसन्धान गर्न श्रोत, साधन र दक्ष जनशक्ति अभाव रहेकोले पर्याप्त स्रोत साधन र अनुसन्धान गर्न राष्ट्र बैंकले आवश्यक विशेषज्ञ सहयोग उपलब्ध गराउनु पर्ने ।
- गोश्वारा अभियोजन हुने गरेको, समान तथ्य भएका मुद्धामा फरक फरक माग दावी लिने गरिएको, प्रमाणहरूको सिलसिलेबार प्रस्तुती र विवेचना हुने नगरेको,

फरार अभियुक्तहरूको स्पष्ट वतन खुलाउने नगरेको, समन्वयको अभाव रहेको, विदेशी नागरिकहरू पक्राउ नपर्ने गरेको जस्ता गुनासाहरू अनुसन्धानको सन्दर्भमा अदालत र सरकारी वकिलबाट आउने गरेको देखिएकोले यस्ता समस्याहरू प्रति अनुसन्धान अधिकृत सजग हुनुपर्ने ।

- ♦ अनुसन्धान तथा तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई मागदावीमा पूर्ण वा आंशिक छूट दिन सक्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- ♦ प्रविधिको प्रयोगबाट हुने अपराधको अनुसन्धान, भौतिक सबुद संकलन, परीक्षण र विश्लेषण गर्नका लागि छुट्टै विशेष निर्देशिका बनाउन जरुरी छ ।

**निष्कर्षः**

विज्ञान र प्रविधिले विश्वमा सबैभन्दा बढी फैलाएको अपराध आर्थिक अपराध हो । आर्थिक अपराध आज विश्वको जुनसुकै देश, क्षेत्र र समाजमा व्याप्त छ । आर्थिक अपराधबाट राष्ट्रको अर्थतन्त्र, विकास र सुरक्षामा नकारात्मक असर पर्दछ । श्वेतग्रिभी अपराधको रूपमा समेत परिभाषित गरिएको आर्थिक अपराधको प्रभाव बहुआयामिक मानिन्छ । नेपालमा आर्थिक अपराधको तथ्याङ्क हेर्दा करछली, कालोबजारी, खोटाचलन, बैंक तथा वित्तीय अपराध, सम्पत्ति शुद्धीकरण अपराध, साइबर अपराध, भ्रष्टाचार, ठगी, किर्ते, बैंक ठगी आदि जस्ता आर्थिक अपराधहरू दिनप्रतिदिन बढिरहेको देखिन्छ ।

नेपालमा आर्थिक अपराध नियन्त्रणका लागि कानूनी संरचना केही मात्रामा तयार भएतापनि प्रविधिगत रूपमा अपराध नियन्त्रण र अनुसन्धानका लागि धेरै काम गर्नुपर्ने देखिन्छ । आर्थिक अपराध नियन्त्रण तथा प्रभावकारी अनुसन्धान गर्नका लागि भौतिक र लिखित प्रमाण संकलनमा जोड दिने, वस्तुगत आधार र पर्याप्त सबुद प्रमाणको आधारमा मात्र अभियोजन गर्ने, संयुक्त अनुसन्धान पद्धति, आधुनिक प्रविधिको विकास, वैज्ञानिक संसाधनको अधिकतम उपयोग, अनुसन्धान कार्यमा तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था, प्रभावकारी र स्पष्ट कानूनी प्रावधान, पारस्परिक कानूनी सहायता, प्राविधिक सहयोग र अन्तर्राष्ट्रिय सहयोगमा वृद्धि, विशेषज्ञको सेवा र अन्य निकायसँगको सहयोग र समन्वय जस्ता कुराहरू आवश्यक र अपरिहार्य हुने देखिन्छ । ♦♦♦

# महालक्ष्मीको उपासना



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

वैदिक सनातनीहरूले परम्परादेखि मान्दै आएको महालक्ष्मीको विशेष उपासना भाद्र शुक्ल सप्तमीदेखि लगातार १५ दिन सम्म मनाइन्छ ।

महालक्ष्मीको उपासना गर्नेहरू महामारी, उल्कापात, दुर्घटनाहरूबाट बच्ने र घर, परिवार, समाज धन धान्यले पूर्ण हुने शास्त्रीय मान्यता रहेको छ । कुँवेरको धन प्राप्त गर्न चाहनेले यो व्रत निष्ठाका साथ पूरा गर्ने गर्छन् । परिश्रमी हातहरू, सीप र कामको दक्षताका लागि, आर्थिक समृद्धिका लागि लक्ष्मीको पूजाआजा गर्ने चलन छ । अघि वनबास, गुप्तबासमा भएका बखत पाण्डवहरूले पनि यो व्रत गरेर राज्य सुख प्राप्त गरेका थिए । आद्य गुरू शंकराचार्य, स्वामी विवेकानन्द सबैले लक्ष्मीको आराधना गरेका थए । हाल पनि सबैलाई समृद्धिको चाहना छ ।

सुर्योदय अघि बिहान हरेक दिन आफ्ना दुवै हात अञ्जलीलाई दर्शन गर्दै तलको मन्त्र पाठ गर्नाले घरमा स्थीर लक्ष्मीको बास हुन्छ । **“कराग्रे बसते लक्ष्मी करमध्ये सरस्वती करमूले तु गोविन्दः प्रभाते करदर्शनम् ।”**

अर्थात हातको अगाडि भागमा लक्ष्मी, हातका बीच भागमा लक्ष्मीकै अर्को रूप सरस्वती, हातकै मूल भागमा ब्रह्मा रहेका हुन्छन् । ऊर्जा भनौं महाकालीको निवास पनि हातैमा हुन्छ । संसारको सृष्टि, पालना र संहारका काममा ब्रह्मा, विष्णु र रूद्रलाई क्षमतावान बनाउने यी ३ देवीको उपासनाले मानवलाई पूर्ण शक्ति मिल्छ । हामीले हरेक दिन हातको दर्शन गर्नुपर्छ, जसले हाम्रा हरेक दिन सुखी र शान्त, सिपयुक्त हुन्छ ।

महालक्ष्मीको व्रतमा एक छाक मात्र अन्न खाने, नुन पनि एक छाक मात्र खाने, खाटमा नसुत्ने, नित्य बिहान, दिउँसो र बेलुका लक्ष्मीको विशेष पूजा, बन्दना आरती गर्ने गर्छन् । राम्ररी पिनेका अक्षता चढाउँछन् । १६ सुते

बत्ती १६ जोरको आरती गर्छन् । आफूले खाँदा पनि नकुट्किएको, राम्ररी केलाएको सग्लो चामलको खाना मात्र खान्छन् । दाखको खीर, समय अनुसारका ऋतुफल, दुध, पन्चामृत, राम्रा फूल मालाहरू लक्ष्मीलाई मन पर्छ । नैवेद्य, नरिवल, कपूर अगरूले लक्ष्मीको उपासना गर्दै विशेष श्रृङ्गार, गरगहनाले सजाइन्छ । १६ वर्ष सम्म लगातार गरिने यो उपासनापछि समापन गर्दा दम्पत्तिको पूजा सहित सक्नेले शैया दान गर्छन् । महालक्ष्मीको कथा सुन्ने उनको स्तुति बन्दना लक्ष्मी लहरी, महालक्ष्म्यष्टक स्तोत्र पाठ गर्नाले मानव जीवन धन्य हुने युग युगसम्म निरोगी धनी, मानी र सर्व सम्पन्न हुने शास्त्रीय मत रहेको छ ।

लक्ष्मीको चर्चा गर्दा यिनको स्वरूप बुझ्नु पर्ने हुन्छ । यिनका मुख्य २ रूप छन् । एउटा भौतिकरूप र अर्को आध्यात्मिक वा दैवीस्वरूप । भौतिक रूपमा मात्र हेर्दा लक्ष्मी केवल भोगकी साधनमात्र बन्न पुग्छिन् । दैवी र आध्यात्मिक रूपले हेर्दा लक्ष्मी योगकी साधन, उपयोगकी साधन पनि बन्न पुग्छिन् । उपभोगले मात्र हेर्दा लक्ष्मीको बाहन केवल लाटोकोसेरो मात्र बन्न पुग्छ । तर उपयोगको रूपमा हेर्दा लक्ष्मी गरूडासनी बन्न पुग्छिन् । जहाँ लक्ष्मीको सेवा हुन्छ त्यहाँ नारायणको सेवा हुनु जरूरी छ । नारायणको बाहन गरूड चढेर आउने लक्ष्मीको स्वागत गर्दा जीवन सुखमय, शान्तिमय र कान्तिमय बन्न पुग्छ । धन केवल भोग साधना गर्ने वस्तु हो भनी यसको दुरूपयोग गरेमा लक्ष्मी प्रसन्न हुन्नन् र मान्छेको मति बिगारिदिन्छिन् । मति बिग्रेपछि गति पनि ठीक हुन्न । दुर्गीतितिर उन्मुख व्यक्तिले शान्ति र कान्ति दुवै पाउदैन । नारायणको अर्को नाम यश र कीर्ति पनि हो । त्यसैले यश र कीर्ति प्राप्तिका लागि नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ भनी नीतिकारहरूले भनेका छन् ।

लक्ष्मी प्रसन्न राख्न सरसफाईको साथै उद्यमशीलता आवश्यक पर्छ । उद्यम, परिश्रम, मिहिनेत, निरन्तरको साधनाबाट लक्ष्मी खुसी हुन्छिन् । केवल पूजाले मात्र भन्दा पनि त्याग र समर्पण भाव, प्रेम र सद्भाव, सहिष्णुता र उपकार अनि दान र सामाजिक सेवामा सार्वजनिक निर्माणमा, उद्यान, शौचालय, बाटा घाटाहरू, मठ मन्दिरहरू, असहाय, दीनदुःखीको सेवामा लागेको धन पवित्र हुन्छ । आम्दानीको १० प्रतिशतमा आफ्नो हक, भोग अधिकार नरहने र त्यो आयलाई सार्वजनिक, सामाजिक सेवामा अर्पण गर्नुपर्ने विषयमा पूर्वीय चिन्तनले

यत्रतत्र व्याख्या गरेको छ । आनन्द प्राप्तिको लागि लक्ष्मीको आध्यात्मिक एवं दैवी स्वरूपलाई बुझ्नु पर्ने हुन्छ ।

चारित्रिक शुद्धता, अक्रोध, अवैरभाव, देवत्वको भाव, अप्रमाद र उद्योगमा लक्ष्मीको बास हुन्छ । धनको सदुपयोग, पदार्थको सदुपयोग, तत्वज्ञानको सदुपयोग, लज्जा, त्याग, शिष्टतामा लक्ष्मीको बास हुने हुँदा लक्ष्मीपूजा गर्ने साधकहरू सज्जन, शान्त, धीर, विर हुन जरूरी छ । सन्त, साधुहरूको सेवामा पनि लक्ष्मी रहने कुरा शास्त्रहरूले पुष्टि गरेका छन् । भनिन्छ, लक्ष्मीका धेरै पाउमध्ये एक पाउ उत्पादनमा, उब्जनीमा रहेको छ । पृथ्वी जसलाई धरा भनिन्छ । धराको प्राकृतिक स्रोत साधनमा लक्ष्मीको एक पाउ छ । लक्ष्मीको अर्को पाउ प्रकृतिको रसादि तत्वमा छ जसले शुद्ध तत्वलाई सिँचन गरी पोषण दिन्छ । जलमा रहेकी लक्ष्मीलाई विज्ञानले विद्युतीकरण समेत गरेर हराभरा बनाएको छ ।

उद्योग, कलकारखाना र मानव जीवनदेखि यन्त्रसाधनसमेत सजिलो बनेको छ । वृक्ष, वनस्पतिको हरियालीका लागि लटरम्म फलफूलको सिर्जनामा सहायकसिद्ध भएकी लक्ष्मीको अर्को पाउ तापशक्ति अग्निमा रहेको छ । वेदका मन्त्रले अग्निको स्तुति बन्दना गरेको छ । बाहिर देखिएको ताप शक्ति, सौर्य उर्जादेखि मानव हृदय भित्रको जठराग्नि समेतमा रहेर आफ्नै शक्तिद्वारा प्रदत्त पदार्थको पाचन गराउने कार्य जीवात्माको हृदयभित्र बसेर उनै लक्ष्मीले आफ्नो कार्य संचालन गरिरहेकी हुन्छिन् । लक्ष्मीको अर्को पाउ सत्यमा, साधुका हृदयमा, सत्यवादीतामा, सरसतामा, मधुरवाणीमा, आशीर्वादमा, मिठो मुस्कानमा, प्रिय र सत्यबोली, आचरण र तप, मनको शुद्धता र सात्विक आहारबिहारमा बसेको छ । यसर्थ, तपस्वी, साधु, सन्त केवल भेषको कारण होइन, आचरण पवित्रतामा हुनु पर्ने र तिनको आशीर्वादमा लक्ष्मीको आगमन हुने हुनाले कीर्ति, बुद्धिका साथै विवेक, संयम, आत्म संयमी आदि व्यक्तिमा यस्ती लक्ष्मीको निवासस्थान रहेको हुन्छ । महाभारत भीष्मपर्व, शान्तिपर्व र पद्मपुराण आदिमा लक्ष्मीको प्रशस्त चर्चा भएको पाइन्छ । वेदले लक्ष्मीको सदैव बन्दना गरेको छ ।

यसै व्रत उपासनाको क्रममा पर्छ अर्को पर्व अनन्त चतुर्दशी । भगवान अनन्तको कहिल्यै अन्त्य छैन । उनैका नामले प्रसिद्धि पाएको अनन्त चतुर्दशीमा विशेष अनन्तको पूजा, कथा श्रवण गर्ने पूर्वीय

दर्शनको मान्यता रहेको छ । वैदिक सनातनीहरूले यसै दिन वेदको मन्त्र लिने गुरूको अर्ती उपदेश सुन्ने, १६ वटा विशेष गाँठो बनाई विधिपूर्वक मन्त्र जपेर, विशेष पूजा गरिएको सो अनन्त धागोलाई आफ्नो दाहिने पाखुरामा बाँध्नाले जीवन सधैं सुरक्षित हुने शास्त्रीय मान्यता रहेको छ । सबैले यो व्रत उपासना गर्ने चलन छ र तागाधारीहरूले ऋषितर्पणी जनै पूर्णिमामा जनै लाउन छुटेकाले विशेष रूद्री पाठ गरी यज्ञोपवित अर्थात जनै विधिपूर्वक मन्त्रेर लाउने चलन छ ।

यसैदिन काठमाडौं पश्चिम उत्तर दहचोक डाँडामा रहेको इन्द्रदहमा विशेष स्नान गर्ने चलन भए पनि कोरोनाले समस्या पारेको छ । यसै दिन काष्ठमण्डमा जिउँदो देवी कुमारीको विशेष रथ यात्रा गर्ने चलन छ । इन्द्र जात्राको नामले ख्याती पाएको इन्द्र ध्वजोत्सव राष्ट्रिय रूपमा मनाउने प्रथा छ । यस वर्ष कोरोनाका सन्त्रासका कारण सबैतिर मार परेको छ । ♦♦♦

**बालकविता**

# रुख



✍ **सरस्वती श्रेष्ठ 'सरु'**

लुकेको छ माटामा जरा रूखको
भोगेको छ जिन्दगी दुःख-सुखको

हाँगाबिँगा फैलाई साथी बोलाई
स्वागत गर्छ रमाई पात हल्लाई

बस भन्छ आएर चर्को घाममा
आमाले झैं राख्दछ प्यारो काखमा

बाटो हिंड्ने बटुवा चाहे खेताला
बसी ताप्छन् शीतल गाई गोठाला

शान्त भई उभिन्छ सधैं यसरी
हावाहुरी सहन्छ रूखले कसरी ?

अघि बढ्न खोज्नेको खुट्टो तान्दैन
यो आफ्नो र त्यो पराइ कहिल्यै ठान्दैन

शिशिरमा पात झर्छ दुःख मान्दैन
दुःख पऱ्यो भनेर रून जान्दैन

स्वाभिमानी बन्नु छ रूख जसरी

***- पोखरा ।***

# नेपालमा सामाजिक सञ्जाल र अपराध



✍ **प्र.नि.बुद्धिप्रसाद सुवेदी**

**घटना १**ः सर ! म एक सिभिल इन्जिनियर हुं । मलाई एउटा नचिनेको इमेलबाट मैरै नाङ्गो फोटो पठाएर ब्याकमेल गरी लाखौं रकम मागिरहेको छ । मागेजति पैसा नदिएमा मेरो यस्तै भिडियो भाइरल गरिदिने धम्कि दिइरहेको छ । लौन! मलाई बर्बाद हुनबाट बचाई दिनुपर्‍यो । साइवर ब्यूरोले अनुसन्धान सुरू गर्‍यो र केही दिनमा नीज युवतीकै प्रेमी (जो एउटा प्रतिष्ठित संस्थामा म्यानेजर तहको कर्मचारी थिए) पक्राउ परे ।

**घटना २** ः एउटा प्राइभेट बैंकमा कार्यरत युवतीको विवाह हुने तय भइसकेको थियो । विवाहको मितिभन्दा तीन दिन अगाडि उनको हुनेवाला श्रीमानको फेसबुक म्यासेन्जरमा ती युवतीको अश्लिल भिडियो र तस्विर सहितको म्यासेज आयो । आफन्त नातागोता सहितले थाहा पाइसकेको विवाह सोही भिडियो र तस्विरका कारण केटा पक्षले रद्ध गर्‍यो । अनुसन्धान पश्चात निज युवती कार्यरत बैंकका शाखा प्रबन्धक पक्राउ परे ।

**घटना ३** ः काठमाडौंको एउटा प्रतिष्ठित प्राइभेट स्कूलमा ८ कक्षामा अध्ययनरत बालिकाको लुगा नलगाएको भिडियो उक्त स्कूलले अनलाईन कक्षा सञ्चालनका लागि बनाएको फेसबुक म्यासेन्जर ग्रुपमा पठाइयो । स्कूलभरि भिडियो फैलियो । गहन अनुसन्धानबाट ती बालिकासँग फेक फेसबुक एकाउण्ट मार्फत जोडिएका तर एकअर्कासँग प्रत्यक्ष कुनै चिनजान नभएका ३३ वर्षीय पुरूष पक्राउ परे ।

माथि उल्लेखित केही प्रतिनिधिमूलक घटनाहरू हुन, जसको मद्धतमा नेपाली समाजमा सामाजिक सञ्जालसँग सम्बन्धित कस्ता प्रकृतिका अपराध भइरहेका छन् र हाम्रो समाज कुन दिशातर्फ उन्मुख छ भनेर केही हदसम्म अनुमान गर्न सकिन्छ । नेपालमा भएको साइवर अपराधको प्रकृतिलाई अध्ययन गर्दा करिब ७६ प्रतिशत अपराध सामाजिक सञ्जालसँग सम्बन्धित रहेको

देखिन्छ (स्रोत : साइवर ब्यूरो) ।

विश्वमा इन्टरनेट प्रयोगकर्ताको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको अवस्था छ । इन्टरनेट लाइभ स्टाटस डटकमका अनुसार हाल विश्वका ४ अर्ब ९४ करोड भन्दा बढी जनसंख्याको पहुँचमा इन्टरनेट सुविधा पुगिसकेको छ, जसमध्ये २ अर्ब ८४ करोड व्यक्तिहरू विभिन्न सामाजिक सञ्जालमा आबद्ध रहेका छन् । यसरी हेर्दा विश्वको कूल जनसंख्याको करिब ३७ प्रतिशत जनसंख्या सामाजिक सञ्जालमा आबद्ध रहेको देखिन्छ । नेपाल दुरसंचार प्राधिकरणले पछिल्लो समय सार्वजनिक गरेको एमआइ एस (म्यानेजमेन्ट इन्फरमेसन सिस्टम) प्रतिवेदन अनुसार २०७७ फागुन सम्ममा नेपालमा २ करोड ६३ लाख ५६ हजार इन्टरनेट प्रयोगकर्ता रहेको देखिन्छ, जसमध्ये १ करोड ३० लाख भन्दा धेरै जनंसख्या सामाजिक सञ्जालमा आबद्ध रहेको डाटा रिपोर्टल डट कमको तथ्याङ्कले देखाउँछ ।

इन्टरनेटको पहुँचमा वृद्धि भएसँगै सामाजिक सञ्जाल सम्बन्धी अपराधले नेपालको गाउँ गाउँसम्म जरा फैलाइसकेको अवस्था छ । नेपालमा भइरहेको अधिकांश साइवर अपराधको प्रकृतिलाई केलाउदा प्रेम र यौन सम्बन्ध जोडिएर आएको पाइन्छ । अशिक्षा, साइवर कानूनको अनभिज्ञता, लापरबाही, जोशमा होस गुमाउने प्रवृत्ति लगायतका कारणले नेपालमा सामाजिक सञ्जाल सम्बन्धित साइवर अपराधको संख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ । कलिलै उमेरमा प्रेम सम्बन्ध स्थापित गर्ने, अवैध यौन सम्बन्ध राखेर त्यसको भिडियो तथा फोटो कैद गर्ने प्रचलन पछिल्लो समय नेपाली समाजमा गम्भीर रूपमा बढिरहेको छ । फलस्वरूपः सम्बन्ध बिग्रिनासाथ प्रतिसोध साध्ने हतियारको रूपमा त्यस्तो फोटो तथा भिडियोलाई प्रयोग गर्ने गरेको पाइन्छ । यसैगरी वैदेशिक रोजगारीको लागि विदेशमा रहेका पुरूषहरूले नेपालमा रहेका युवतीहरूसँग सामाजिक सञ्जालमार्फत चिनजान गरी प्रेम सम्बन्ध राख्ने र अश्लिल फोटो तथा भिडियो आदान-प्रदान गर्ने, भिडियो कलमार्फत एक-अर्काको गोप्य अंग प्रदर्शन गर्ने लगायतका संवेदनशील कार्य गर्ने गरेको पाइन्छ । जब सम्बन्धमा खटपट सुरू हुन्छ, तब विदेशमा रहेको पुरूषले त्यस्ता अश्लिल फोटो, स्क्रिन रेकर्ड गरी राखेको भिडियो लगायतका सामग्री सामाजिक सञ्जाल मार्फत सार्वजनिक गरी महिलाको चरित्र हत्या गर्ने प्रकृतिका अपराध पनि नेपालमा बढ्दो क्रममा रहेको छ । नचिनेको मानिससँग सम्बन्ध गाँस्ने, म्यासेन्जरमा गोप्य अंग प्रदर्शन गर्ने जस्तो अति संवेदनशील कार्यमा संलग्न हुने, विदेशमा

रहेको व्यक्तिले सजिलै पैसा पठाइदिन्छ कि भन्ने आशमा पर्ने तथा वैदेशिक रोजगारीमा रहेको व्यक्तिले विदेशमा गरेको अपराधमा उन्मुक्ति पाउछु भन्ने भ्रमका कारण नेपालमा साइवर अपराधको संख्या उल्लेख्य वृद्धि भएको देखिन्छ । तुलनात्मक रूपमा ग्रामीण क्षेत्रभन्दा नेपालका सहरी क्षेत्रमा बसोबास गर्ने र 'राम्रो परिवार' मै हुर्किएका भनिएका युवा युवतीहरू सामाजिक सञ्जाल सम्बन्धी साइवर अपराधको पीडित र पीडक बनेको देखिन्छ । देशको भविष्य बोकेका युवा पुस्ता यसरी लापरबाही तथा 'केही हुन्न' भन्ने गलत मानसिकताका कारण कलिलै उमेरमा फौजदारी मुद्धाको भारी बोक्ने अवस्थामा पुगेका छन् । उच्च नैतिक चरित्रवान हुनुपर्ने युवा पिंढी सामाजिक सञ्जालको जञ्जाल र विकृतिको दलदलमा फस्दै जानु कालान्तरमा नेपाली समाजको लागि दुर्भाग्यपूर्ण हुने कुरामा दुईमत नहोला । वर्तमान साइवर युगको विश्व बजारमा खरो प्रतिस्पर्धीको रूपमा उत्रनुपर्ने युवा जमात फाल्तु वेभसाइट तथा सामाजिक सञ्जालको गलत र अत्यधिक प्रयोगमा रूमल्लिने प्रवृत्तिले वास्तवमा नेपालमा साइवर अपराध बढ्नुलाई मलजल गरिरहेको छ ।

झट्ट हेर्दा सामाजिक सञ्जालसँग सम्बन्धित अपराध सामान्य जस्तो देखिएता पनि वास्तवमा यसले समाजलाई गम्भीर असर गरिरहेको छ । यस्ता अपराधका कारण वैवाहिक सम्बन्धमा दरार उत्पन्न हुने, सम्बन्ध विच्छेदको अवस्थामा पुग्ने, डिप्रेसनको सिकार हुने र अन्त्यमा आत्म हत्यासम्मकै स्थितिमा पुग्ने कहाली लाग्दो अवस्था सिर्जना भइरहेको छ । कतिपय सम्बन्धहरू सामाजिक सञ्जालका कारण जोडिएका छन्, जुन सकारात्मक छ । तर सामाजिक सञ्जालले भत्काइदिएका सम्बन्धहरूको फेहरिस्त नेपाली समाजमा लामो भइसकेको छ ।

**कानूनी व्यवस्थाः**

नेपालमा साइवर अपराध सम्बन्धी अनुसन्धान गर्नका लागि विद्युतीय कारोबार ऐन २०६३ प्रचलनमा रहेको छ । उक्त ऐनको परिच्छेद-९ ले विभिन्न कसूरहरूको व्यवस्था गरेको छ । दफा ४७ मा उल्लेखित 'विद्युतीय स्वरूपमा गैरकानूनी कुरा प्रकाशन गर्ने' भन्ने कानूनी व्यवस्थाअन्तर्गत सामाजिक सञ्जाल सम्बन्धी साइवर अपराधको अनुसन्धान गर्ने गरिएको छ । जसमा कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न

नहुने भनि रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री प्रकाशन तथा प्रदर्शन गर्नुलाई आपराधिक दायित्वअन्तर्गत राखिएको छ । यसैगरी कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू समेत प्रकाशन प्रदर्शन गर्न नपाइने भनिएको छ ।

महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई समेत आपराधिक दायित्वभित्र समेटी अनुसन्धान कार्य गरिँदै आएको छ । यी कार्य गर्नेलाई हाम्रो कानूनले ५ वर्षसम्म कैद वा १ लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ । कानूनी रूपमा हेर्दा साइवर अपराध सम्बन्धी हाम्रो कानूनी व्यवस्था नै अस्पष्ट छ, जसका कारण सर्वसाधारण र कानून कार्यान्वयन गर्ने निकायले अप्ठ्यारो परिस्थितिको सामना गर्नु परिरहेको छ । अधिकांश अपराधको अनुसन्धानमा सामाजिक सञ्जालहरूकै केन्द्रीय कार्यालयमा निर्भर रहनु पर्ने प्रहरीको बाध्यता छ । कुनै पनि सामाजिक सञ्जालको कार्यालय नेपालमा नभएका कारण प्रहरीले मागेको अपराधसँग सम्बन्धित सूचना समयमा नआउने समस्या रहेको छ । विदेशस्थित सामाजिक सञ्जालका कार्यालयसँग निर्भर रहेर अनुसन्धान गर्नुपर्ने बाध्यता र उक्त ऐनमा उल्लेखित ३५ दिने हदम्यादको बीचमा समेत तालमेल हुन सकिरहेको छैन । जसका कारण ५ वर्षसम्म कैद तोकिएको गम्भीर प्रकृतिको कसूरको अनुसन्धान सहज ढंगले हुन सकिरहेको छैन ।

**कसरी बच्ने** ?

नेपालमा धेरैजसो भए गरेका सामाजिक सञ्जाल सम्बन्धी साइवर अपराधबाट बच्न सजिलो छ । नचिनेका मानिसलाई सामाजिक सञ्जालमा साथी नबनाउने, प्रेमी–प्रेमिका वा आफ्नै श्रीमान–श्रीमतीको बीचमा पनि अश्लील तस्बिर तथा भिडियो कहिल्यै नखिच्ने, सामाजिक सञ्जालको पासवर्ड कसैसँग सेयर नगर्ने तथा बलियो पासवर्ड राख्ने, अनावश्यक प्रलोभनमा नपर्ने, आफ्नो विद्युतीय माध्यममा आएको कुनै संकेत, अंक वा पासवर्ड नजिककै मान्छे भए पनि सेयर नगर्ने, म्यासेञ्जरबाट आउने लिंकहरूलाई नखोल्ने तथा खोलेपछि कुनै विवरण माग गरेमा नदिने लगायतका कार्य गरेर सामाजिक सञ्जाल सम्बन्धी साइवर अपराधको पीडित हुनबाट सजिलै बच्न सकिन्छ । यसैगरी सामाजिक सञ्जालमा केही कुरा पोष्ट वा शेयर गर्नुभन्दा अगाडि त्यसको सामाजिक, कानूनी

पक्षलाई राम्रोसँग बुझेर मात्र गर्नुपर्छ ।

साथै बालबालिकालाई सामाजिक सञ्जालको पहुँचबाट सम्भव भएसम्म टाढा राख्ने, पहुँच उपलब्ध गराउनै पर्ने भएमा समय-समयमा उनीहरूको गतिविधि निगरानी गर्ने, उनीहरू अध्ययनरत विद्यालयसँग पृष्ठपोषण लिइरहने जस्ता कार्य गरेर बालबालिकालाई सामाजिक सञ्जाल सम्बन्धी अपराध पीडित हुनबाट बचाउन सकिन्छ । अभिभावक तथा विद्यालयहरूले पनि बालबालिका तथा युवा युवतीहरूलाई साइवर अपराधका सम्बन्धमा अनुशिक्षण कार्यक्रमहरू संचालन गर्नु प्रभावकारी हुन्छ ।

पछिल्लो समय एकातिर सामाजिक सञ्जाललाई मानव सहायताको महत्वपूर्ण साधनको रूपमा विकसित गराइएको छ भने अर्कोतिर ठगी, चरित्रहत्या, हिंसा फैलाउने जस्ता अपराधको कारकको रूपमा समेत उभ्याइएको छ । साइवर अपराध इन्टरनेट र विद्युतीय उपकरणसँग मात्र सम्बन्धित छैन, यो त व्यक्तिको व्यवहार अथवा मानसिकतासँग पनि सम्बन्धित रहेको छ । सामाजिक सञ्जाललाई धेरैले आफूसँग रहेको सूचना, तथ्याङ्कलाई संग्रह गर्ने माध्यमको रूपमा प्रयोग गरिरहेका हुन्छन् । तर साइवर अपराधीहरूले फिसिङको माध्यमबाट त्यस्तो सूचनामा अनधिकृत पहुँच राखी क्षति पुऱ्याउने, साइवर बुलिङ् तथा साइवर स्टकिङको माध्यमबाट महिला, बालबालिकाको चरित्र हत्या गर्ने जस्ता कार्य गरिरहेका हुन्छन् । सूचनाको सहज आदान-प्रदानका लागि वरदान साबित भएको सामाजिक सञ्जाल हाम्रै लापरबाही र हेलचेक्र्याईंका कारण आफ्नो र अरू कसैको व्यक्तिगत जीवनका लागि अभिसाप साबित हुन सक्छ । त्यसैले अब सबै मिलेर यो साइवर युगको बरदान मानिएको सामाजिक सञ्जालको मनग्ये सदुपयोग गरौं, दुरूपयोग नगरौं । ♦

## मुक्तक



✍ **अरुण खत्री 'नदी'**

सपना बोकेर आउने कति लुटिन्छन्  
आफ्नै भाग्य र कर्मले कति कुटिन्छन्  
यो त केवल ठूलाबडाको सहर हो  
कमजोरी थाहा पाए आफ्नै छुट्टिन्छन् ।

फूललाई पत्थर मानिन त पछि परे  
कसैलाई भूल्न सकिन त पछि परे  
अरूलाई दुश्मन ठानिन मैले  
षड्यन्त्र बुझ्न जानिन त पछि परे ।

यात्रा संस्मरण

# मेरो मानसपटलमा चीनको ग्रेटवाल



✍ रेणु अधिकारी 'मौनता'

पृथ्वीमा चन्द्रमाबाट देखिने चीनको सुन्दर ग्रेटवालको बारेमा स्कुलमै छँदा पढेको थिएँ । वि.सं. २०७५ असोज १३ गते बिहानै त्यही मैले पढेको, सुनेको ग्रेटवाल हेर्न जाने कुराले मनमा रमाइलो अनुभूति भईरहेको थियो । मिस लिलीले हाम्रो लागि बसको व्यवस्था मिलाई दिनुभयो । बेइजिङको साहित्य तथा साँस्कृतिक कला केन्द्रमा नास्ता खाएर बिहानको ७:३० बजे वरिष्ठ साहित्यकार रामबाबु सुवेदी, टोखा नगरपालिकाका मेयर प्रकाश अधिकारी, टोखा नगरपालिका ७ नम्बर वडाका वडा अध्यक्ष नरोत्तम राना, डा. सागर र म समेत पाँच जनाको टोली ग्रेटवाल जानका लागि तयार भयौँ । मिस लिली हामीसँग जानु भएन । सफा सानो टुरिष्ट बसबाट यात्रा सुरू गर्‍यौं ।

बेइजिङ सहरबाट उत्तर हुँदै सहरको बाक्लो बस्तीलाई छिचोल्दै सा-साना डाँडाको थुम्काथुम्की हुँदै बस अगाडि बढिरह्यो । केही क्षणमै पहाड नै पहाडले घेरिएको तल खोला बगेको यो ठाउँ नेपालको पहाडी भूभागको सम्झना दिलाउने किसिमको थियो । यात्रा गरेको करिब एक घण्टामा टाढैबाट पहाडमा कोरिएका पर्खालहरू देखिन थाले । विदेशी भूमिको प्राकृतिक वातावरणलाई नियाल्दै बस अलिअलि उकालो चढ्दै गयो । जति बस उकालिँदै गयो त्यति चिसो बढ्दै गएको महसुस भयो । करिब डेढ घण्टामा हामी ग्रेटवाल चढ्ने ठाउँमा पुग्यौं । जोडतोडले बतास चलिरहेको र धेरै नै जाडो भएकोले मैले एउटा ज्याकेट किने ।

चीनको राजधानी बेइजिङबाट पचास किलो मिटर उत्तर पश्चिमको दिशामा पर्ने ग्रेटवाल चीनलाई विश्वसामु चिनाउने प्रसिद्ध पर्यटकीय गन्तव्यस्थल पनि हो । ग्रेटवाल विश्वकै सातौं आश्चर्य मध्येको एक मानिन्छ । पहाडको टुप्पैटुप्पा नागबेली हुँदै

पूर्वबाट पश्चिम लमतन्न तन्किएको ग्रेटवाल पूर्वमा नियाउनिङ प्रान्तको गालु नदीको किनारबाट सुरू भएर पश्चिममा गान्सु प्रान्तको जियाउग्वानमा पुगेर टुङ्गिएको कुरा यहाँ अङ्ग्रेजीमा लेखिएका बोर्डहरूमा पढ्न पाइन्छ । चीनका तत्कालीन शासकहरूले उत्तरी सीमाका शक्तिशाली राष्ट्रहरूबाट जोगाउनको लागि निर्माण गरिएको ग्रेटवाल इसापूर्व पाँचौ शताब्दीदेखि बनाउन सुरू भएर सोह्रौं शताब्दीसम्म निर्माण भईरहेको कुरा त्यहाँका शिलालेखहरूबाट थाहा पाउन सकिन्छ । पर्खाल चढ्नुभन्दा अगाडि फराकिलो ढुङ्गा छापिएको चोक थियो । चोकको वरिपरि धेरै आकर्षक घरहरू अनि पर्यटकहरूका लागि आवश्यक सामानहरू खानेकुराहरूको लागि पसल, रेष्टुरेन्ट, होटलहरू थिए । विभिन्न देशबाट आएका विदेशी पर्यटकहरू र चिनियाँहरू पनि ग्रेटवाल हेर्न त्यहाँ आएका थिए । ग्रेटवाल चढ्ने र ओर्लनेहरूको भिड थियो ।

त्यहाँका तस्बिरहरू क्यामरामा कैद गर्दै, हामी पूर्वपट्टिको उकालो पर्खालका सिँढीहरू चढ्न सुरू गर्‍यौं । ठाडो भिरमा बनाइएका पर्खालका सिँढीहरू अति जोखिमपूर्ण थिए । त्यसमाथि पनि मान्छे नै उडाउला जस्तै गरी चलिरहेको बतासले गर्दा हामी निक्कै नै संयमताका साथ उक्लिरहेका थियौं। रामबाबु सर चाँही पूर्वपट्टी अलि होचो पहाडमा अवस्थित पर्खाल चढ्न अलि सजिलो मानेर उतै लाग्नुभयो । हामी चारजना तन्नेरी पल्टेर ठाडो भिरको जोखिमपूर्ण सिँढी उक्लदै गयौं । ठुलाठुला ढुङ्गाका ब्लकले कलात्मक ढुङ्बाट बनाइएको झण्डै एउटा बस जाने र अर्को बस आउन मिल्ने फराकिलो सडक थियो । पर्खालको छानामा सडक जस्तै बानाइएको छेउछेउमा ढुङ्गाकै पर्खाल कलात्मक तरिकाले लगाइएको ठाउँठाउँमा सैनिक बस्ने आकर्षक घरहरू बनाइएको वालबाट बाहिर हेर्न मिल्ने झ्यालहरू र शत्रुहरूले आक्रमण गर्दा बम, गोलीहरू बर्साउने प्वाल र खोपीहरू बनाइएको, चिनियाँ संस्कृतिका मूर्ति र कलाले सजिएको स्वर्गको टुक्रा धर्तीमा झरेको जस्तो महसुस भयो । ठाउँठाउँमा शिलालेखहरू तत्कालीन शासकका सालिकहरू अति नै आकर्षक शैलीमा बनाइएको थियो । वालको उत्तरपट्टी अलि पर मङ्गोल राज्यको सिमाना पर्दो रहेछ। पहिला पहिला मङगोलियनहरूले चीनमाथि हमला गरी राख्ने भएकोले चिनियाँहरूले मङ्गोल राज्यबाट आफूलाई सुरक्षित र तिनीहरूलाई आफ्नो देशभित्र नपसुन् भन्ने हेतूले यो ग्रेटवालको निर्माण भएको कुरा त्यहाँका चिनियाँ

पर्यटकहरूबाट बुझ्ने मौका पायौं ।

त्यहाँका प्राकृतिक वातावरण सम्पूर्ण सुन्दरतालाई आफ्नो क्यामरामा कैद गर्‍यौं । पर्खालको उत्तरपट्टी मङ्गोलियातिरबाट ठूलो लामो रेल चाइनातिर आइरहेको हामीले पर्खालबाटै हेर्ने मौका पायौं । त्यहाँबाट पनि फेरि हामी अर्को स्टेप उकालो सिँढी चढेर माथि गयौं । फेरि उस्तै सैनिक बस्ने घर, फराकिलो आँगन, घरको पेटीमा बसेर चारैतिरको प्राकृतिक दृश्य र टाढा टाढासम्म फैलिएको ग्रेटवाललाई देख्न सजिलो भयो । अति रमाइलो पृथ्वीको महत्वपूर्ण भू-भाग मानिने यो पर्खाल चन्द्रमाबाट पनि देखिन्छ भनेर मलाई सानैमा बुबाले भन्नुभएको सम्झना आयो । स्कुलमा पनि पढेको थिएँ । आज यही ठाउँमा टेकिरहेका छन् मेरा यी पाइलाहरू । म आकाशतिर फर्किएर मेरो बुबालाई भन्दैछु, 'यी हेर्नुस् बुबा आज तपाईंकी छोरी चन्द्रमामा जान नसके पनि चन्द्रमाबाट देखिने ग्रेटवालमा चढिरहेको छु ।' मैले सानो छँदा बुबालाई सोधेको थिएँ, 'बुबा म चन्द्रमामा जान सक्छु ?' बुबाले भन्नुभएको थियो, 'त्यो त्यत्तिकै घुम्न जाने ठाउँ होइन । साइन्स पढेर ठूलो वैज्ञानिक बन्यौ भने अनुसन्धान गर्ने क्रममा जान सकिएला ।' तर चन्द्रमामा जाने कल्पना पूरा गर्न नसके पनि चन्द्रमाबाट देखिने ग्रेटवालमा पाइला राख्न पाउँदा आफूलाइ भाग्यशाली सम्झिरहेको छु । आज मलाई बुबाको धेरै याद आइरहेको छ ।

जोडतोडले चिसो बतास चल्ने क्रम जारी नै छ । हुरीले कपाल फरर उडाइरहेको छ । म कोट बाहिर ज्याकेट लगाएर एक पछि अर्को गर्दै तीन वटा ठाडो लामो सिँढीहरू उक्लिएर माथि पुगें । डा. सागर र मेयर साब चौथो स्टेपमा पुगिसक्नु भएको थियो । नरोत्तम सर म भन्दा पछि आउँदै हुनुहुन्थ्यो । हामीसँगै अरू धेरै स्वदेशी तथा विदेशी पर्यटक पनि चार हातखुट्टा टेक्दै त्यो जोखिमपूर्ण तर रोमाञ्चकारी यात्रा गरिरहेका थिए । म तेस्रो स्टेपबाट माथि जान चाहिन त्यहीं बसेर त्यहाँको सुन्दरतालाई क्यामरामा कैद गर्दा गर्दै दुई घण्टा बितेको पत्तै भएन । त्यहाँ अरू धेरै समय बस्ने मन हुँदाहुँदै पनि अरू धेरै कार्यक्रममा जानुपर्ने भएकोले त्यहाँका मनोरम पलहरूलाई आँखाभरि सङ्गाल्दै हामी ओर्लन सुरू गर्‍यौं । सगरमाथा चढ्न भन्दा ओर्लन गाह्रो हुन्छ भनेर पढेको थिएँ । आज आफैलाई त्यस्तै अनुभूति भयो । कारण त्यस्तो हुरी अनि ठाडो ढुङ्गाको ओरालो धेरै सावधानीका साथ हामी तल झर्‍यौं । रामबाबु सर अगाडि नै तल चोकमा हामीलाई पर्खी बस्नुभएको रहेछ ।

वरिष्ठ साहित्यकार रामबाबु सुवेदी सर अत्यन्त नम्र स्वभावको 'माइडियर अंकल' हाम्रो चीन भ्रमणको अभिभावक रहनुभयो । वहाँ धेरै चोटी चीन भ्रमण गरिसक्नु भएकोले यात्रामा हामीलाई धेरै सजिलो भयो । पहिलो पटकको चाइना भ्रमणमै ग्रेटवाल घुम्ने मौका पाएकोमा आफूलाई भाग्यशाली महसुस गरिरहेको छु । सन् १९८७ मा विश्व सम्पदा सूचीमा परेको यो पर्खाल एतिहासिक र सांस्कृतिक वस्तुकलाको नमूना मानिन्छ । ♦♦♦

## मुक्तक



✍ **बद्रीप्रसाद ढकाल**

आमालाई धर्ती र बालाई आकाश मान्नेहरू धेरै भेटिए
रोगलाई मल्हम र सल्लाहलाई अर्ती मान्नेहरू धेरै भेटिए
बाँचुन्जेल रूवाउनेले मरेपछि काजक्रियाको के अर्थ राख्ला ?
आवाद नहुँदा के फल्ला वार्ध्दक्यलाई पर्ती मान्नेहरू धेरै भेटिए ।।

(१)

बाँचुन्जेलको सुखको झिनो आश न हो जीवन
हाँसुन्जेलको तनको अलि कति सास न हो जीवन
जति घोचे पनि दुख्ने पीडामा झर्ने उही आँसुको थोपा
सन्तान अधर्मी भए पनि उही विश्वास न हो जीवन ।।

(२)

खुशी त मनले अनुभूत गर्छ पीडा बगाउँछ आँखा
सुख त जीवनले भोग्छ बयान गर्छ मधुर भाका
सकिन्न लुकाउन जे देखिन्छ छरप्रष्ट मुहारमा
सहरमा होईन रम्य छ अझै छन् आफ्नै गाउँ पाखा ।।

(३)

मान्छेबाट मानवता निख्रिइसके पछि रहने पशुवृत्ति न हो
चेतनाबाट चेत पोख्खिइसके पछि रहने पशुवृत्ति न हो
मर्यादा र दायित्वबाट चुकिसकेपछि निर्लज्जको के अर्थ ?
कर्तव्यबाट ज्ञान झुकिसके पछि रहने पशुवृत्ति न हो ।।

(४)

# प्रकृति, प्रवृत्ति र पर्यावरण



✍ राजेशमान के.सी.

पृथ्वीमा अवस्थित घाम, पानी, माटो, वायु, आकाश जस्ता पञ्च तत्वहरूको अन्योन्याश्रित अन्तर सम्बन्धबाट सिर्जित जीवानुकुल परिस्थिति नै प्रकृति हो । प्रकृति शान्त अनि सुरम्य हुन्छ र यो आफ्नो नियमित गतिमा चलिरहेको हुन्छ । प्रकृतिको यस नियमित प्रक्रियाका कारण नै पृथ्वी जीव अनुकूलको ग्रह बन्न पुगेको छ र हामी जीवित प्राणीको रूपमा रहन सकेका छौं । तर प्रकृतिमा कहिलेकाहीं विचलन आई दिनाले र कतिपय अवस्थामा मानवीय लापरबाहीकै कारणले गर्दा प्रकृतिले आफ्नो उग्र रूप देखाउन पुग्दछ । जसको प्रत्यक्ष उदाहरण बाढी, पहिरो, भू-क्षय, भूकम्प, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि आदिलाई लिन सकिन्छ ।

प्रकृतिले देखाउने यस्तो उग्र रूपलाई हामी प्राकृतिक प्रकोप अथवा प्राकृतिक विपद् पनि भन्ने गर्दछौं । यसको प्रत्यक्ष उदाहरणको रूपमा भन्नु पर्दा हाम्रो आफ्नै मुलुक नेपालमा मनसुनको शुरूवात सँगै केही दिन अघि मात्र सिन्धुपाल्चोकको मेलम्चीमा गएको बाढी पहिरोले ठूलो अनुपातमा जनधनको क्षति पुऱ्यायो भने मनाङ् जस्तो तुलनात्मक रूपमा अत्यन्तै कम वर्षात हुने विकट जिल्लामा समेत यस वर्ष अप्रत्याशित रूपमा आएको बाढी पहिरोले ताण्डव लिला मच्चाएको छ ।

त्यसो त हामी मानव जातिको भौतिक शरीर पनि पृथ्वी, जल, वायु, अग्नी र आकाश जस्ता पञ्च तत्वहरूबाट नै निर्माण भएको हुन्छ र जीवनको अवसानपछि हाम्रो भौतिक शरीर पनि पृथ्वीको यिनै पञ्च तत्वहरूमा विलिन हुन पुग्दछ । त्यसैले यी पञ्च तत्वहरू हाम्रो सोंच, संस्कार र प्रवृत्तिसँग पनि कुनै न कुनै रूपमा गाँसिएका हुन्छन् । मानिसहरूले प्राकृतिक सम्पदालाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्ने, रूख-विरूवा जथाभावी काट्ने र समग्र पर्यावरणीय

सन्तुलनप्रति हेलचेक्रयाईं गर्ने प्रवृत्तिले गर्दा विश्वमा अहिले विभिन्न प्राकृतिक प्रकोप सँगसँगै वातावरणीय असन्तुलनको समस्या पनि बढ्दै गइरहेको देखिन्छ । अहिले विश्वमा मानिसको आँखाले देख्नै नसकिने अति नै सूक्ष्म जिवाणु कोरोना भाइरसले जुन किसिमबाट महामारी फैलाई रहेको छ त्यसको प्रमुख कारण पनि कुनै न कुनै रूपमा मानवीय लापरबाही नै रहेको देखिन्छ ।

नेपाल पनि एउटा प्राकृतिक प्रकोपबाट प्रभावित मुलुक हो । मानिसहरूले प्राकृतिक सम्पदाको ख्यालै नराखी जथाभावी वनविनाश गरिदिनाले वातावरणीय असन्तुलन बढ्न गई यहाँ बाढी, पहिरो, भू-क्षय आदि जस्ता प्राकृतिक प्रकोपको समस्या देखा पर्ने गरेका छन् । खासगरी वर्षातको मौसम सुरू हुने वित्तिकै बाढी, पहिरो र भू-क्षय जस्ता प्राकृतिक प्रकोपको समस्याले ताण्डव लिला मच्चाउने र यसबाट जनधनको ठूलो क्षति हुने गरेको छ । वनजंगलको कुरा गर्दा हाम्रो मुलुकमा कतिपय कार्यहरूमा वन पैदावरकै प्रयोग गर्ने परिपाटी अझै पनि व्यापक रूपमा चलिरहेको छ । विश्व २१ औं शताब्दीमा प्रवेश गरिसक्दा पनि हाम्रो मुलुकमा झण्डै ८० प्रतिशत उर्जा वन जंगलमार्फत प्राप्त हुने काठ दाउराबाट आपूर्ति भइरहेको छ । यसरी तीव्र गतिमा भइरहेको वन जंगल फडानीकै कारण वातावरणीय असन्तुलन बढ्दै गईरहेको छ भने जुन अनुपातमा वनजंगलमाथि अतिक्रमण भईरहेको छ, सोही अनुरूप वातावरणीय प्रदूषण पनि बढिरहेको छ । बाढी-पहिरो, भू-क्षय, अनियमित वर्षा र शीतलहर जस्ता प्राकृतिक प्रकोपहरू मूलतः वन फडानीकै परिणाम हुन् ।

वातावरणविद्हरूका अनुसार कुनै पनि मुलुकमा वातावरणीय सन्तुलन कायम राख्न देशको कुल क्षेत्रफलमध्ये कम्तीमा पनि ४० प्रतिशत वन जंगलले ढाकेको हुनु पर्दछ । तर नेपालमा हाल करिब ३० प्रतिशत मात्र वनजंगल बाँकी रहेको र त्यसमा पनि ह्रास आउने क्रम रोकिन सकेको छैन । त्यसमाथि अव्यवस्थित रूपमा भौतिक संरचनाहरू निर्माणका कारण भएका वन क्षेत्रहरू पनि क्रमिक रूपमा अतिक्रमित बन्दै गइरहेका छन् । जसले गर्दा वातावरणीय विनाश तीव्र गतिमा भइरहेको छ । यसरी बढ्दो वातावरणीय असन्तुलनले एकातिर जलवायु परिवर्तनको समस्या सिर्जना गरिरहेको छ भने अर्कोतिर जलवायु परिवर्तनकै कारण नेपालमा पनि यसको प्रतिकूल असर पर्न गई देशको प्रमुख

आयस्रोत मानिने कृषि उत्पादनमा समेत ह्रास आइरहेको छ । जसको परिणामस्वरूप केही दशक अघिसम्म खाद्यान्न निर्यात गर्ने मुलुक अहिले आएर खाद्य आयात गर्नुपर्ने अवस्थामा पुगेको छ । नेपालले अहिले वर्षेनी ठूलो परिमाणमा मकै, गहुँ पीठो, चामल आदि जस्ता खाद्य सामग्रीहरू भारत लगायत विभिन्न मुलुकहरूबाट आयात गरिरहेको छ ।

अर्को तर्फ विश्वमा जनसंख्याको तीव्र वृद्धिका कारण पनि प्राकृतिक स्रोत साधनले थेग्नै नसक्ने गरी तिनको शोषण भइरहेको छ । जनसंख्याको तीव्र वृद्धिकै कारण अव्यवस्थित र द्रुत गतिमा भइरहेको सहरीकरण अनि उद्योगहरूद्वारा प्राकृतिक स्रोतहरूको अन्धाधुन्ध प्रयोगले गर्दा मानव स्वास्थ्य, वन, बालीनाली र पानीको स्रोतमा समेत क्रमिक रूपमा ह्रास आउन थालेको छ । अहिले विभिन्न नदीनालाबाट जथाभावी बालुवा निकाल्ने र खानेपानी आपूर्तिका लागि भनी अनियन्त्रित रूपमा भूमिगत पानी निकाल्ने प्रवृत्तिले गर्दा सिंगो उपत्यका नै भासिसने खतरा रहेको कुरा भूगर्वविद्हरूले बताइरहेका छन् ।

यसरी जनसंख्याको तीव्र वृद्धिदर एवम् वनजंगलको फडानी र यसबाट उत्पन्न जल प्रदूषण, स्थल प्रदूषण, वायु प्रदूषण, ध्वनी प्रदूषण आदि जुन गतिमा बढ्दै गइराखेको छ। त्यसले गर्दा विशेषगरी नेपाल जस्तो तेस्रो विश्वका मुलुकहरू वातावरणीय विनाशको समस्याबाट सबैभन्दा बढी ग्रसित हुन पुगेका छन् । त्यसैले वातावरणीय विनाशको यो समस्यालाई अरू जटिल हुन नदिन विभिन्न अल्प र दीर्घकालीन उपायहरूको अवलम्बन गर्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ । यसको लागि सर्वप्रथम त जनसंख्याको वृद्धिदरको व्यवस्थापन हुनु पर्‍यो साथसाथै वनविनाशको रोकथाम, बढ्दो धुवाँयुक्त सवारी साधनहरूको नियन्त्रण र सो को ठाउँमा विद्युत र ब्याट्रीद्वारा संचालित सवारी साधनहरूको प्रयोग, आधुनिक प्रविधियुक्त ट्राफिक व्यवस्थापन प्रणाली, औद्योगिक प्रदूषण नियन्त्रण, नियमित एवम् प्रभावकारी रूपमा वायुको गुणस्तर निरीक्षण एवम् वातावरण सम्बन्धी शिक्षा र जनचेतनाको विकासमा जोड दिनु पर्ने खाँचो देखिएको छ ।

त्यसो त वातावरणीय विनाशको यो संकटमय स्थिति निम्त्याउने कार्यमा हामी मानव जाति नै बढी जिम्मेवार रहेको देखिन्छ ।

त्यसैले वातावरणीय विनाशलाई अरू जटिल बन्न नदिने प्रमुख अभिभारा पनि हामी मानव जातिकै हो । वास्तवमा हामी सबै मानव जातिको प्रमुख उद्धेश्य भनेको आफ्नो जीवनलाई सुखी बनाउनु नै हो, आनन्दमय तुल्याउनु नै हो । स्वच्छ वातावरण सँगसँगै राम्रो सोंच र असल प्रवृत्तिबाट नै हामी आफ्नो जीवनलाई सुखी र आनन्दमय तुल्याउन सक्दछौं । यसको लागि पृथ्वीमा विद्यमान प्राकृतिक सम्पदा र वनजंगलको संरक्षण सम्बर्धन गर्नु हामी सबैको दायित्व र कर्तव्य हो । बोटविरूवाले नै हामीलाई प्राणवायु प्रदान गर्ने हुनाले यसको संरक्षणबाट हाम्रो शरीर स्वस्थ रहनुको साथै हाम्रो सोंच र प्रवृत्ति पनि राम्रो बन्न पुग्दछ । जब हाम्रो सोंच र प्रवृत्ति राम्रो हुन्छ तब हाम्रो जीवन पनि खुसी र आनन्दमय बन्न सक्तछ ।

पर्यावरण संरक्षणकै कुरा गर्दा तुलसी र पीपल जस्ता बोट विरूवाहरूलाई ईश्वरकै प्रतीकका रूपमा पूजा गर्ने परम्परादेखि नै हाम्रो प्रचलन रहिआएको हो । स्वास्थ्य र पर्यावरणीय स्वच्छताको दृष्टिले यी बोटविरूवाहरू अत्यन्त उपयोगी मानिन्छन् । तुलसीको पत्ता स्वास्थ्य र पर्यावरणीय दृष्टिले अत्यन्त उपयोगी वनस्पति मानिन्छ भने पिपलको बोटले त हामीलाई चौबीसै घण्टा अक्सिजन प्रदान गर्दछ । जबकी अन्य बोट विरूवाहरूले बिहान अक्सिजन र राती कार्बनडाइअक्साइड छाड्ने गर्दछ । अब मानव जीवनमा अक्सिजनको महत्व कति रहेको छ भन्ने कुरा त कोरोनाबाट संक्रमित कतिपय व्यक्तिहरूले अक्सिजन कमीकै कारण ज्यान गुमाउनु परेको दुःखद प्रसङ्ग हामीले व्यहोरी सकेका छौं।

तसर्थ हाम्रो सनातन धर्म प्रतिको आस्था र आध्यात्मिक जागरणले पनि हामीलाई पर्यावरण संरक्षणतर्फ अभिप्रेरित गर्ने गर्दछ । ♦♦♦

**लेखक नाष्टका सेवा निवृत्त वरिष्ठ प्रवर्धन अधिकृत हुनुहुन्छ ।**

**मुक्तक**

**✍ गणेश तामाङ**

बोकेर आँखामा आँसुको खोला सोचिरहन्छु
एकनास हुँदैन मान्छेको चोला सोचिरहन्छु
आजसम्म त जिन्दगीलाई चलाईरहेकै छु,
भोलिको दिनमा खै के होला सोचिरहन्छु

***-सिन्धुली गोल्जोर, ४***

# फ्राइड राइस



✍ **सिन्धिया श्रेष्ठ**

एना महर्जन आफू स्कुल आउँदा उसकी कलेज पढ्ने दिदीको टिफिन लिएर आउँथी । आइसा महर्जन एनाकी दिदी, निशा मल्लिक, सोनाम डोल्मा, ऋतु गुरूङ, रूची बज्राचार्य, नीलम अधिकारी र म त्यो टिफिनको बाटो हेर्दै सेन्ट मेरिज, जावलाखेलको ग्रिन गेटमा बसिरहन्थ्यौं, हातमा आ-आफ्नो टिफिन लिएर। मर्निङ कलेज थियो हाम्रो, अझ बसमा जाने आउने भएपछि बिहान उठेर हतार-हतार तयार हुँदा पनि कहिलेकाहीं बस छुट्यो कि भनेर मन आत्तिन्थ्यो। कलेज नजिकै घर हुने आइसा पनि हस्याङ फस्याङ गर्दै कलेज आउँदै गरेको हामी बसबाट देख्थ्यौं । बौद्धको अन्तिम सिमानाबाट आउने सोनामको त झन् कति बस छुट्थ्यो। अर्को रूटको साथीलाई फोन गरेर बस रोकीदिनु भनी अर्को स्टपमा बस चढेर झुण्डिदै उड्दै आउँथी बिचरा ऊ । यसरी हामी सातजना सात थरिका बहाना र घटना एक अर्कालाई सुनाउँदै र त्यसैकारण आज केही मिठो खाजा पकाएर ल्याउन नभ्याएको कुरा गर्दै त्यो ग्रीन गेटमा उभिरहन्थ्यौं ।

हामी सबैलाई आज कसको खाजा के हुनेछ भनेर थाहा भइहाल्थ्यो। प्राय जसो म चाउचाउ लान्थें खाजा । त्यसैले सोनामले मेरो नाम नै चाउचाउ कुमारी राखिदिएकी थिई। टाइगर बिस्कुट ल्याउने निशा हाम्रो ग्रुपकी टाइग्रेस थिई । नीलम र रूचीले क्यान्टिनको खातामा पैसा जम्मा गराउँथे र दिनैपिच्छे समोसा, केक लिएर आउँथे। राती नै पकाएर एलुमिनियम फोयलमा पोको पारेको चिसो चाउमिन सोनामको आइडेन्टिटी नै थियो । ऋतुको खाजा होस्टेलबाट आउँथ्यो । प्राय हाफ कुक्ड अनि ऊ खाजा फिर्ता लाने गर्थी । आइसाको खाजा हामी सबै पर्खेर बस्थ्यौं । एना आफ्नो बुबासँग हातमा दिदीको अनि आफ्नो टिफिन लिएर आउँथिन। आइसाको खाजा सामान्य भए पनि हामीलाई निकै विशेष लाग्थ्यो किनकी त्यो घरको तातो खाना हुन्थ्यो । उसको ममीले पठाउनु

भएको स्पेसल फ्राइड राइसको पर्खाइमा हामी हाम्रो टिफिन नखाइ बस्थ्यौं । सोया सस र मिक्स तरकारी हालेर बनाइएको फ्राइड राइस साच्चै नै फाइभ स्टार लेभलको लाग्थ्यो हामीलाई । अझ छेउमा काटेर राखेको आँपले त झन् सुनमा सुगन्ध थप्ने काम गर्थ्यो। आँपको अलि अलि गुलियो मिसिएको त्यो फ्राइड राइस हामी हारालुछ गरी खान्थ्यौं । त्यतिबेला हामीलाई भोक र भोजन दुवै मीठो हो जस्तो लाग्थ्यो।

आइसाको मम्मीको फ्राइड राइसको हामी प्रत्येक दिन तारिफ गर्थ्यौं। आन्टीलाई थ्याङ्क्यू भनिदेऊ है अनि भोलि अझै धेरै पठाइदिनू भन हस् भन्दै हामी आइसालाई फकाउने गर्थ्यौं। कुनै दिन आइसा वा एना नआउँदा हामी सबभन्दा धेरै आइसा महर्जन लेखेको रातो झोला र त्यसभित्रको तातो टिफिन मिस गर्थ्यौं। भुटीभात र फ्राइड राइसको अन्तर मलाई त्यसै दिन थाहा भएको थियो। घरमा मम्मी, ड्याडी र मैले त्यस्तै गरी पकाउन कति कोसिस गर्‍यौं तर आइसाको मम्मीले जस्तो फ्राइड राइस बनाउन हामीले कहिल्यै सकेनौं।

आइसाको मम्मीले बनाउनु भएको फ्राइड राइस खान नपाएको चार वर्ष भइसकेछ तर अझै पनि त्यसको स्वाद मुखमा ताजा छ। हामीले हाम्रो ग्रुपको नाम रेनबो राखेका थियौं । इन्द्रणी जस्तै रङ्गीचङ्गी हाम्रा जीन्दगीका कथाहरू कुनै दिन कुनै पन्नामा छापिनेछन् भन्दै हामी बेला बेला भाइबर, मेसेन्जर र इन्स्टाग्राममा कुरा गर्छौं। गोलो गरी भुइँमा बसेर जुठो चोखो केही नभनी खाजा खाने हामी सात अहिले यिनै सोसियल मिडिया ग्रुप्समा सीमित छौं ।

आज चार वर्ष पश्चात अचानक मलाई मेरो कलेज डेजको फ्राइड राइसको याद आयो। चार-पाँच वर्षका नानीबाबुहरू आफ्नो साथीसँग बसेर क्यान्टिनमा खाजा खाँदै थिए । सपना भाउजू सबैलाई फकाउँदै त्यो सबै फ्राइड राइस खानु भन्दै हुनुहुन्थ्यो। चार वर्षपछि झापा पुग्दा मेरो मामाघर निकै फेरिएको मैले पाएकी थिए। घरको आँगनमै काइजेन मामाले स्कुल खोल्नु भएको रहेछ। त्यही विद्याशिल्प स्कुलको क्यान्टिन चलाएर मेरी भाउजू बस्नु भएको रहेछ । तीस मिनेटको त्यो खाजा खाने समयमा ती नानीहरूले च्यापच्याप चुपचुप गर्दै, चम्चाले प्लेट बजाउँदै, आधा खाना मुखमा, आधा खाना भुइँमा गरी आफ्नो प्लेट रित्तो पारे। प्लेग्रुपका केही रून्चे बच्चाहरूले मिक्स फ्राइड राइस खाए भने खानै नमान्नेहरूलाई भाउजूले पालो गर्दै फकाउदै खुवाउनु भयो।

म छक्क पर्छु, मान्छे आफ्नै सन्तानलाई रूवाउन, जबरजस्ती आफ्नो बच्चालाई मन नभएको खाना खुवाउन पैसा तिर्न तयार छ। हामी कस्तो समाजमा बाँचिरहेछौं ? बाल अधिकारको लागि वकालत गर्ने हामी हाम्रा बच्चालाई अलि अलि बोल्न सक्ने भएपछि नै कैदी बनाएर आधुनिक जेल अर्थात प्लेग्रुपमा हालिदिन्छौं । हाँस्ने, खेल्ने, अलिअलि चकचक गर्ने उमेरमा हामी उनीहरूलाई अनुशासनमा बाँधिदिन्छौं। एक्काइसौं शताब्दीको व्यस्त परिवेशलाई मध्य नजर गर्दै ल्याइएको यो विकास र प्रगतिको चपेटामा बाल मस्तिष्कलाई आफ्नो वर्तमानमा रमाउन नदिई उसलाई भविष्यको लागि तयार गरिदै छ। आफ्नो नाम प्रष्टसँग उच्चारण गर्न नजान्ने बच्चाले घर गएर मैले आज खाजा फ्राइड राइस खाएँ मम् भन्दा उसकी आमाको आँखामा विश्वयुद्ध जिते सरहको हर्ष छचल्किन्छ। यो कस्तो बिडम्बना !

बाल अधिकारको नाममा बल्ल हिंड्न सक्ने बच्चालाई विद्यालयमा भर्ना गरिदिनु मूर्खता हो। यस्ता अधिकारवादीको नजर किन ती झुपडीमा बस्ने, रोड छेउमा बस्ने, नाङ्गा, भोका, गरिब बच्चाहरू माथि पर्दैन ? मलाई अझै याद छ, दुई वर्ष अगाडि हाम्रो घरमा काम गर्ने आन्टीले एउटी ६/७ वर्षकी नानीलाई काम सिकाउन भन्दै लिएर आउनु भएको थियो। त्यो नानीको नाम निरूता रहेछ। निरूता आफ्ना दुई भाइहरूसँग सुकुम्बासी टोलमा बस्दै आएकी रहिछ। पढाइका नाममा अलिअलि अक्षर मात्र चिनेकी निरूता काठमाडौंमा एक्लै कसैको घरायसी काममा मद्धत पुऱ्याउने अनि त्यसैबाट कमाएको पैसाले आफ्नो अनि भाइहरूको पेट पाल्ने उद्धेश्यले केही दिनदेखि काम खोज्दै रहिछ। अहिले के खाएर बसेका छौं तिमीहरू नानी भनी मम्मीले सोध्दा उसले हाँस्दै भनि, "अहिले त घरबाट ल्याएको अलिकति चामल छ," त्यसैको भात बनाएर त्यसलाई नुन हालेर भुट्छु अनि भुटिभात खान्छौं आन्टि। निरूताको कुरा सुन्दा मेरा आँखा रसाए । आजसम्म कहिल्यै पनि मलाई केही कुराको जिम्मेवारी उठाउनु परेको छैन। म भन्दा १५/१६ वर्ष सानी नानी आफ्ना भाइहरूको जिम्मा लिई काठमाडौं सहरमा भविष्य खोज्दै सङ्घर्ष गरेको देख्दा-सुन्दा मेरा मनमा अनेकौं कुराहरू खेले। त्यो दिन निरूताले मलाई ठूलो पाठ सिकाएर गई अनि कहिल्यै आइन। सायद, कतै काम गर्न थाली होला।

निरूता त एउटा उदाहरण मात्र थिई, प्रतिनिधि पात्र मात्र थिई।

ऊ जस्तै अरू कति बच्चाहरू आज पनि एक गाँस भुटीभातलाई तड्पिरहेका छन् । एउटा न्यानो अँगालो अनि एउटा मिठो निन्द्राका लागि कसैको घर आँगन सफा गरिरहेका छन् । यस्ता कलिला सङ्घर्षीहरू कतै बाटोमा मकै पोलिरहेका भेटिन्छन् त कतै आफ्नै उमेरका बच्चाहरूलाई लिटो खुवाउँदै स्याहारिरहेका हुन्छन् । भुटीभात खान नपाउने बच्चा र जबरजस्ती फ्राइड राइस ख्वाइने ती स्पेशल किड्समा म खासै केही अन्तर देख्दिनँ। बाल अधिकार यहाँ दुवैको हनन् भएको छ। बालापनको हाँसो र वात्सल्यबाट दुवै वञ्चित छन्। भुटीभात देखि फ्राइड राइस सम्मको यो अनन्त यात्रामा वास्तवमा हामी सबै लागिपरेका छौं । यही यात्रा नै सायद सफलता र सम्पन्नतातर्फको यात्रा हो। साँच्चै नै, प्रत्येक सफल र असफल कथाहरू भुटीभातबाटै सुरू हुन्छन् जस्तो मलाई लाग्छ । ♦

**कविता**

## कोभिडबाट बचौं



✍ **प्र.ना.नि. घनश्याम नेपाल**

यो ब्रह्माण्डमा जहाँ जगतमा फैलेर आयो किन
कोरोना जीवले रुवाई मनमा सातो उडायो झन् ।
जावीको भरमा छ प्राण अहिले भुल्नै नसक्ने छ यो
गर्छौं लागु भनेर हामी जनले बुझ्नै त पर्ने छ हो ।

ठट्टा हैन बुझौं छ सत्य घटना लाखौं गए स्वर्गमा
जातै छैन न थर छ रोगहरूले गाल्ने छ जुन वर्गमा ।
सामाजिक दुरी गरेर हिंड्दा होला ठूलो फाइदा
बेलैमा सद्बुद्धि गर्न सक्दा त्यही हुन्छ हो काइदा ।

जानेनौं त भने हुने छ खतरा आफ्ना भएका जति
पर्ला हो सबलाई आपत ठूलो होला बिजोकै खति ।
रातीमा दिनमा खटी हरपलै तैनाथ देखिन्छ जो
भूमिमा रखवारी गर्छ जसले देखाउ रोकिन्छ को ।

आफ्नो घर यही हो भनेर प्रहरी हाम्रै छ गाउँमा
साथैमा दिनरात भुल्छ सँगमा पालो मिलाई जहाँ ।
मान्नु पर्दछ उर्दिजारी जति छन् हाम्रै छ लागि हित
सेवाको मनले गरेर उपकार गाएर हिंड्छन् गीत ।

# वरपिपल चिउरी र सिमल



✍ ईन्द्रकुमार श्रेष्ठ

इटालीमा एक जना ९३ वर्षीय वृद्ध कोभिड संक्रमित भएर अस्पताल भर्ना भएपछि त्यहाँ उनलाई एकदिन भेन्टिलेटरमा राखेर उपचार गर्नुपरेछ । त्यत्तिकैमा उनले कोरोनालाई जितेछन् पनि । डिस्चार्ज हुने क्रममा, अस्पतालले एकदिन भेन्टिलेटरमा अक्सिजन प्रयोग गरेर उपचार गरेबापत ५ सय यूरोको बिल थमाएछ । त्यतिका पैसा तिर्नुपर्ने कुरा सुनेको एकछिनपछि बूढा रून थालेछन् । त्यो देखेर डाक्टरहरूले आपसमा सल्लाह गरी उनले तिर्नुपर्ने रकम मिनाहा गरिदिएछन् । माया गरेर 'अब नरूनूस् बा !' भनेर सम्झाउन पनि थालेछन् ।

अनि बूढाले आँशु पुछ्दै भक्कानिएर भनेछन्, 'म पैसा तिर्न नसकेर रोएको होइन । म त ..!"

"पैसा तिर्न नसकेर होइन भने किन रूनुभएको त !" डाक्टरहरूले सोधेछन् ।

उनले भनेछन्, "म अहिले ९३ वर्षको भएँ । जन्मेदेखि यो उमेरसम्म मैले प्रकृतिले दिएको हावामा सास फेर्दा कुनै पनि पैसा कहिल्यै कतै तिरेको थिइनँ । आज एकदिन मात्रै भेन्टिलेटरमा रहेर सास फेरेको ५०० यूरो तिर्नुपर्ने भयो । भनेपछि ममाथि प्रकृतिको कति धेरै ऋण रहेछ त ! यो उमेरमा यत्तिका ऋण कसरी तिरूँ ! भन्ने सम्झेर म रोएको हुँ ।" यो मार्मिक प्रसङ्ग, केही दिनअघि सामाजिक सञ्जालमा भाइरल भएको थियो ।

पृथ्वीमा जनसङ्ख्या दिनानुदिन बढिरहेको छ । योसँगै मानवीय जीवनयापन र विकास निर्माणका क्रममा प्राकृतिक स्रोत साधनको निरन्तर विनाश भइरहेको छ । यसबाट वातावरणीय सन्तुलन पनि खलबलिएको छ । जनसङ्ख्या र वनजङ्गलको अनुपात नमिल्दा खासगरी सहरी क्षेत्रमा अक्सिजनको आपूर्ति कम भइरहेको छ । घना बस्ती तथा सवारी साधन र कलकारखानाको धुवाँ पनि यसमा थप

कारण बन्न पुगेको छ ।

वायुमण्डलमा अक्सिजनको मात्रा २१ प्रतिशत हुन्छ । मानवका लागि अक्सिजन अर्थात प्राण वायुको थप आपूर्ति विशेष गरी बोटबिरूवाबाट हुन्छ । यसमा पनि, बोटमा पिपल र बिरूवामा तुलसीबाट अक्सिजन बढी मात्रामा पाइने बताइएको छ । हिन्दू दृष्टिकोणमा यी बोटबिरूवालाई पवित्र मानिन्छ । यिनमा रहेको विशेष गुण चिनेर, अक्सिजनको पर्याप्तता होस् भनेर नै हाम्रा पूर्खाले घरघरमा तुलसी र बाटोघाटोको छेउछाउ र सार्वजनिक ठाउँमा पिपल रोपेर तिनको पूजाआजा समेत गर्नुपर्ने धार्मिक नियम बसालेका होलान् । यस नियमको पालना, के गाउँ के सहर, पहिलेदेखि नै जतातत्तै हुने गरेको छ । डोजरले बाटो खन्ने क्रममा सयौं वर्ष पुराना वरपिपलका थुप्रै रूखहरू, चौतारो समेत भत्काई नष्ट गरिए पनि गाउँघरमा अझै पनि बूढा ठूलाठूला वरपिपलका रूख देख्न पाइन्छ । सहर भने घरैघरले ढाकिएका कारण त्यतातिर वरपिपल उति नभए पनि घरघरमा गमलामै भए पनि तुलसीचाहिं रोप्ने गरिएको देखिन्छ । वरपिपल रोप्ने सम्बन्धमा भने गाउँ सहर कतै पनि त्यती ध्यान दिइएको पाइँदैन ।

पिपलसँगै वर पनि रोप्ने र ती दुवै हुर्केपछि पूजाआजाका साथ विहे गराइदिने हाम्रो हिन्दू संस्कार हो । गाउँघरतिर यो चलन अझै पनि चलेकै छ । सहरी क्षेत्रमा चाहिँ विभिन्न व्यक्तिको जन्म जयन्तीका दिन औपचारिकतावश कुनै आधुनिक जातको बिरूवा रोप्ने गरिन्छ । तर त्यो दिन, धेरै वर्षसम्म बाँच्ने र धेरै अक्सिजन दिने पिपलको बिरूवा रोपेर त्यसलाई हुर्काउने सुविचारचाहिँ आएको देखिँदैन । कतिपय चराचुरुङ्गीको प्रिय फल पिपल र बाँदरको प्रिय फल वर भएको हुँदा, पहाडका जङ्गलहरूमा बाक्लै गरी जतातत्तै वरपिपलको बोट रोपेर तिनलाई स्याहार संरक्षण गरी छिटै बढाउन सके, चराचुरुङ्गी अन्यन्त्रबाट पनि आएर रमाई वातावरणलाई रमाइलो बनाउने र बाँदरबाट बालीनाली जोगाउन पनि केही न केही सहयोग पुग्ने थियो । कतिपय ठाउँमा त बाँदरबाट खाद्यान्न बाली जोगाउनका लागि जङ्गलमा उन्नत जातका अम्बा रोप्ने उपायसमेत अपनाइएको छ । अक्सिजन आपूर्ति र हरियालीपूर्ण सुन्दरताका लागि पनि उपत्यकाका विभिन्न खाली ठाउँ र वरिपरिका जङ्गलमा चाहिँ वरपिपल रोप्ने अभियान चलाउन थालेको सुन्न पाए साह्रै राम्रो हुने थियो ।

पिपलजस्तै मानवका लागि अर्को एउटा बहुउपयोगी रूख चिउरी पनि हो । यो जातको रूख हाम्रो देशको

मध्य पहाडी क्षेत्रमा पूर्वदेखि पश्चिमसम्मकै वनजङ्गल, खोंच, खोरिया तथा कान्लामा पाइए पनि मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रमा यो बढी पाइन्छ । चिउरीमा लाग्ने फल गुलियो हुन्छ र यसको बियाँबाट भुटुन खान मिल्ने खालको घिउ पनि बन्छ । यसको घाँस गाईबस्तुलाई निकै पोषिलो हुन्छ । मुख्य कुरा माहुरीलाई चिउरीको फूल विशेष मन पर्ने भएकोले जुन ठाउँमा चिउरीका बोटहरू हुन्छन् । त्यस ठाउँमा मौरीपालन व्यवसाय राम्ररी फस्टाउने गर्छ । मौरी मानिसका लागि अमृतजस्तो मह जम्मा गर्ने अति नै मेहनती कीरा हो । यसबाहेक परागसेचन गराउने मुख्य भूमिका (८० प्रतिशत) पनि मौरीको भएको हुँदा यसको सङ्ख्या बढ्दा कृषि उत्पादन पनि बढ्ने भयो ।

अल्बर्ट आइन्स्टाइनले भनेका थिए, "मौरी नभए मानिसको अस्तित्व छ वर्षभन्दा बढी रहँदैन ।" बालीनालीमा विषादीको जथाभावी प्रयोग र चरनको उचित व्यवस्था नभएका कारण मौरीको सङ्ख्या कम हुँदै गएको वर्तमान अवस्थामा यस्तो विशेष महत्वको चिउरीको बोट जोगाउने र यसको बिरूवा रोप्नेतिर कसैको पनि ध्यान पुगेको पाइँदैन । बरू यसको महत्व हाम्रा चेपाङ जातिले बढी बुझेजस्तो लाग्छ । यस जातिमा छोरीको विहे गर्दा चिउरीको बोट दाइजो दिने रमाइलो र अनौठो चलन छ । मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका र चितवनको साविक लोथर गाविस हाल राप्ती नगरपालिकाभित्र पर्ने क्षेत्रमा बसोबासरत चेपाङ जातिले चिउरीको संरक्षण, उपयोग र मौरी पालनबाट आर्थिक स्तर राम्रो बनाएको कुरा बिबिसी मिडिया एक्शनद्वारा उत्पादित साझा सवाल-५४५ भागमा हेरिएको थियो । चिउरी र यो फस्टाउने त्यतैतिरको ठाउँको बारेमा बयान गरिएको, 'चिउरी फुल्ने गाउँ, जाउँ बरू काँकडा उतै घर बसाऊँ' भन्ने गीत पनि प्रसिद्ध छ । यद्यपि निकै समय लाग्ने चिउरीका नयाँ बोट हुर्काउनेतिर भने त्यतातिर पनि खासै काम हुन थालेको पाइएन ।

वरपिपल र चिउरीजस्तै अर्को महत्वपूर्ण रूख सिमल पनि हो । पहिला पहिला यसको प्रयोग खासगरी डुङ्गा र सलाई बनाउनका लागि गरिन्थ्यो । यसका विभिन्न भागको प्रयोगबाट पाइने औषधीय गुण र उपयोगिता त छदैछ । यसबाहेक सबैभन्दा महत्वपूर्ण र रोचक कुरो त के छ भने खन्दा पानी नआउने र सिमल फस्टाउने क्षेत्रमा समेत यो रोपेको बीस पच्चीस वर्षपछि त्यसको आसपासमा पानीको मूलै फुट्छ रे ! यो कुरा सुन्दा जनमानसमा प्रचलित एउटा विश्वास मात्र हो भन्ने लागे पनि सिमलमा

पानी भण्डारण गर्ने क्षमता अन्य रूखहरूको भन्दा बढी हुने हो भने यो जनविश्वासमा वैज्ञानिक सत्यता छैन भन्न पनि सकिदैन । कतिपय ठाउँमा यो सत्य सावित पनि भएको छ । ओखलढुङ्गा जिल्लाको साविक कालिकादेवी गाविस रयालेटारमा पानीको अभावका कारण ३०/३२ सालतिर त्यहाँका एक जना समाजसेवीबाट 'सिमल रोपौं अभियान' चलाइएको र पछि त्यसको तल्लो भेगमा पानी पलाएको कुरा त्यस ठाउँका पाका पुस्ताका मानिसहरू बताउँछन् । पानीको मुहान नजिकै सिमलको रूख देख्दा हाम्रा पूर्खाहरूले पानीको मुहान नजिकै सिमलको रूख रोप्ने गरेका रहेछन् भन्ने कुरो थाहा पाइन्छ । पानीको मुहान नजिकैको ठूलो सिमलको रूख बाटो खन्ने क्रममा डोजरले नष्ट गर्दा त्यहाँको पानीको मुहान तुरुन्तै सुकेको पनि पाइएको छ ।

वर्षाको पानी धर्तीभित्र पसेर त्यही पानी पछि मूलका रूपमा बाहिर पलाउने हो । पानीको मूल स्थायी बनाई राख्नका लागि वातावरण संरक्षण गरी वन जङ्गल जोगाउनु पर्ने र पहाडका भिराला पाखाहरूमा ठाउँ ठाउँमा आहाल खन्नुपर्ने सुझाव विज्ञहरूले दिएका छन् । यो सुझावको पालना गर्न पनि बाँकी नै छ । यता, पानीका मुहानहरू धमाधम सुक्दै गएका हुंदा खोलानालाहरू साना हुन थालेका छन् । मानवीय अतिक्रमणका कारण सहरिया बगरहरू नगर बनिसके । माटोको सतह कन्क्रिटमय भईसक्यो । हिमाली पहाडी क्षेत्रमा सडक बनाउने क्रममा वातावरणीय अध्ययन नै नगरी प्राकृतिक संरचना जथाभावी बिगारी सकियो । यी कारणबाट पानीका मुहानहरू क्रमशः हराउँदै गएका छन् । स्थिति यस्तै रहने हो भने भविष्यमा गएर पानीका नयाँ मुहानहरू उत्पन्न हुने त कुरै छोडौं बाँकी रहेका थोरै मुहानहरू पनि सुक्नेछन् ।

त्यसैले पनि पहाड तराई सबैतिर बस्तीको ठाउँठाउँमा लहर मिलाएर सिमल रोपे हाम्रो भावी पुस्ताले पानीको समस्या भोग्नुपर्ने थिएन होला । तर हाम्रा थुप्रै पहाड, नदीनालाबाट ढुङ्गा, गिटी, बालुवा निकाल्ने गरिएको छ । मेशिनको प्रयोग नगरी अलिअलि निकाल्दा त खासै केही हुँदैनथ्यो । मेशिनको प्रयोग कारण भौगोलिक संरचना नै बिगारेर ढुङ्गा निकाल्ने, नदी गहिऱ्याएर बालुवा निकाल्ने गर्दा पहाडतिर पहिरो जाने गरेको छ । तराईतिर सिंचाइको सुविधा हराउने र खोलानदीले आफ्नो बाटो बढाउँदै गाउँबस्तीतिर पस्ने गरेको छ । थोरै खन्दा पानी आउने ठाउँमा अब धेरै गहिराइसम्म खन्नुपर्ने भएको छ । यस्ता समस्या हुँदाहुँदै अझ यस वर्षको बजेटमा त चुरेका ढुङ्गा, गिटी, बालुवा

बेचेर व्यापार घाटा कम गर्ने कुराले सबैलाई चिन्तित बनाएको छ ।

भौगोलिक बनावटअनुसार वातावरणीय सन्तुलन कायम गर्नका लागि स्थानीय बोट विरूवाको ठूलो भूमिका हुन्छ । यो कुरा विश्वका कतिपय देशले विकासका नाममा प्राकृतिक विनाश गरेपछि त्यसको परिणामबाट बुझिसकेका छन् । हाम्रो देशमा भने यस्तो कुरा राम्ररी महसुस गर्न बाँकी नै छ । भोलिका दिनमा प्रकृतिको कठोर सजाय भोग्नुभन्दा बेलैमा बुद्धि पुऱ्याउनु बेस । त्यसैले पनि अबका दिनमा वर्षेनी वृक्षरोपण अभियान सञ्चालन गरेर विशेष महत्वका बिरूवा 'वरपिपल, चिउरी र सिमल रोपौं अभियान' चलाउनु आवश्यक छ । धेरै वर्ष बाँचेर मानव जातिलाई अक्सिजन दिने पिपल, मौरीलाई मनपर्ने भएका कारण तिनको सङ्ख्या बढाएर कृषि उत्पादन बढाउन सहयोग गर्ने चिउरी र जतातत्तै पानीको मुल सुक्दै गएको अवस्थामा, अहिले रोपे कालान्तरमा खानेपानीको मुलै फुटाइदिने अद्भूत क्षमता भएको सिमलको रूखलाई काट्नुहुँदैन, संरक्षण गर्नुपर्छ भन्ने जनमानसमा चेतना बढाउन ढिला भईसक्यो । ♦♦♦

कविता

## प्रहरी जीवन



✍ **मिम बहादुर लामा**

आफू जलेर पनि उज्यालो छर्ने दियो जस्तै
कर्तव्य पथमा लम्किरहेका प्रहरी तिमी
मातृभूमिको रक्षार्थ हिमाल झैं अडिग भई
देशको हरेक कुनामा तैनाथ छौ तिमी ।

अनवरत समर्पण भावमै छौ, साउने झरि, वर्षे भेलमा पनि
स्वार्थ छैन केही देशभक्ति बाहेक प्रतिकूल समयमा पनि
पहाडका कुना कन्दरामा शान्तिको दूत बनी,
अछुतो छैन हिमाल तराई र मधेशका बस्तिहरू पनि

हार्दैनौ हिम्मत कहिल्यै तिमी, देशमा संकट आउँदा
खुसी तिम्रो अपार हुन्छ, अपराधीलाई कठघरामा उभ्याउँदा
भुल्दैनौ कहिल्यै दिक्षान्त हुँदा खाएको शपथ
बचाउँछौ देशलाई संकटबाट बगाई रगत ।

# प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था



✍ प्र.ना.नि.सरस्वती बुढाथोकी

**परिचयः**

व्यक्ति (person) शब्द ल्याटिन भाषाको 'persona' शब्दबाट आएको हो जसको मौलिक अर्थ मनुष्य हो । साधारण बोलचालको भाषामा पार्थिव शरीरधारी मानिस (स्त्री वा पुरूष) लाई व्यक्ति भनिन्छ । व्यक्ति भन्नाले सामान्यतया लौकिक क्रियाकलाप (हिंड्ने, बोल्ने आदि) गर्ने मानिस बुझिन्छ तर कानूनी अर्थमा व्यक्तिको अर्थ मनुष्य नहुन सक्छ ।

विधिशास्त्रमा व्यक्ति भन्नाले व्यवहारमा भन्दा व्यापक र फरक भएर कानूनी अस्तित्व रहेको प्राकृतिक र कृतिम शरीरधारीहरू हुन् । सालमण्डका अनुसार "व्यक्ति भन्नाले कुनै पनि त्यस्तो वस्तु वा अस्तित्व हो जसलाई कानूनी रूपमा अधिकार र कर्तव्यको लागि सक्षम भनेर ठानिएको हुन्छ ।" त्यसैगरी Rey का अनुसार, "व्यक्ति भन्नाले अधिकार र कर्तव्य प्रदान गर्न सकिने अस्तित्व हो ।"

व्यक्ति दुई प्रकारको हुन्छ । एउटा प्राकृतिकरूपमा मान्छेले जन्माएका मान्छेहरू वा गर्भाधारणबाट जन्मिएका शरीरधारीहरू हुन् । यसको उत्पत्ति जीवित जन्मबाट हुन्छ भने मृत्यु पनि प्राकृतिक तरिकाबाट नै हुन्छ । अर्को कृतिमरूपमा मान्छेले स्थापित गरेका संघ संस्था, प्रतिष्ठान, विभिन्न संस्था, बैंक, उद्योग आदि हुन् ।

मुलुकी देवानी संहिता २०७४ को भाग २ मा व्यक्ति सम्बन्धी व्यवस्था गरिएको छ भने यसैको परिच्छेद १ मा प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था गरिएको छ । यस परिच्छेद अनुसार प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउछ र निज जीवित रहेसम्म कानून बमोजिमको अधिकार उपभोग गर्न पाउछ । प्रत्येक व्यक्तिलाई जन्मनासाथ नामको अधिकार हुन्छ र आफ्नो नामको सम्मानजनक तवरले उपयोग गर्न पाउछ । त्यसैगरी प्रत्येक व्यक्तिलाई आफ्नो नाम, इज्जत र प्रतिष्ठाको रक्षा गर्ने अधिकार हुन्छ ।

त्यस्तो अधिकार अन्य व्यक्तिमा हस्तान्तरण हुन सक्ने छैन र कसैले पनि अन्य व्यक्तिको नाम दुरूपयोग पनि गर्न पाउने छैन । यस परिच्छेदका अन्य व्यवस्थाहरू निम्नानुसार रहेका छन्:

**सक्षमता प्राप्त गर्नेः**

(१) अठार वर्ष उमेर पूरा भएको प्रत्येक व्यक्ति बालिग भएको मानिन्छ र सोही हैसियतमा निज कानूनी रूपमा सक्षम भएको मानिन्छ ।

(२) सक्षम व्यक्तिले कानूनको अधीनमा रही जुनसुकै अधिकार उपयोग गर्न, दायित्व निर्वाह गर्न तथा कर्तव्य पालना गर्न सक्नेछ ।

**असक्षम मानिनेः**

(१) दश वर्ष उमेर पूरा नभएको वा त्यस्तो उमेर पुगेको भए पनि होस ठेगानमा नरहेको कारण आफ्नो हक र हित संरक्षण गर्न नसक्ने व्यक्ति कानूनी रूपमा असक्षम मानिन्छ ।

(२) असक्षम व्यक्तिले कुनै किसिमको कानूनी दायित्व व्यहोर्नु पर्ने छैन र कुनै अधिकार उपयोग गर्दा संरक्षक वा माथवरको मञ्जुरी लिई वा संरक्षक वा माथवर मार्फत उपयोग गर्नु वा गराउनु पर्दछ ।

(३) असक्षम व्यक्तिको तर्फबाट कुनै कागज गराउनु पर्दा निजको संरक्षक वा माथवर मार्फत गराउनु पर्दछ ।

**अर्धसक्षम मानिनेः**

(१) दश वर्ष पूरा भई अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति अर्धसक्षम मानिन्छ ।

(२) अर्धसक्षम व्यक्तिले कानूनको अधीनमा रही जुनसुकै अधिकार उपयोग गर्न, दायित्व निर्वाह गर्न तथा कर्तव्य पालना गर्न सक्दछ ।

(३)अर्धसक्षम व्यक्तिले कुनै अधिकारको उपयोग गर्दा संरक्षक वा माथवरको मञ्जुरी लिई वा संरक्षक वा माथवर मार्फत गराउनु पर्दछ ।

(४)अर्धसक्षम व्यक्तिको कुनै कागज गराउदा संरक्षक वा माथवरको रोहवरमा गराउनु पर्दछ ।

यदि कुनै व्यक्तिको सक्षमता, असक्षमता वा अर्धसक्षमताको सम्बन्धमा विवाद उत्पन्न भएमा अदालतको निर्णय बमोजिम हुनेछ ।

**शरीरको परीक्षण वा अङ्ग परिवर्तन गर्न, गराउन सक्नेः**

(१) कुनै पनि व्यक्तिले कानूनको अधीनमा रही आफ्नो शरीरको परीक्षण, उपचार, अङ्ग परिवर्तन वा शरीरको कुनै अङ्गको कुनै अंश वा त्यसको कुनै नमूना सङ्कलन गर्न वा गराउन सक्छ ।

(२) कुनै व्यक्ति आफैँले मञ्जुरी दिन नसक्ने गरी अशक्त भएको अवस्थामा संरक्षक वा माथवरले निजको हितको लागि उसको शरीरको परीक्षण, उपचार, अङ्ग परिवर्तन वा शरीरको कुनै अङ्गको

कुनै अंश वा त्यसको कुनै नमूना सङ्कलन गर्न वा गराउन सक्छ ।

**आफ्नो दाह संस्कार, काजकिरिया वा सदगतको विधि निर्धारण गर्न सक्नेः**

(१) कुनै पनि व्यक्तिले जीवित छँदै आफ्नो मृत्यु पछि गरिने दाह संस्कार, काजकिरिया वा सदगतको विधि निर्धारण गर्न सक्दछ ।

(२) कुनै व्यक्तिले दाह संस्कार, काजकिरिया वा सदगतको विधि निर्धारण गरेकोमा हकवालाले पनि मर्ने व्यक्तिको इच्छा बमोजिम निजको दाह संस्कार, काजकिरिया वा सदगत गर्नु पर्दछ ।

(३) कुनै व्यक्तिले आफ्नो दाह संस्कार, काजकिरिया वा सदगतको विधि निर्धारण नगरेकोमा हकवालाले प्रचलित परम्परा तथा संस्कार बमोजिम निजको दाह संस्कार, काजकिरिया वा सदगत गर्नु पर्दछ ।

**शव वा अङ्ग दान दिन सक्नेः**

(१) कुनै पनि व्यक्तिले आफ्नो मृत्युपछि आफ्नो शव, शरीरको कुनै अङ्ग वा त्यसको कुनै अंश खास कामको लागि प्रयोग गर्न वा गराउन कसैलाई दान दिने गरी लिखित रूपमा इच्छा व्यक्त गर्न सक्दछ ।

(२) हकवालाले पनि मर्ने व्यक्तिको शव, शरीरको अङ्ग वा त्यसको कुनै अंशको प्रयोग मर्ने व्यक्तिको इच्छा बमोजिम गर्नु पर्दछ ।

(३) यदि शव, अङ्ग वा त्यसको कुनै अंश स्वीकार गर्ने व्यक्ति उपलब्ध हुन नसकेमा वा त्यस्तो शव, अङ्ग वा त्यसको कुनै अंश छुट्याउन सम्भव नहुने भएमा त्यस्तो शवको दाह संस्कार, काज किरिया वा सदगत गर्नु पर्दछ ।

**बसोबासको ठेगाना मानिनेः**

(१) कुनै व्यक्तिको बसोबासको ठेगाना निर्धारण गर्नु पर्दा निजले कुनै ठेगाना दिएको रहेछ भने सोही ठेगाना र त्यसरी ठेगाना दिएको रहेनछ भने नेपालभित्र निजले स्थायी रूपमा बसोबास गरेको ठाउँलाई निजको बसोबासको ठेगाना मानिन्छ ।

(२)कुनै व्यक्तिको बसोबास नभएमा वा बसोबास पत्ता नलागेमा त्यस्तो व्यक्ति तत्काल बसोबास गर्दै आएको ठाउँलाई निजको बसोबासको ठेगाना मानिन्छ ।

(३)कुनै व्यक्तिको बसोबास नभएमा वा निजको बसोबास पत्ता नलागेमा निजले कुनै व्यापार, व्यवसाय, रोजगार वा कारोबार गरेको रहेछ भने त्यस्तो व्यापार, व्यवसाय, रोजगार वा कारोबार गरेको ठाउँलाई निजको बसोबासको ठेगाना मानिन्छ ।

(४) कुनै व्यक्तिको बसोबासको ठेगाना परिवर्तन भएको रहेछ भने त्यस्तो व्यक्ति तत्काल जुन ठाउँमा बसोबास गरेको

छ सोही ठाउँलाई निजको बसोबासको ठेगाना मानिन्छ ।

(५) असक्षम वा अर्धसक्षम व्यक्तिको बसोबास निर्धारण गर्नु पर्दा त्यस्तो व्यक्तिले स्थायी रूपमा बसोबास गरेको ठाउँ र त्यस्तो ठाउँ यकिन नभएमा त्यस्तो व्यक्तिको संरक्षक वा माथवर बसोबास गरेको ठाउँलाई निजको बसोबासको ठेगाना मानिन्छ ।

(६) कुनै व्यक्तिले कुनै खास प्रयोजनको लागि कुनै ठेगानालाई आफ्नो बासस्थान मानेको भए त्यस्तो ठेगानालाई निजको बसोबासको ठेगाना मानिन्छ ।

**मृत्यु भएको मानिनेः**

(१) कुनै व्यक्ति बिना सूचना लगातार बाह्र वर्षदेखि बेपत्ता भएमा वा त्यस्तो व्यक्तिको सम्बन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले बाह्र वर्षदेखि कुनै जानकारी नपाएमा त्यस्तो व्यक्ति जीवित रहेको प्रमाण प्राप्त भएकोमा बाहेक त्यस्तो व्यक्तिको मृत्यु भएको मानिन्छ ।

**निम्न अवधि समाप्त भएपछि त्यस्तो व्यक्तिको मृत्यु भएको मानिन्छः**

(१) असी वर्ष उमेर पूरा भएको व्यक्ति भए पाँच वर्ष,

(२) युद्धस्थलमा खटिएको सैनिक भए युद्ध समाप्त भएको मितिले चार वर्ष,

(३)दुर्घटना भएको वायुयान, पानी जहाज वा अन्य सवारी साधनमा यात्रा गरेको व्यक्ति भए त्यसरी दुर्घटना भएको मितिले तीन वर्ष ।

(२)कुनै व्यक्तिको कुनै दुर्घटनामा परी मृत्यु भएकोमा त्यस्तो दुर्घटनामा पर्ने अर्को व्यक्ति जीवित रहेको प्रमाण प्राप्त नभएमा त्यस्तो व्यक्तिको पनि सोही बखत मृत्यु भएको मानिन्छ ।

(३) कुनै दुर्घटनामा परी एकैसाथ एकभन्दा बढी व्यक्तिको मृत्यु भएमा अन्यथा प्रमाणित भएकोमा बाहेक त्यसरी मृत्यु हुने प्रत्येक व्यक्तिको एकैसाथ मृत्यु भएको मानिन्छ ।

(४) कुनै व्यक्ति बिना सूचना बेपत्ता भएको वा कुनै विपद् वा दुर्घटनामा परेकोले निजको मृत्युको सम्बन्धमा न्यायिक घोषणा गरी पाउँ भनी त्यस्तो व्यक्ति बेपत्ता भएको वा मृत्यु भएको मिति, ठेगाना, कारण र आधार सहित खुलाई सरोकारवाला व्यक्तिले निवेदन दिएमा अदालतले सबुत प्रमाण बुझी त्यस्तो व्यक्तिको सम्बन्धमा मृत्युको न्यायिक घोषणाको आदेश गर्न सक्दछ ।

(५)मृत घोषित भइसकेको व्यक्ति जीवित रूपमा फर्की अघि भएको न्यायिक घोषणा बदर गरी पाउँ भनी निज आफैँले वा निजको मृत्यु भएको मिति न्यायिक घोषणा भएको मितिभन्दा फरक परी मृत्यु सम्बन्धी न्यायिक घोषणा संशोधन गरी पाउँ भनी निजको हकदारले निवेदन दिएमा अदालतले

सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी न्यायिक घोषणाको आदेश संशोधन वा बदर गर्नेछ । तर,

(१) कुनै जीवित पत्नीले त्यस्तो घोषणा पछि अर्को विवाह गरेको रहेछ भने घोषित व्यक्तिसँगको वैवाहिक सम्बन्ध पुनः स्थापित हुन सक्ने छैन ।

(२) मृत घोषित व्यक्तिको कानून बमोजिमको अधिकारमा कुनै प्रतिकूल असर पर्ने छैन ।

(३)मृत्यु भएको नयाँ मिति कायम भएको कारणबाट पहिलेको न्यायिक घोषणाबाट भइसकेको काममा प्रतिकूल असर पर्ने छैन ।

(४) कुनै व्यक्तिको कानून बमोजिम प्राप्त हक, हित वा सरोकारमा कुनै असर पर्ने छैन ।

**हदम्यादः**

यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १ को दफा ३६ बमोजिम काम कारबाही भए गरेको मितिले तीन महिनाभित्र, दफा ४० को उपदफा (५) को अवस्थामा त्यस्तो काम कारबाही भएको थाहा पाएको मितिले एक वर्षभित्र र खण्ड(क) र (ख) मा लेखिए देखि बाहेक अन्य अवस्थामा त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ ।

**सन्दर्भ सामग्रीः मुलुकी देवानी संहिता, २०७४, भाग २, व्यक्ति सम्बन्धी कानून, परिच्छेद-१ को प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था ।**

♦♦♦

## गीत



✍ **होम थापा**

आफैलाई जलाएर अँध्यारोमा बलेपनि
शान्तिनै मिल्दो रै'छ पीडा भित्रै जलेपनि

खुसीहरू तिम्लाई दिंदा पीडामात्र पाएपनि
बिर्सिएर गयौं आँखिर चोखो माया लाएपनि
सकिन्छ र जीवन कहाँ छल्नेले छलेपनि
शान्तिनै मिल्दो रै'छ पीडाभित्रै जलेपनि

आफ्नो बन्न सकिनौ खै चोखो मनले चाहेपनि
टाढिएर गयौ आखिर वाचा कसम खाएपनि
तिम्रो नाम जप्दाजप्दै जिन्दगी यो गलेपनि
शान्तिनै मिल्दो रै'छ पीडा भित्रै जलेपनि

आफैलाई जलाएर अँध्यारोमा बलेपनि
शान्तिनै मिल्दो रै'छ पीडा भित्रै जलेपनि

कथा

# नसोचेको माया



प्र.स.नि.मनिष अर्याल

जीवनमा व्यतित गरेका अविस्मरणिय पलहरूको स्मरणले जीवनमा एउटा आधारशिला प्रदान गर्छ । जसको सामिप्यता पाउँदा समयले हाँस्न सिकाउँछ र समयले नै बाँच्न सिकाउँछ, यही हाँसो र रोदन नै जीवन हो। जीवनमा सफलताको सँगसँगै असफलता पनि लामो यात्राको कडी हो । कहिले काहीं हामी अर्काको खुसीमा पनि यति रमिदिन्छौं कि हामीलाई हाम्रो आफ्नै खुसीमा रम्ने समयनै हुंदैन, न त दुःख व्यतित गर्ने ठाउँ नै हुन्छ। जसरी हाँस्नलाई कसैको सामिप्यता आवश्यक छ भने रूनलाई एकान्त नै काफी छ। यति पढेपछि रमुनाले त्यो पानालाई पल्टाइन् र थप लेख पढ्ने हिम्मत नै गरिनन् । भनिन्छ मजबुत शीर्षकले पुरै लेख झल्काउँछ, सायद शीर्षकबाटै उनले बुझिन् की लेखमा के-के लेखिएको रहेछ भन्ने कुरा र थप अक्षरमा साक्षात हुन सक्ने हिम्मत नै उनले गर्न सकिनन् । एउटा कुनामा छट्पटाउदै, रूदैं उनी ती पलहरूलाई स्मरण गर्दै थिइन, जुन उनले अब चाहेर पनि भुल्न सक्दिन थिइन न त वेवास्ता नै गर्न सक्थिन् । उनका आसुंका हरेक थोपाबाट बग्दै थिए रूगमसँग बिताएका सुखद पलका यादहरू । म चाहँदा चाहँदै पनि उनको साहरा बन्न सक्दिनथ्ये, मनमनै म आफूलाई धिक्कारी रहेको थिए कि कस्तो मोडमा आयो जीवन ? म नतमस्तक थिए, मनमा अनेक कुरा र समवेदनाका भावहरू बहिरहेका थिए तर लवजका दुई शब्द प्रस्फुटन हुन सकेका थिएनन्। नरोऊ सानी भन्दै उसका बाबा आमाले सम्झाई रहँदा, गाउँलेहरूले भावीको लेखा यस्तै हो भनेर भनेका शब्दहरूमा थोरै टाउको हल्लाउनु बाहेक मसँग अरू विकल्प थिएन । छोरीप्रति आमाको भाव देखेर मेरो गला अवरूद्ध भईरहेको थियो। म कुन दृश्यलाई चाहीं वेवास्ता गर्न सक्थे र ? कोठाको पंखामा पासो लागेको रूगमको मृत शरिरलाई या त्यही समयबाट उजाडिएको रमुनाको सिन्दुर ?

या ठूलो सपना बोकेर आफ्नो छाक काटी काटी छोरालाई डाक्टर बनाएका बालाई ? या काखमा नातिनातिनाको रहर पूरा हुने भो भन्दै छिमेकी काकीसँग सुख बाँडिरहेकी उनकी आमालाई ?

जिन्दगीमा आफूले मन पराएको मान्छेलाई त्यो हालतमा हेर्ने मन कसैलाई हुदैंन । म ती पलहरू स्मरण गर्दै थिए जहाँ मेरो रमुनासँग पहिलो भेट भएको थियो । त्यसदिन म स्कुलको प्राङ्गणमा बसेर मकै छोडाउदैं खादै थिए। गाउँघरतिर खासै खाजा खाने चलन हुन्थेन । बेला बखत सिजन अनुसारको फलफुल तरकारी भने दिउँसोको समयमा खाने चलन थियो । विद्यार्थीहरूले स्कुल आउँदा सरको लागि भनेर घरबाट केही न केही ल्याई दिएकै हुन्थे । एक दिन टिफिन टाईममा एकान्त रोज्दै म बसिरहँदा अचानक स्कुलको पाले दाईले बोलाउनु भयो । सर आज त नयाँ मिस आउनेरे स्वागतको लागि मिटिङ राखिएको रहेछ । हेड सरले हजुरलाई पनि बोलाउनु भएको छ । हुन त नयाँ सर मिस आउनु खासै ठूलो कुरा त थिएन किनकी स्कुल हालै मात्रै मा.वि बाट उच्च मा.वि मा परिणत भएको थियो । त्यसैले नयाँ मास्टरहरूको आगमन हुने प्रकृया निरन्तर नै थियो । विद्यालय व्यवस्थापन समितिको सदस्य समेत भएकाले स्कुलको कार्यक्रमहरूमा मलाई छुटाउदैन थिए, त्यसैले म पनि मिटिङमा गए ।

पहेंलो कुर्थामा छोडेको कपाल, रातो लिपिष्टिकले छोपेको ओठ, गोरो वर्ण, मिलेको जिउडाल मैले त्यो मुहारमा खोट लगाउने ठाउँनै कतै भेटिन । भगवानले निकै नै फुर्सदमा उनको डिजाइन गरेका रैछन् झैं लाग्यो। आशन ग्रहणको पालो आयो सर, सर बस्नुस न, पाले दाईले मलाई घच्घच्याउदा मात्रै थाहा पाए उनको स्वागतका लागि कार्यक्रम त सुरू भईसकेको रहेछ । जब उनको बोल्ने पालो आयो र उनी बोलिन्, मलाई लाग्यो पानी परिरहेछ, डाडाँकाडामा रहेका हरियालीले गर्दा त्यो अनुकूल मौसममा कोइली चरी गाइरहेकी छे । मनमनै मेरो मनले उनी र म त्यो मौसममा झुम्दै गरेको आभास गर्यो । "पानी ठूलो पर्‍यो तिमी भिज्छौ लिउ छाता ओढ" भिजिन्छ । सर सर के भन्नु भएको सर, पुनः मलाई पाले दाईले झकझकाउनु भयो । म त उनीसँग घुम्न गएको सम्झेर पानी पर्‍यो भन्दै चिच्याउन पुगेछु । सबैले म तिर हेरिरहँदा मलाई लाजले त्यहाँ के भन्ने के नभन्ने भयो। म गएर मुख धोएर आए । सबै मलाई हेर्दै मुखामुख गर्दै

थिए। सुन्दरताको पर्यायवाची उनी, जब मेरो स्वागत गर्ने पालो आयो सधैं धेरै बोल्ने मान्छे म, स्वागत छ है रमुना भनेर थपक्क बसे ।

आफूभन्दा सिनियर कक्षामा पढाउन आएकी मिसलाई मिस पनि नभनी सिधैं सम्बोधन गरेको देख्दा को चाहीं दंग पर्दैन र ? सायद सबैभन्दा अनौठो मलाई नै देखिएको थियो होला, मनमनै सोचे के आत्तिनु ? यो पल टरेर अवश्य जानेछ भनेर चुप लागेर बसिरहे । मलाई मतलबै लागेन कि अरूको अगाडि म लज्जित भए कि भएन भनेर बस, एकै कुरामा खुसी लागि रह्यो, मेरै कारणले उनको मुहारमा मुस्कान छरियो भनेर । त्यो दिन टोलाएरै टऱ्यो र रात उनलाई सम्झेरै बित्यो । सुत्नै लाग्दा आँखा भित्तामा भएको क्यालेण्डर तिर पर्न गयो । यसो हेरे र थाहा पाए कि भोलिपल्ट त शनिबार रहेछ र पर्सिपल्ट आइतबार सार्वजनिक बिदाको दिन परेको रहेछ । म के गर्ने के नगर्ने मा परे एकमनले शनिबार बिदा दिने चलन चलाउने माथि निकै रिस उठ्यो र फेरि आइतबार नि बिदा परेछ, गाली पनि कसकसलाई गर्नु ? उनीलाई सम्झदा सम्झदै रात बितेको थाहै भएन । कहिले उज्यालो होला र बिहानी पख ऊ बसेको ठाउँ तिर जाउ झैं भइरहेको थियो । मैले भालेको डाक सँगै झ्यालको पर्दा उतारेर हेरे । बाहिर त घाम लागिसकेको रहेछ । पालेदाई लाई फोन गरे, पहिलो घण्टीमै फोन उठ्यो हेलो अंकल बाबा त खेतमा जानु भएको छ । पछि फोन गर्नुस् न ल, अब त्यो क्षणलाई मेरो बिहानी सुमधुर भएको भनेर भन्ने की झुर भएको भनेर भन्ने ?

म अल्लमल्ल परे, ल बाबु बाबा आउनु भएपछि यो नम्बरमा फोन गर्न लगाई देउन है भनेर फोन राखे। मनमनै सोचेकी म किन यति उत्ताउलो भएको छु ? के का लागि, आखिर म पनि त ख्याती प्राप्त मास्टर हुँ, एउटा केटीको लागि के भइरहेको छु म ? बिस्तारै यही सोच्दै उनी बसेको गाउँतिर लागे । ओहो सर बिहानै बिहान मनिङ्गवाक होला, हुन नि ज्यान त्यसै बन्या हो त ? सबै जसोले नमस्कार गर्दै यही भन्दै जिस्काउदैं थिए । मेरो मनले चाहीं रमुनालाई मात्रै खोजिरहेको थियो । कता बस्छिन् भनेर सोध्ने कुरा पनि आएन । म दोधारमा परे कि अझै घर खोज्दै माथि लागौं कि पाइला यतै टुङ्ग्याउँ ? होस जान्छु के नै फरक पर्ला र ? भन्दै त्यस दिन म त्यो गाउँ पुरै डुले कतै पनि उनलाई देख्न सकिन। मैले निराश हुंदै भोकै घर फर्कने क्रममा चिया पसलको गफ सुने

पछि मात्रै मैले चाल पाएकी उनी त स्कुलकै शिक्षक भवनमा आश्रय लिएर बसिरहेकी रहिछन् । म पनि के बुद्धि होला, बेकारमा दिन खराब गरे भन्ने सोच्दै स्कुलतर्फ लागे । मैले परैबाट उनी कपडा सुकाउदैं गरेको दृश्य देखे र एकोहोरिन थाले । त्यतिकैमा मोबाईलको घण्टी बज्यो र म झसँग भए, मोबाईलको आवाज सुनेर उनको ध्यान पनि म तिर गएछ । सर नमस्कार आज पनि स्कुल ?

उनको यो लवज सुन्दा लाग्यो कि मेरो गफ आज उनीसँग हुनै लेखेको रहेछ । समितिको मान्छे परियो ? यसो नियाल्न त आउनु पऱ्यो नि हैन र । मेरो यो गफमा यति मिठो खित्का छाडेर उनी हाँसिन कि लाग्यो संसारको सुख र मानवीय मिठास भनेकै यही हो । पूर्णिमाको जुन दिउँसोको समयमा देखिन्छ भने यस्तै नै देखिन्छ होला झै लाग्यो । म फेरि एकोहोरिएछु । हैन सर त निकै एकोहोरो हुनुहुन्छ की, के हो खाली टोलाइरहनु हुदोंरैछ त ? किन हो ? हैन हैन दुई चार दिन देखि सञ्चो नभएकोले त्यसो भएको हुन सक्छ। खासै त्यस्तो त हैन, फेरि आज बिदाको दिन कसरत गरौं भनेर हिंडेको खाना खाएको छैन । अब गएर पकाएर खानु पर्ला । लौ खाना नै खानु भएको छैन र ? किन हो ? हजुरको घर त स्कुलबाट निकै टाढा छ भन्ने सुनेको थिए । भोकै त्यहाँसम्म जानु हुन्न, ल मैले खाजा बनाएकी छु भित्रै आउनुस् न म खाजा प्लेटमा हाल्छु । मनमनै मैले सोचे हैन मेरा मनका कुरा सबै बुझ्छे की क्या हो यो केटीले त ?

जुन कुरा मैले मनले कतिबेर देखि सोचिरहेको थिए, त्यहीं कुरा उनले गरिन् । म खाजा खान भित्र पसे । पुरानो बिल्डिङ्गमा अवस्थित उनको कोठा भित्रबाट सुगन्ध आइरहेको थियो । त्यसदिन मलाई लाग्यो हो साँच्चै नै नारी भनेका साक्षात लक्ष्मी नै हुन् त्यती छोटो समयमा पनि उनीले कोठा यति सजिसज्जा गरेर राखिछिन् कि ठूलो महलनै भए त झन के गर्थिन होला ? फेरि मेरो मनको महलमा हामी भन्ने कुरा खेल्न थाल्यो । त्यतिकैमा उनी खाजा लिएर आईन। यति मिठो खाजा त मैले जिन्दगीमा पहिलो पल्ट खादैछु झैं लाग्यो र प्लेट चाटी चाटी सकाए । सर त निकै भोकाउनु भएको जस्तो छ भन्दै उनी हेरिरहेकी थिइन् । मैले पनि हो झै ईशारा गरे । म कोठामै भएकोले उनले निकै अप्ठेरो मानिरहेकी थिइन् । हुन नि हो संस्कारी छोरीलाई अप्ठेरो नलाग्ने कुरै पनि त भएन नि । म त्यहाँ हुंदा घरी घरी उनको मोबाईलमा फोन आइरहन्थ्यो । उनी काटीरहन्थिन् । यतिकैमा म बाहिर

निस्किए र उनी कराउदैं थिइन्, मलाई फोन नगर भनेको सुन्दैनस् ?

म त आकाश खसे झैं भए यस्तो आवाज उनको मुखबाट निस्केको होला भन्ने मैले कल्पना समेत गरेको थिइन । केही बेरमै फरक धारकी उनीलाई देख्दा म अचम्ममा परे । म निस्के ल भन्ने ईशारा समेत गर्न नसकी त्यहाँबाट तल झरे । मेरो मनमा अनेक कौतुहलता जाग्यो फेरि म रमुनाकै बारेमा सोच्दै बसे । घर पुगेर मलाई बस्नै मन लागेन र पाले दाईकोमा गए । मैले निर्धक्कले पाले दाइलाई सबै कुरा बताए । हामीले पनि सरको र रमुना मिसको जोडी सुहाउँछ होला है भन्ने सोचेका थियौं तर के गर्नु सर मिसको त बिहे भएकै पाचँ वर्ष भईसकेको रहेछ । बच्चा नभएको कारण घरमा सधैं हेला गर्ने भएर जता जता पढाउन जानुहुन्छ उतै डेरामा बस्ने गर्नु भएको रहेछ भन्ने कुरा सुन्दा मैले केही सोच्नै सकिन। फेरि घोरिएर सोंचे, अनि फाराममा त विवाहित लेखेकी छैनन् त ? बढो आश्चर्यका साथ मलाई त्यो राज जान्न मन लाग्यो । विवाहित भन्ने थाहा हुँदाहुँदै पनि मेरो मनमा उनी प्रतिको लगाव कम भएन बरू अझै उनको सहारा बन्ने सोंच आयो।

श्रीमानले त औधी माया गर्थे रे तर श्रीमानलाई डिप्रेसन रहेछ, ससुराले देखि सहन्नन् रे, त्यही भएर घर छाडेर हिडेंको आज पाचँ वर्ष भएको रहेछ । कोही नभएको मौका छोपेर बेलाबेलामा बुढालाई भेट्न चाहीं गईरहनु हुन्छ रे तलव पनि सबै उतै पठाउनु हुंदो रहेछ भनेर पाले दाईले उनको बारेमा सबै कुरा भन्दा मलाई नरमाइलो लाग्यो। भोलिपल्ट बिदा नै थियो । बिदाको दिन कटाउन पनि मलाई निकै नै धौ धौ पऱ्यो ।

पर्सिपल्ट स्कुल खुल्यो । फेरि मनले रमुना मिसलाई नै खोज्यो । त्यस दिन उनी स्कुल आईनन्, भोलिपल्ट नि उनी स्कुल आइनन् । यसरी एक हप्तासम्म सधैं स्कुल नआउदा मेरो मन निकै आत्तियो । पालेदाईले रमुनाको घर पत्ता लगाउनु भएको रहेछ । हामी रमुनाको घरतिर लाग्यौ । जुन दिन हामी उनको घर पुगेउ, त्यहीं दिन हामीले त्यो डर लाग्दो दृश्य देख्यौ जहाँ भावनामा बगेर आँसुका खोलामा डुबेकी रमुना र पासो लगाएर झुण्डिएका उनका श्रीमान थिए । प्रहरीले आवश्यक कानूनी प्रक्रिया गरे पश्चात लाश पोष्टमार्टम गर्न अस्पताल लगियो ।

केही महिना पश्चात रमुना स्कुल आउन थालिन् । मैले पालेदाई मार्फत उनीसँग मेरो विवाहको प्रस्ताव लैजान आग्रह गरें सायद त्यो गाउँमा यो नै ऐतिहासिक निर्णय थियो ।

आज १० वर्ष भई सकेछ हाम्रो विवाह भएको पनि । मनले चाहेको मान्छेसँगको सामिप्यताले जीवन साचिच्कै सरल, सरम र सहज भएको छ ।

♦♦♦

लघुकथा

## आमा गए है



✍ **प्र.स.नि बलबहादुर थापा मगर**

डिउटीबाट थकित भएर भर्खर फर्केकी बुहारीलाई सासूले आशावादी हुँदै सोधिन्-"बिदा मिलेन?" उसले निराशावादी स्वरमा बोली-"मिलेन"। "माईत नजाने ? महिलालाई त बिदा दिनुपर्‍यो नि !" सासूले उसको प्रहरीको जागिरप्रति वितृष्णा जगाउदै गुनासो पोखिन् ।

दरखाने दिन । ऊ पसल गई । अलिकति मासु किनेर ल्याई र पकाई । सासू बुहारीसँगै बसेर खाना खाए । दुवै जना सुख दुःखका गफ गर्दै सुते । बिहानको दुई बजे मोबाईलमा आलार्मको घण्टी बज्यो । ऊ जुरूक्क उठी । नुहाई धुवाई गरी ।

दराजबाट रातो सारी झिकेर लगाई । गुलाबी कलरको लिपिष्टिक लगाई । बिहेमा श्रीमानले लगाई दिएको मंगलसुत्र पहिरिई । होसियारीका साथ आँखामा गाजल लगाई । रातो टीका लगाई । सिउदो छोपिने गरी सिन्दुर लगाई । अनि ऐना अगाडि उभिई । उसले आफूलाई विश्वकै सुन्दर नारी भएको महसुस गरी र आफूले आफैलाई एकतमासले हेरीरही । नजिकै रहेको मोबाइल लिई । सेल्फी खिची र श्रीमानलाई म्यासेन्जरमा फोटो पठाई ।

एकछिन एकोहोरो ऐनामा आफैलाई हेरीरही । मन अमिलो भयो । माइतीलाई सम्झी । घर परिवार सम्झी । मन गह्रौ भयो । भित्तामा भएको घडी हेरी । पौने तीन भईसकेछ । ऊ झस्की । भर्खर गरेको सबै श्रृङ्गार मेटाई । कपडा चेन्ज गर्दै ह्याङ्गरमा झुण्डिरहेको युनिफर्म लगाई । निदाईरहेकी सासूलाई ब्यूझाई र हतारिदै ढोकाबाट निस्किदै भनि-"आमा, म गए है ।"

लघुकथा

# रमाइलो परिवार



✍ **छायादत्त न्यौपोने 'बगर'**

एकजना फकिर यताउता डुलिरन्थे । उनले छिमेकमा कोही पनि दुःखी नहोस्, प्रत्येक परिवार सुख शान्तिले रमाइरहोस् भन्ने चाहन्थे । कसैको घर परिवारमा केही पऱ्यो कि भनेर ध्यान दिन्थे । आवश्यकता हेरी सर-सल्लाह दिएर सहयोग गर्थे ।

एक दिन सधैं भन्दा अलि छिटो घर फर्कंदै थिए । एउटा घरको कौसीमा आँखा पऱ्यो। एक जना अधबैंसे र अर्की भर्खरकी महिला दक्षिण उत्तर फर्केर बसेका । उनलाई लाग्यो परिवारका सदस्यमा यस्तो बेमेल ! छिमेकी यस्तो अशान्त ? म भने केकेन सामाजिक बुझक्की भनाउँदो समाजसेवी ! उनी आफै हैरान ! के रहेछ पत्तो पाउन घरभित्रै छिरे ।

टोलका भलाद्मी आएको देखेर दुवै जना छक्क परे । घरको कुरा बाहिर नजाओस् भनेर सतर्क हुन खोजे तर दृश्य आफै बोल्छ भनेझैं बुढाले जुंगा चल्यो कुरा बुझ्यो सुइको पाइसकेका थिए ।

दुवैको सामु पर्ने गरी छेउमै बसे । पाकीचाहिँ अभद्र हुन्छ कि भनेर हत्तपत्त उठेर भित्र गइन्। एकछिनमा पानी लिएर आइन् । पानीको गिलास समाउँदै बुढाले युवतीलाई चिया खुवाउन भने । युवती चिया पकाउन गइन् । उनले तिमीहरू दुवैलाई पनि सँगै खाने है भने । यता अघिझैं गफिँदै गए । युवती चिया लिएर आइन् ।

बुढाले चिया समाउँदै अघि बसेको ठाउँमा बस भने ।

बुढाले चियाको सुर्की लिदै "आहा कति मिठो" भनेर कुरा सुरू गरे – आज पल्लो टोलका रघुवीर कहाँ दिनभरि बसियो । ओहो त्यो घरका सासूबुहारी कति मिलेका ! उसले उसलाई माया गर्न र सम्मान दिन ज्यादै सिपालु ! त्यति राम्रो पारिवारिक मेल देखेर खसखस रोक्न सकिनँ र सोधे – हैन परिवारमा यस्तो जादु कसरी

भयो ? मेरो प्रश्न सुनेर त सबै जना हाँसे । मलाई अलिकति लाज लागे पनि हाँसेर पचाइदिएँ ।

बुढी मान्छेका कुरा- “मलाई परिवारको सदस्य चाहिएको थियो यिनलाई स्वीकार गरें । यिनलाई नयाँ परिवारमा मिसिनु थियो मेरो छोरालाई पत्याइन् । सामाजिक नीति र कानूनी विधि पुऱ्याएर भित्राइयो । हामी परिवारका सदस्य भयौं । दुवै उस्तै म छोराकी आमा उनी नातिकी आमा ! को ठुलो को सानो दुवै बराबर ।

अब भन्नुस् न ! अलि पहिले मिसन आएकी म सासू भएँ भनेर मक्ख पर्ने र अलि पछि मिसिएकी बुहारी परें भनेर ठुस्किने भनेको त पुरानो कुरा, खिया लागेको विचार !

यी उहिलेका कुरा खुइले भनेर समझदारी गरेपछि परिवारै रमाइलो !! एकै सासमा कुरा टुङ्ग्याइन् । म त ट्वाँ...! दुवै मुखामुख गर्न थाले, बुढा जुरूक्क उठे.. ! ♦♦♦

गीत

## त्यै मोरी ....



✍ दिपकराज विश्वकर्मा

आँखामा सधैं उही फोटो
गोजीमा पनि उही फोटो
यो गतिले हुन्छ क्यारे आयु पनि छोटो
न त तिर्खा नत भोक, त्यही मोरीको यादले
बिर्से कसम सबैथोक, त्यही मोरीको यादले

बिहानको घाम पश्चिम देख्छु, उत्तरको हिमाल दक्षिण
उनै मेरो साझ बिहान, उनै बत्तिस लक्षिण
अचम्मैको लाग्यो रोग, त्यही मोरीको यादले
बिर्से कसम सबैथोक, त्यै मोरीको यादले

देखेको त एकै झल्को, नशा यो कस्तो खालको
मिठो सपना बुन्यो मनले, हजार लाख सालको
न त तिर्खा न त भोक, त्यही मोरीको यादले
बिर्से कसम सबैथोक, त्यही मोरीको यादले

# बन्दाबन्दीमा बालबालिका र सिर्जनशीलता



✍ यशु श्रेष्ठ

बन्दाबन्दीले कसैलाई पनि छाडेको छैन । त्यसमा पनि बालबालिकालाई अझै धेरै प्रभावित पारिरहेको हामी महसुस गर्न सक्छौं । दिनरात घरमै थुनिएर रहनु, सबै उमेर समूहले खोप पाउँदै जानु वा खोपको आशा गर्नु वा खोपका लागि आवाज उठाउन सकिरहेको अवस्थामा बालबालिकाहरू भने त्यो अवस्थाबाट वञ्चित भएको देखिन्छ ।

हो, अभिभावकहरू आफ्नै पीडामा छन् । पारिवारिक, सामाजिक, आर्थिक विविध कुराहरूको उल्झन् अल्झिरहनु एउटा पीडा छ भने यो महामारी कहिले सिद्धिने हो वा अलि सहजले बाँच्न कहिले पाइने हो भन्ने कुनै ठोस आधार नभएको अर्को पीडा छ । प्रकृतिको नियमअनुसार बाँच्नु पर्ने हामी सजिव प्राणीको बाध्यता, आवश्यकता, चुनौती र अवसर पनि हो ।

बालबालिका भनेका विश्वका भविष्य हुन् । उनीहरूलाई अहिलेको परिस्थितिबाट सकुशल बचाएर एउटा सिर्जनशील र चेतनशील मानव बनाउनु हामी सबैको काँधमा आएको जिम्मेवारी हो । यदि अहिलेका बालबालिकाले बाटो बिराए वा उल्झनमा परे भने विश्वले बाटो बिराउने र उल्झनमा पर्ने सम्भावना बलियो छ । त्यसैले आजका बालबालिकालाई जस्तोसुकै अवस्था आए पनि बलियो मानसिकताका साथ सिर्जनशील बनाइराख्नु वा शारीरिक र मानसिक रूपमा बलियो बनाइराख्नु पर्ने जिम्मेवारी, चुनौती र आवश्यकता छ । हामी अभिभावकहरू यसमा सचेत हुनैपर्छ । उनीहरूलाई कहिले पनि किनारामा राखेर सोच्नु हुँदैन ।

विद्यालय बन्द छ । उनीहरू साथीभाइहरूसँगका भेटघाट, भलाकुसारी, छलफल र मन र मस्तिष्क मझाइ एकदमै कम छ । यसले गर्दा उनीहरूको शारीरिक तथा मानसिक अवस्थालाई बलियो बनाउन गाह्रो भइरहेको छ । यी सबै परिवेशलाई ध्यानमा राखेर हामी

अभिभावकहरूले बालबालिकाहरूलाई शारीरिक तथा मानसिक रूपमा बलियो बनाइराख्न हरदम कोसिस गरिरहनुपर्छ नै ।

हामी घरमै हुँदा पनि बालबालिका कतै भुले वा कतै रमाए भनेर आ-आफैं मस्त भइरहेका वा आफ्नै चिन्तामा रनभुल्ल भइरहेका हुन सक्छौं । यसलाई हामीले सच्याउनै पर्छ । हामीले आफ्ना बालबालिकालाई आफैंसँग राखेर आफ्नो समय दिनु र उनीहरूसँग रमाउनु जरूरी छ । यसले बालबालिका र अभिभावक दुवै पक्षलाई फाइदा गराउने छ ।

हामी उनीहरूसँगै बसेर पढ्न सक्छौं । उनीहरूले पढेका कुराहरूलाई छलफलमा ल्याउन सक्छौं । आफ्ना बेलाका राम्रा र रमाइला कुराहरूले उनीहरूलाई छक्क पार्न सक्छौं । यसले गर्दा उनीहरूको मन रमाउन थाल्छ । जसले गर्दा दिमागले आराम पाउँछ र नयाँ कुरा सोच्न सक्ने छ । आफ्ना बेलाका विद्यालय र त्यहाँ गरिने क्रियाकलापहरू पनि अहिले कथा जस्तै हुन सक्छन् । ती कुराहरू पनि सुनाउन सक्छौं । हामी त यस्ता थियौं । हाम्रो पालामा यस्तो उस्तो थियो । तिमीहरू त त्यस्तो हुन सकेनौं भन्ने जस्ता तुलना गरिने कुराहरूबाट चाहिं केही अलग्गै बस्नु पर्ने हुन्छ । नकरात्मक तुलनाचाहिं कहिले पनि गर्नु हुँदैन भनेर हामीले दिमागमा राख्नुपर्छ । उनीहरूलाई विभिन्न खालका कथाहरू सुनाउन सकिन्छ । अनि, उनीहरूले सुनेका वा पढेका वा लेखेका कथाहरू पनि हामी अभिभावकले सुन्नुपर्छ ।

उनीहरूसँग शिक्षक र विद्यार्थी खेल पनि खेल्न सकिन्छ । घरभित्र खेलिने वा आँगनमा खेलिने विभिन्न खेलहरू पनि खेल्न सकिन्छ । विभिन्न हाँसो लाग्दा वा अचम्मका कुराहरू गरेर पनि उनीहरूका मानसिक थकानलाई मेटाउन सकिन्छ । अहिलेको समयमा अभिभावक भनेका बालबालिकाका शिक्षक हुन्, साथीभाइ हुन्, उनीहरूका मन खोल्न सक्ने नजिकका प्रिय मानिस आदि सबैथोक हुन् । यसैले उनीहरूलाई ती सबै चिजको अभावबाट हामीले मुक्त राख्न कोसिस गरिरहनुपर्छ ।

हामी बालबालिकासँगै बसेर हाम्रा रीतिरिवाज, चालचलन, संस्कार, संस्कृतिका कुरा गर्न सक्छौं । बाजेबजैका कुराहरू गर्न सक्छौं । दोहोरी वा अन्ताक्षरी खेल्न सक्छौं । आफ्ना घरका कामहरूमा उनीहरूलाई पनि सहभागी गराउँदा राम्रो नै हुन्छ । उनीहरूले गर्न सक्ने र चासो लिने काममा सहकार्य गर्न सक्छौं । बगैंचा छ भने यहाँ डुलाउन सक्छौं र यस बारेमा भन्न सक्छौं । उनीहरूलाई फलफूल रोप्न, गोड्न वा हुर्काउन

सिकाउन सक्छौँ । एउटा मजाको तालिका बनाएर समयको महत्व बुझाउन र यसलाई ख्याल गरेर काम गर्न उत्प्ररित गर्न सक्छौँ । उनीहरूको रमाइलोमा सहभागी हुन सक्छौँ । उनीहरूसँग नाच्न, गाउन, संवाद वा वादविवाद प्रतियोगिता नै गर्न सक्छौँ । दिनदिनै एउटा एउटा विषयलाई लिएर छलफल चलाउन सक्छौँ । ऐना हेरेर अभिनय गर्ने देखि उद्घोषक भएर कार्यक्रम चलाउने कसरी भनेर घरमै अभ्यास गर्न सक्छौँ । आकाशका बादल देखाएर तिनीहरूका आकारप्रकार र स्वरूप बारेमा कुरा गर्न सक्छौँ । उनीहरूलाई चित्र बनाउन लगाउने, नयाँ नयाँ तरिकाले कपडा लगाउन, पट्याउन, सम्हालेर राख्न सहजीकरण गर्न सक्छौँ ।

पाठ्य पुस्तक पढ, पढ अनि अनलाइन परीक्षामा बसेर धेरै अङ्क ल्याऊको नियम फेरि सुरू हुन लागिसकेको छ । बालबालिकाका लागि अनलाइन कक्षा यति नमिठो हुन लागेको छ कि काश्मीरकी एक जना छ वर्षीया बालिका माहिरा इर्फानले भारतका प्रधानमन्त्रीलाई एउटा छोटो भिडियोमार्फत पठाएको सन्दशले त्यहाँ धेरैको होस खुलाई दिएको छ । त्यहाँ अनलाइन कक्षाको स्वरूप नै परिवर्तन गरिएको छ । बालिकाले स्वस्फूर्त रूपमा यतिकै त्यो भिडियो बनाएकी थिइन् । अनलाइन कक्षाले आफूलाई दिएको पीडा त्यो भिडियोमा पोखेकी थिइन्, जुन भिडियो अहिले पनि एकदम भाइरल भइरहको छ । पढ अनि पढको नाममा बालबालिकालाई बोझ थपिरहेका छौँ कि भनेर पनि हामीले समीक्षा गर्नुपर्छ । पाठ्यपुस्तक पढ्नु मात्र सबैथोक होइन । उमेर सुहाउँदा रमाइला कथा, कविता, निबन्ध, कहानी, अभ्यासात्मक, अन्तरक्रियात्मक आदि जस्ता पुस्तकहरूले बालबालिकालाई मनोरञ्जन पनि दिइरहेका हुन्छन् भने पाठ्यपुस्तकका कुराहरू पनि पूरा गरिरहेका हुन्छन् । अब हामी यो तरिका र उपायबाट पो जानु पर्ने हो कि भनेर शिक्षक र अभिभावकलाई अनुरोध पनि गर्दछौँ । यसले एकातिर बालबालिकालाई अल्छी लाग्दो महसुस गराउँदैन भने अर्कोतिर लक्ष्य पनि पूरा गराइरहेको हुन्छ । बालपुस्तकहरू धेरैभन्दा धेरै उपलब्ध गराएर यसैबाट रमाइलो गराउँदै उनीहरूलाई सिकाउँदै जानु पर्दछ भने यस समयमा झन् यो अति उपयुक्त बाटो हो ।

आफूसँग मात्र पुस्तकहरू पर्याप्त मात्रामा नहुन सक्छन् । त्यसैले नजिकनजिकमा साथीहरूसँग किताब साटासाट गरेर पनि अध्ययन गर्न र गराउन सकिन्छ । कोरोनाका कारण

भेटघाट पक्कै पातलो छ । यसबाट सुरक्षित हुने उपाय त अपनाउनैपर्छ । त्यसैले एक साथीले आफ्नो किताबलाई अर्को साथीको ढोकामा लगेर छाड्ने अनि अर्को साथीले उक्त किताब ढोकाबाट लिएर त्यसलाई चारपाँच दिनसम्म अलग्ग राखिछाड्ने । त्यसपछि किताबलाई प्रयोग गर्ने, फेरि यसरी नै अर्के साथीलाई दिने पनि गर्न सकिन्छ । यसमा अभिभावकले सहयोग गर्न सक्नुहुन्छ ।

किताब पढिसकेपछि यस बारेमा समीक्षाहरू लेख्ने, सुन्दर अक्षरमा त्यसका पाठहरूलाई सार्ने, त्यहाँ लेखिएका जस्ता कुराहरू आफैँले लेख्ने, लेखेका कुराहरू साथीभाइलाई सुनाउने, यसका क्रियाकलपाहरू गर्ने, विद्यालयकै वेवसाइट वा पेजहरूमा प्रकाशित गर्ने, विभिन्न अनलाइनहरूमा प्रकाशित गर्ने पनि गर्न सकिन्छ ।

यस्ता विविध रमाइला क्रियाकलापहरूले यो बन्दाबन्दी पनि बालबालिकालाई दिक्क लाग्दो नभई उर्जावान् र सिर्जनशील बनाउन सकिन्छ । यसैबाट उनीहरूले विभिन्न सिपहरू सिकेर जीवनमा लागु गर्न सक्नेछन् । ♦




**नेपाली व्याकरण पढाउँदै एक शिक्षिका**

**शिक्षिका :-** भन त निरू नेपाली व्याकरणमा क्रिया र कालको के सम्बन्ध छ ?

**निरू :-** मिस ! काल आए पछि मात्र क्रिया गरिन्छ । अर्को कुरा कालले मान्छे खान्छ तर मान्छेले क्रिया खान्छ ।

♦ ♦ ♦

**गर्लफ्रेन्ड :-** म फेल हुन चाहन्छु ।

**ब्वाइफ्रेण्ड :-** किन नि ?

**गर्लफ्रेन्ड :-** ड्याडीले म फस्ट भए भने कार किनिदन्छु, सेकेन्ड भए भने ल्यापटप किनिदिन्छु, अनि फेल भए भने बिहे गरिदिन्छु भन्नुभएको छ क्या ? ♦ ♦ ♦

**सँगै जान्छु** ।

**पति :-** (रिसाउँदै) अहिलेसम्म खाना पाकेको छैन ? म बाहिरै खान्छु मेरो लागि नपकाउनु ।

**पत्निः-** केवल पाँच मिनेट त पर्खिनुहोस् ।

**पतिः-** किन पाँच मिनेटमा तयार हुन्छ ।

**पत्नि :-** होइन, म पनि तयार हुन्छु , तपाईसँगै जान ।

**सङ्कलनः- प्र.ह.शरणजंग भण्डारी**

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३४ साल अङ्क,३ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित प्रहरी नायब उपरीक्षक गोविन्द कृष्ण श्रेष्ठद्वारा लिखित **'टुकुचे र प्रहरी : एक संस्मरण'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

– *सम्पादक*

(एउटा सिंगो, शौर्य, सत्य र उज्ज्वल गौरवमय पाना रहेको प्रहरीको इतिहासको स्वर्णांकित परिच्छेद गत साल आश्विन १६ गते राजभक्त बहादुर प्रहरीहरूले देखाएका थिए । प्रहरीले विजय पताका हिमाली टाकुरा टुकुचे हिमालमा फर्फराएको विरोचित तथ्यलाई प्रष्ट पार्न अधिकारिक रूपको लेख कतिपय कारणले प्रस्तुत गर्न सकेका थिएनौं तर एक वर्ष पुरा भएकै दिन हुलाक विभागको सौजन्यताले टुकुचे हिमालको संस्मरणात्मक टिकट प्रकाशित भएको आश्विन १६ गते नै प्रहरीको हिमाल अभियानको महत्व बुझाउने लेख प्राप्त गरी यस अंकमा राख्ने गौरवता पनि "प्रहरी" लाई प्रप्त भएकोमा अति नै हर्षित छौं ।-सं.)

सन्ध्या समय, दिनको अवसान । लागिरहेको थियो त्यो दिनको त्यस बेला-मेरो पनि समाप्ति तन्निकट छ । पानी बिनाको माछो, घरि उफ्रदै जमीनमा आफ्नै शरीरलाई पछार्दैछु त घरि प्वाक प्वाक मुख बाई छटपटाई रहेको छु । अव्यक्त मानसिक सन्तापको आगो लागेको आज ४ दिन भैसक्यो तर यो आगो आज पुर्ण बिन्दुमा पुग्ला जस्तो छ, चरमसीमामा ।

---

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स २०७५ असोज १३ गते जिल्ला प्रहरी कार्यलय, मुस्ताङ्गको कार्यालय भवनको समुद्घाटन भएको थियो ।
- वि.स २०७६ भदौ ३ गते संघिय प्रहरी इकाई कार्यालय पोखराको भवनको समुद्घाटन भएको थियो ।
- वि.स २०७५ चैत्र २६ गते प्रहरी युक्ति तालिम महाविद्यालय जर्गाह नवलपरासीको समुद्घाटन भएको थियो ।
- वि.स २०७५ फगुन १३ गते प्रहरी प्रधान कार्यालय, मानवश्रोत एवं प्रशासन विभागको समुद्घाटन भएको थियो ।

**सङ्कलन:प्र.ना.नि. संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**शान्ति पुन (परिवर्तित नाम) विरूद्ध धर्म बहादुर मल्ल, मुद्धा- जबरजस्ती करणी (ने. का.प. २०७६, अंक ९, नि.नं. १०३४३)**

After thought को तर्कलाई अन्य प्रमाणहरूको अवस्था, पीडितको परिस्थिति तथा पीडितले आरोपीहरूलाई फसाउने मनसाय पर्याप्त रूपमा विद्यमान छ छैन भन्ने तत्वहरूसँग तुलना गरेर हेर्नु पर्दछ । मूलतः after thought का तत्वहरूमा तथा कथित पीडितको आरोपी व्यक्तिलाई सताउने वा फसाउने मनसाय भएको तथ्य र प्रमाणबाट पुष्टि हुनु पर्ने । After thought मा समयको अन्तराल महत्वपूर्ण होइन, सो अन्तरालमा पहिले परिसकेको जाहेरी वा तथ्य वा कुरामा फरक वा असर पर्ने गरी पछि फसाउने मनसायसहित अर्कै बेहोराको जाहेरी वा विचार वा कुरा आएको हुनुपर्छ । त्यसमा व्यक्तिले द्वेषपूर्ण तरिकाले कसैसँग बदला लिने वा फसाउने मनसाय देखिनु पर्छ र त्यसको पछाडि कुनै जरिया हुनु आवश्यक हुने ।

**तेज बहादुर रोकाया समेत विरूद्ध नेपाल सरकार, मुद्धा- कर्तव्य ज्यान (ने.का.प. २०७७, अंक ५, निर्णय नं.१०४५३)**

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादी उपरको अभियोग दाबी पुष्टि गर्ने प्रमाणको भार वादी नेपाल सरकारमा निहित रहेको र सो बमोजिम अभियोग दाबी बमोजिमको ठोस एवं निश्चयात्मक प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेश हुन नसकेको अवस्थामा फौजदारी न्याय तथा न्यायिक सिद्धान्तको रोहमा शंकाको भरमा प्रतिवादीहरूलाई कसूरदार करार गर्न नमिल्ने ।

**नेपाल सरकार विरूद्ध परीक्षण भन्ने राम परीक्षण ठाकुर, मुद्धा - कर्तव्य ज्यान (ने.का.प.अंक ६, निर्णय नं.१०५२५)**

मृत्यकालिन घोषणाको सम्बन्धमा मृतकले आफ्नो मृत्युको बारेमा मृत्यु हुनुभन्दा अगाडि आधिकारिक रूपमा आफ्ना भनाइहरू राखेको हुनुपर्ने । कुनै आधिकारिक व्यक्तिको रोहवरमा मृतकको भनाइ व्यक्त नभएको र त्यसलाई प्रामाणिक मान्यता दिनुपर्ने आवश्यक रोह रित नपुगेकोमा मृतकले मृत्यु हुनु पूर्व व्यक्त गरेको भनाइले प्रामाणिक मूल्य र मान्यता राख्न नसक्ने ।

**सङ्कलनः प्र.स.नि.जनक आचार्य**